नीअप्र प्रकाशन सङ्ख्या १०७

नेपाली अर्थतन्त्रका केही बहुआयामिक क्षेत्रहरूको विश्लेषण

(पूर्वाधार निर्माण, कृषि, उद्योग, पर्यटन तथा सार्वजनिक सेवाप्रवाह)

सोचपत्र

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

नेपाली अर्थतन्त्रका केही बहुआयामिक क्षेत्रहरूको विश्लेषण

(पूर्वाधार निर्माण, कृषि, उद्योग, पर्यटन तथा सार्वजनिक सेवाप्रवाह)

सोचपत्र

कृष्णहरि बाँस्कोटा

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

नीअप्र सोचपत्र सङ्ख्या: ००९

ISBN: 978-9937-9911-1-7 (Print)

ISBN: 978-9937-9911-2-4 (Electronic)

यस प्रकाशनमा अभिव्यक्त विचारहरू सम्बद्ध लेखकका हुन् । तिनले नीति अनुसन्धान प्रतिष्ठानका विचार र दृष्टिकोणको प्रतिनिधित्व गर्छन् नै भन्ने छैन ।

सर्वाधिकार © नीति अनुसन्धान प्रतिष्ठान, २०८२

यस प्रतिवेदनको कुनै पनि अंश नीति अनुसन्धान प्रतिष्ठानको लिखित स्वीकृतिविना व्यापारिक प्रयोजनका लागि पुनरूत्पादन, पुन:प्रकाशन, अनुलिपि यन्त्र वा त्यस्तै अन्य यन्त्रहरूमा सञ्चयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्तै कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन ।

उद्धरणका लागि : बाँस्कोटा, कृष्णहरि । (२०८२) । नेपाली अर्थतन्त्रका केही बहुआयामिक क्षेत्रहरूको विश्लेषण: पूर्वाधार निर्माण, कृषि, उद्योग, पर्यटन तथा सार्वजनिक सेवाप्रवाह । नीति अनुसन्धान प्रतिष्ठान ।

लेआउट : सुविन उलक

प्रकाशन मिति : भदौ २०८२

प्रकाशन प्रति : ३००

नीति अनुसन्धान प्रतिष्ठान

नारायणहिटी, काठमाडौँ, नेपाल

इमेल: info@pri.gov.np

वेब: www.pri.gov.np

फोन: +९७७-१-४५३०५१७/४५३४९७९

प्राक्कथन

नेपालको समसामयिक आर्थिक अवस्था, समस्या, अर्थतन्त्रका विद्यमान चुनौती र सुधारका सम्भावनाहरूको समीक्षा गर्दै यो सोचपत्र तयार भएको हो। यस सोचपत्रले नेपाली अर्थतन्त्रको वर्तमान स्थिति, संरचनागत कमजोरीहरू, सुधारका सम्भावनाहरू र आर्थिक पुनर्संरचनाका लागि आवश्यक सम्भावित रणनीतिहरूको बारेमा वैचारिक दृष्टिकोण दिने प्रयास गरेको छ।

वि.सं. २०७२ सालको महाभूकम्प, कोभिड-१९ महामारी र त्यसपछि आएका बाढी पहिरो लगायतका अन्य प्राकृतिक प्रकोपले गरेको विनाशका साथै जनशक्ति पलायन, सार्वजनिक ऋण र व्यापार घाटामा वृद्धि, सङ्घीय संरचनामा बढेको आर्थिक भार र आर्थिक उत्तरदायित्वको अभाव लगायतका अन्य थुप्रै समस्याहरूबाट नेपालको अर्थतन्त्र गुज्रिरहेको छ। यस परिदृश्यमा, अर्थतन्त्रमा सुधार र दिगो विकासका लागि विकास नीतिहरूको पुनरावलोकन आवश्यक देखिएकाले तिनको पुनर्संरचना गर्नुपर्ने देखिन्छ। यसका लागि विभिन्न विज्ञ र सम्बद्ध क्षेत्रहरूबाट आर्थिक परिवर्तनका नयाँ दृष्टिकोणहरू आउनुपर्ने र ती दृष्टिकोणहरूलाई समावेश गरेर नयाँ आर्थिक खाका कोर्नुपर्ने हुन्छ। राज्यको समग्र आर्थिक मानचित्रको गम्भीर अध्ययन गरी तयार पारिएको दस्तावेजले मात्र उक्त दृष्टिकोण प्रदान गर्न सक्दछ। त्यसैले, आर्थिक पुनर्संरचनाको संघारमा विस्तृत अध्ययन, विवेचना, र कार्यान्वयनयोग्य नीतिगत तथा संरचनागत सिफारिसहरूको आवश्यकता देखिएको सन्दर्भमा यो सोचपत्र तयार गरिएको हो।

सरकारको बजेट तथा कार्यक्रमहरूको समीक्षा, वैदेशिक व्यापार र वित्तीय व्यवस्थाको मूल्याङ्कन र कोभिड-१९ पछिको अर्थतन्त्र, कुल गार्हस्थ उत्पादनको वृद्धि लगायतका समसामयिक राष्ट्रिय प्राथमिकताका विषयहरूको अध्ययनबाट प्राप्त तथ्याङ्क र विवरण यसमा समावेश छन्। नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय लगायतका राष्ट्रिय स्रोत र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्रकाशित उपलब्ध तथ्याङ्कको पनि यसमा प्रयोग गरिएको छ। साथै, नीति निर्माण तहमा कार्यरत सम्बद्ध विज्ञ तथा कर्मचारीहरूसँग अनौपचारिक छलफलबाट आएका निष्कर्षलाई पनि समावेश गरिएको छ।

यस सोचपत्रको मस्यौदा २०७९/८० मा गरिएको तर आवश्यक सम्पादनपश्चात् प्रकाशन कार्य २०८२ मा मात्र भएको हुँदा प्रतिवेदनले मुख्य गरी वर्ष २०७९/८० सम्मको परिवेश र तथ्याङ्कलाई मात्र समेटेको छ। यो प्रतिवेदन पूर्णतः अनुसन्धानमूलक नभएकाले कतिपय खण्डमा लेखकका विचार तथा अनुभवले पनि प्रधानता पाएको पनि हुन सक्दछ। साथै, यस अध्ययनले सरकारको पुँजिगत खर्चमा वृद्धि हुन नसक्नुका कारणहरू, समस्यामा परेको सहकारी क्षेत्रको पुनरुत्थान र सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौतीहरूको विश्लेषणजस्ता विषयवस्तुहरूलाई समेट्न सकेको छैन। यी विषयहरू अध्ययनका महत्त्वपूर्ण पक्षहरू भएकाले प्रतिष्ठानले यी विषयहरूमा पनि निकट भविष्यमा छुट्टै अध्ययन गर्ने नै छ।

प्रा.डा. लेखनाथ शर्मा
कार्यकारी अध्यक्ष
भदौ २०८२

कृतज्ञता

यो सोचपत्र आम पाठकहरूमाझ आउन लागेको यस अवसरमा नीति अनुसन्धान प्रतिष्ठान सर्वप्रथम यसका लेखक कृष्णहरि बाँस्कोटाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । सोचपत्रको आवश्यक परिमार्जन गर्नुहुने प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्मा धन्यवादका पात्र हुनुहुन्छ । साथै, यस सोचपत्रमा समेटिनुपर्ने तर समय अभाव र बजेट समेतका कारणले समेटिन नसकेका विषयहरूलाई सीमाको रूपमा औंल्याइदिनुहुने नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (बोर्ड) सदस्य डा. पुष्पराज राजकर्णिकारप्रति प्रतिष्ठान आभारी छ ।

मस्यौदा प्रतिवेदनको समीक्षा गरी सुधारका लागि मार्गदर्शन गर्नुहुने प्रतिष्ठानको प्रकाशन पुनरावलोकन तथा सिफारिस समितिका संयोजक तथा वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपाने एवम् समितिका सदस्यहरू वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारी र सहअनुसन्धानकर्ता गोपाल आचार्यप्रति प्रतिष्ठान कृतज्ञ छ ।

यसैगरी, प्रतिष्ठानका विश्लेषक सोनिया बस्याल र सहअनुसन्धानकर्ता दिपेन्द्र प्रसाद पन्त (प्रकाशन पुनरावलोकन तथा सिफारिस समिति सदस्य तथा भाषा सम्पादन), र वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्मा (भाषा सम्पादन) धन्यवादका पात्र हुनुहुन्छ ।

पुस्तकको आकर्षक लेआउट/डिजाइनका लागि ग्राफिक्स डिजाइनर सुविन उलकप्रति प्रतिष्ठान विशेष आभारी छ ।

विषय सूची

प्राक्कथन i

कृतज्ञता iii

खण्ड एक

समग्र अर्थतन्त्रको वर्तमान अवस्था र सुधारका सम्भावनाहरू **१**

१.१ कुल गार्हस्थ उत्पादन १

१.२ अर्थतन्त्र निर्माणका क्षेत्रहरू ३

खण्ड दुई

अर्थतन्त्र सुधारका लागि भएका पहलहरू **१९**

२.१ उदारीकरण, नीतिगत सुधार र निजी क्षेत्रको प्रवर्धन १९

२.२ योजनाबद्ध विकासका कार्यक्रम २१

२.३ दिगो आर्थिक विकासको पहल २४

२.४ राष्ट्रिय गौरवका आयोजनाहरूको घोषणा र कार्यान्वयन २५

२.५ अन्य नीतिगत पहलहरू २६

२.६ तीन तहका सरकारको भूमिका र उत्तरदायित्व २७

२.७ कोभिड-१९ महामारीले सिर्जना गरेका चुनौती र अवसर २७

खण्ड तीन

विकास पूर्वाधारको अवस्था र आवश्यक सुधार **३१**

३.१ सडक ३१

३.२ जलविद्युत ३३

३.३ सिँचाइ ४१

३.४ उद्योग ४४

खण्ड चार

अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको अवस्था र आवश्यक सुधार **५१**

४.१ कृषि ५१

४.२ पर्यटन ६१

४.३ स्वास्थ्य ६७
४.४ शिक्षा ७४
४.५ सामाजिक सुरक्षा ८२
४.६ सार्वजनिक सेवा/सेवाप्रवाह ८६

खण्ड पाँच
निष्कर्ष तथा सिफारिसहरू ८९

५.१ निष्कर्ष ८९
५.२ नीतिगत सिफारिसहरू ९१
५.३ नीति अनुसन्धान प्रतिष्ठानले खेल्नुपर्ने भूमिकासम्बन्धी सुझाव ९९

सन्दर्भ सामग्री १०१

तालिकाहरूको सूची

तालिका १: कुल गार्हस्थ उत्पादनको संरचना (आ.व. २०६९/७० देखि २०७९/८० सम्म) २

तालिका २: सरकारी राजस्व सङ्कलनको अवस्था (आ.व. २०७७/७८ देखि २०७९/८० सम्म) ४

तालिका ३: व्यापार सन्तुलनको अवस्था (आ.व. २०६९/७० देखि २०७९/८० सम्म) ५

तालिका ४: आ.व. २०७८/७९ मा निर्यात गरिएका कृषिजन्य उत्पादनको विवरण र त्यसको नेपाली मूल्य ९

तालिका ५: आ.व. २०७८/७९ मा आयात गरिएका मुख्य-मुख्य वैदेशिक उत्पादन र त्यसको नेपाली मूल्य १०

तालिका ६: पहिचान गरिएका र सम्भावना भएका औद्योगिक तथा कृषिजन्य उत्पादनका क्षेत्रहरू ११

तालिका ७: पन्ध्रौं योजना, सोह्रौं योजना, र दीर्घकालीन सोचका तुलनात्मक लक्ष्यहरू २३

तालिका ८: प्रदेशगत रूपमा विद्युत् उत्पादनको सम्भावना ३६

तालिका ९: पछिल्लो पाँच वर्षको अवधिमा शिक्षा क्षेत्रका लागि विनियोजित बजेटको विवरण (ने.रु. करोडमा) ७७

चित्रहरूको सूची

चित्र १: आ.व. २०६९/७० देखि २०७९/८० को अवधिमा हासिल कुल गार्हस्थ उत्पादन १

चित्र २: आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको अन्तर्राष्ट्रिय व्यापार ६

चित्र ३: नेपालको भारत, चीन र अन्य देशहरूसँग भएको आयात तथा निर्यातको प्रवृत्ति ७

चित्र ४: नेपालको व्यापार घाटाको प्रवृत्ति (आ.व २०७७/७८ देखि २०७९/८० सम्म) ८

चित्र ५: नेपालमा पर्यटकको आगमनको माध्यम, सङ्ख्या (हजारमा) र औसत बस्ने दिन ६१

खण्ड एक

समग्र अर्थतन्त्रको वर्तमान अवस्था र सुधारका सम्भावनाहरू

१.१ कुल गार्हस्थ उत्पादन

अर्थतन्त्रलाई कुनै पनि मुलुकको मेरुदण्डको रूपमा लिइन्छ । राज्यले उत्पादनका हरेक क्षेत्रहरूलाई चलायमान बनाएको छ वा छैन भन्ने कुरा त्यस मुलुकको अर्थतन्त्रको स्तरमा निर्भर रहेको हुन्छ । विगत लामो समयदेखि नेपाली समाजको समग्र प्रयास अर्थतन्त्रको निर्माण भन्दा पनि राजनीतिक व्यवस्थाको निर्माणमै केन्द्रित रहेको थियो । त्यसकारण, हामीले अर्थतन्त्रमा आशातित सफलता हासिल गर्न सकेनौं । उत्पादनका क्षेत्रलाई चलायमान बनाउन नसक्दा हाम्रो कुल गार्हस्थ उत्पादनको वृद्धिदर न्यून रहन गयो ।

विगत १० वर्षमा नेपालको कुल गार्हस्थ उत्पादनको वार्षिक औसत वृद्धिदर ४.११ प्रतिशत रहेको देखिन्छ। २०६९/७० देखि २०७९/८० सम्मको अवधिमा नेपालको कुल गार्हस्थ उत्पादन वृद्धिदरको प्रवृत्ति रेखामा (trend line) निकै उतारचढाव आएको देखिन्छ (चित्र १) । आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ उत्पादनको वृद्धिदर सबैभन्दा बढी अर्थात् ८.५९ प्रतिशत थियो भने आर्थिक वर्ष २०७६/७७ मा ऋणात्मक अर्थात -२.४२ प्रतिशत भएको देखिन्छ । यसले अर्थतन्त्रको जग निर्माण गर्नका लागि स्थायित्व र पुँजी परिचालन महत्त्वपूर्ण पक्ष हुन् भन्ने प्रमाणित गर्दछ । पुँजी परिचालनको अभावमा अर्थतन्त्रका क्षेत्रहरू चलायमान हुँदैनन्, जसको अभावमा उत्पादन वृद्धि गर्न सकिन्न ।

चित्र १: आ.व. २०६९/७० देखि २०७९/८० को अवधिमा हासिल कुल गार्हस्थ उत्पादन (प्रतिशत, आधारभूत मूल्यमा)



स्रोत: नेपाल राष्ट्र बैंक (२०८०)

राजनैतिक अस्थिरता र चरम ऊर्जा सङ्कट, २०७२ सालको विनाशकारी भूकम्प र आपूर्तिमा भएको अवरोध लगायतका कारणले आ.व. २०६७/६८ देखि २०७२/७३ सम्म कुल गार्हस्थ उत्पादनको अपेक्षाकृत रूपमा वृद्धि हुन सकेको थिएन । आ.व. २०७३/७४ देखि २०७५/७६ सम्मको अवधिमा भने अनुकूल मौसम, निर्माण कार्यमा आएको तीव्रता, पर्यटक आगमनमा भएको वृद्धि तथा व्यावसायिक वातावरणमा आएको सुधारका कारण कुल गार्हस्थ उत्पादनको वृद्धिदर केही उत्साहजनक रह्यो । तर, यो वृद्धिदर दिगो रहन सकेन । विश्वव्यापी रूपमा फैलिएको सङ्क्रामक रोग कोभिड-१९ का कारण समग्र अर्थतन्त्र प्रभावित भएको थियो । महामारीको असर सरकारको राजस्व परिचालन तथा पुँजीगत खर्च र बैंकिङ क्षेत्रको कर्जा लगानीमा कम भएको एवम् आर्थिक गतिविधिमा शिथिलता आएको कारण आ.व. २०७६/७७ मा आर्थिक वृद्धिदर ऋणात्मक भएको अनुमान गरिएको थियो ।

राजनीतिक अस्थिरता, विकास निर्माणका कार्यहरूमा आइपर्ने विभिन्न व्यवधान र लक्ष्य अनुसार पुँजीगत खर्च गर्न नसक्नु, पारदर्शिता र जबाफदेहिताको अभाव र वैदेशिक व्यापारमा क्रमिक रूपमा घट्दै गएको निर्यातको अंश तथा उत्पादनशील क्षेत्र विशेष गरी प्राथमिक तथा औद्योगिक क्षेत्रको कमजोर उत्पादकत्व आदि हाम्रो अर्थतन्त्रका प्रमुख समस्याहरू हुन् ।

विगत केही वर्षदेखि कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान बढ्दै गएको र कृषि क्षेत्रको योगदान कम हुँदै गएको छ । कृषि पेसामा संलग्न जनसङ्ख्याको प्रतिशत उच्च छ, तर जमिन तथा श्रमको उत्पादकत्व न्यून छ । जसको कारण कृषि पेसाबाट न्यूनतम बचत सिर्जना नभएकाले कृषिप्रति युवाहरूको आकर्षण क्रमशः घट्दै गएको छ । यस यथार्थलाई आत्मसात् गरेर वन, जमिन तथा कृषि श्रम र अन्य उत्पादनका साधनहरूको उत्पादकत्व बढाउने गरी नीतिगत व्यवस्था गर्न ढिला गर्नु हुँदैन । यसले कृषि, मत्स्य तथा वन क्षेत्रको व्यावसायीककरण गर्न प्रेरित गर्नुका साथै आयात प्रतिस्थापन र थप कृषिजन्य वस्तुको उत्पादन हुने हुँदा कृषिजन्य उद्योग प्रवर्धन गर्न समेत टेवा मिल्ने भएकाले कृषि क्षेत्रले द्वितीय क्षेत्रको विकास गर्न समेत नेतृत्वदायी भूमिका खेल्न सक्छ ।

तालिका १: कुल गार्हस्थ उत्पादनको संरचना (आ.व. २०६९/७० देखि २०७९/८० सम्म)

आ.व.	कुल गार्हस्थ उत्पादनसँगको अनुपात								
	कृषि	उद्योग	सेवा	कुल उपभोग	कुल पुँजी निर्माण	कुल गार्हस्थ बचत	कुल राष्ट्रिय बचत	निर्यात	आयात
०६९/७०	३१.९९	१४.५४	५३.४७	९१.८२	२४.७३	८.१८	३४.३८	९.२९	३२.५७
०७०/७१	३०.९१	१४.३८	५४.७१	९०.६४	२५.२५	९.३६	३९.१२	१०.१२	३५.८६
०७१/७२	२९.२८	१४.०१	५६.०२	९२.३७	२७.५५	७.६३	३८.३३	१०.२१	३६.४५
०७२/७३	२९.०१	१३.५२	५७.४८	९६.३६	२८.७१	३.६४	३४.७८	८.१८	३३.९४

आ.व.	कुल गार्हस्थ उत्पादनसँगको अनुपात								
	कृषि	उद्योग	सेवा	कुल उपभोग	कुल पुँजी निर्माण	कुल गार्हस्थ बचत	कुल राष्ट्रिय बचत	निर्यात	आयात
०७३/७४	२७.३८	१३.९७	५८.६५	८७.०२	३०.५८	१२.९८	४१.६७	७.८१	३६.८३
०७४/७५	२६.२५	१४.५४	५९.२१	८५.२१	३२.४३	१४.७९	४०.४७	७.८२	४०.६३
०७५/७६	२५.५८	१४.३६	६०.०६	८४.७०	३३.८२	१५.३०	४२.१२	७.७८	४१.४७
०७६/७७	२५.७५	१३.०७	६१.१८	९४.२८	३०.४७	५.७२	३२.१६	६.८१	३४.११
०७७/७८	२६.३५	१३.२७	६०.३८	९३.६३	२९.३४	६.३७	३१.५२	५.१२	३७.९३
०७८/७९	२५.००	१३.७०	६१.३०	९३.४२	२८.९८	६.५८	२९.६३	६.७०	४२.२७
०७९/८०	२४.४२	१३.१०	६२.४८	९२.५९	२५.०८	७.४१	३३.७९	६.९६	३४.६८

स्रोत. नेपाल राष्ट्र बैंक (२०८०)

कृषि क्षेत्रमा संलग्न जनसङ्ख्याको प्रतिशतको आधारमा कृषि क्षेत्रको उत्पादन वृद्धि गर्ने नीति तथा कार्ययोजना ल्याउनु पर्छ । यस नीतिगत व्यवस्थाले ग्रामीण तथा कृषि पर्यावरणीय प्रणालीमा निर्भर जनसङ्ख्याको ठुलो हिस्साको आयस्तर वृद्धि गर्न प्रेरित गर्नुका साथै ग्रामीण अर्थतन्त्रको रूपान्तरण र कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको मौद्रिक योगदान दिगो राख्न टेवा पुग्छ। फलस्वरूप, कुल गार्हस्थ उत्पादनमा वृद्धि हुनुका साथै खाद्यान्न आयातमा बाहिरिरहेको ठुलो धनराशिलाई स्वदेशकै अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिने र रोजगारका अवसरहरू समेत सिर्जना हुने भएकाले युवाहरू वैदेशिक रोजगारका लागि बाहिरिने क्रमसमेत निरुत्साहित हुन्छ । विगत केही वर्षदेखि विप्रेषण आप्रवाहमा भएको वृद्धिसँगै कुल राष्ट्रिय बचतमा समेत वृद्धि हुँदै गएको छ। यसले कुल आय बढेसँगै उपभोगमा कमी र बचतमा वृद्धि हुँदै गएको देखिन्छ (तालिका १)। यसर्थ, हामीले कृषि, उद्योग लगायत आन्तरिक उत्पादनमा जोड नदिने हो भने राष्ट्रिय बचतमा उतारचढाव आउनुका साथै हाम्रो अर्थतन्त्र विप्रेषण आयमा निर्भर हुने भएकाले देशको समग्र अर्थतन्त्र जोखिममा पर्न सक्छ।

१.२ अर्थतन्त्र निर्माणका क्षेत्रहरू

१.२.१ राजस्व

विगत वर्षहरूमा करका आधार तथा दायरामा विस्तार भएको देखिन्छ। व्यावसायिक, व्यक्तिगत र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर समेत गरी २०७९ असार मसान्तसम्ममा स्थायी लेखा नम्बर लिने करदाताहरूको सङ्ख्या ४८ लाख ३० हजार ८ सय ११ रहेको देखिन्छ भने २०७९ फागुन मसान्तमा यस्तो सङ्ख्या ५३ लाख ४१ हजार १ सय ७८ पुगेको छ। यसैगरी, २०७९ को असार

मसान्तदेखि १६ हजार ७९ नयाँ करदाताहरू थप भई २०७९ फागुन मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूको सङ्ख्या ३ लाख ७ हजार ७ सय १० पुगेको छ । २०७९ फागुन मसान्त सम्ममा अन्तःशुल्कमा दर्ता हुने करदाताहरूको सङ्ख्या १ लाख २० हजार २ सय ९२ रहेको छ। स्थायी लेखा नम्बर लिने करदाताहरूको वृद्धिसँगै राजस्वमा आय करको योगदान वृद्धि हुँदै गएको देखिन्छ । यसको विपरीत, सङ्क्रामक रोग कोभिड-१९ का कारण आर्थिक क्रियाकलापमा कमी आई अन्य अप्रत्यक्ष कर (मूल्य अभिवृद्धि कर, भन्सार र अन्तःशुल्क) मा भने कमी आएको छ (तालिका-२) ।

तालिका २: सरकारी राजस्व सङ्कलनको अवस्था (आ.व. २०७७/७८ देखि २०७९/८० सम्म)

शीर्षक	आ.व						
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७८/७९	२०७९/८०	२०७८/७९	२०७९/८०
	रु. १० लाखमा			प्रतिशत परिवर्तन		कर संरचना	
मूल्य अभिवृद्धि कर	२,८२,०१९	३,१४,२७९	२,८६,१९८	११.४	-८.९	२८.२	२८.३
भन्सार	२,२३,८६२	२,४२,०३०	१,८२,५३१	८.१	-२४.६	२१.७	१८.१
आयकर	२,३०,०७७	२,५९,९९०	२,५१,८१९	१३.०	-३.१	२३.३	२४.९
अन्तःशुल्क	१,३३,७८०	१,६६,७९०	१,४३,०६८	२४.७	-१४.२	१५.०	१४.२
शिक्षा कर	३६८	१२४१	२,००३	२३७.२	६१.४	०.१	०.२
गैर कर	६८,२१४	८१,०१०	९१,५३४	१८.८	१३.०	७.३	९.१
अन्य प्राप्ति (receipts)	४०,४३३	४८,५००	५३,२४१	२०.०	९.८	४.४	५.३
कुल राजस्व	९,७८,७५४	११,१३,८४०	१०,१०,३९४	१३.८	-९.३	१००	१००

स्रोत: नेपाल राष्ट्र बैंक (२०८०)

अर्थतन्त्र निर्माणका दुई वटा पाटा हुन्छन् । पहिलो, राजस्व असुलीमा सुधार र दोस्रो, विकास निर्माणमा स्रोत व्यवस्थापन । यस प्रयोजनका लागि सरकारका विद्यमान ऐन, कानुन, नीति वा संरचनात्मक सुधारका लागि समीक्षा तथा आवश्यक पहल लिन जरुरी छ । राजस्व असुलीको विद्यमान अवस्थालाई हेर्दा यसमा व्यापक सुधारको आवश्यकता देखिन्छ । राजस्व असुलीमा हुने दृश्य-अदृश्य चुहावटले आर्थिक अपराधीकरणको जोखिमलाई बढाउने हुँदा यसको नियन्त्रण तथा नियमनका लागि प्रभावकारी कदम चाल्नु पर्छ । निजी क्षेत्रलाई विश्वासमा नलिइकन राजस्व चुहावटमा भइरहेको अनियमिततालाई नियन्त्रण तथा नियमन गर्न सकिन्न । त्यसकारण, राज्यले निजी क्षेत्रलाई विश्वासमा लिनु पर्दछ । हाल सरकारले निर्धारण गरेको राजस्व असुली प्रणालीभित्र थुप्रै छिद्रहरू विद्यमान छन् । त्यस्ता छिद्रहरूलाई टाल्न सरकार एक्लैको प्रयासबाट सम्भव नहुने भएको हुँदा यसमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ । साथै, सरकारले निर्धारण गरे अनुसार राजस्व तिरिरहेका निजी क्षेत्रमा राज्यले अनावश्यक रूपमा करको भार थोपर्ने कार्य पनि गर्नु हुँदैन ।

कर तिर्न र तिरेको करको निस्सा लिन झन्झटिलो हुने आमधारणा रहेको छ । त्यसैले, कर असुली प्रक्रियालाई उपभोक्तामैत्री बनाउन कर प्रणालीमा दर्ता भएका सबै करदाताले कर तिर्ने सूचना अग्रीम प्रेषित हुने, डिजिटल प्रणाली मार्फत सोझै भुक्तानी गर्न सकिने तथा भुक्तानी गरेको रकमको निस्सा तुरुन्त प्राप्त हुने एप विकास गर्न सके कर असुली प्रक्रियामा ढिला हुँदैन । यसले कुनै करदाताको करसम्बन्धी फरफारक गर्नुपर्ने भए सम्बन्धित करदाताको पहिचान गर्न र समस्या समाधान गर्न समेत सघाउ पुग्दछ । यसका साथै, कुनै करदाताले आफूले तिर्नुपर्ने सम्बन्धित वर्षको करको रकमभन्दा बढी तिरेको भए सो बढी तिरेको रकम आगामी आ.व. मा सजिलै मिलान गर्न सकिने व्यवस्था समेत हुन आवश्यक छ ।

१.२.२ वैदेशिक व्यापार

१.२.२.१ वैदेशिक व्यापारको वर्तमान अवस्था

वैदेशिक व्यापार अर्थतन्त्र निर्माणको एक महत्त्वपूर्ण पाटो हो भने नेपालको सन्दर्भमा विप्रेषणले अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा ओगेटेको छ । अर्थात्, विप्रेषण आयातमूलक वैदेशिक व्यापारको एक हिस्सा नै बनेको छ । विगत १० वर्षदेखि विप्रेषण आप्रवाहमा वृद्धि भएसँगै आयात बढ्दै गएको देखिन्छ । विगत १० वर्षमा विप्रेषण आय औसतमा कुल गार्हस्थ उत्पादनको करिब २३ प्रतिशत रहेको छ । जसका कारण विगत १० वर्षको देशको वैदेशिक व्यापार घाटा औसतमा प्रतिवर्ष कुल गार्हस्थ उत्पादनको करिब ३० प्रतिशत रहेको देखिन्छ भने निर्यातको औसत अंश प्रतिवर्ष कुल गार्हस्थ उत्पादनको ३.९१ प्रतिशत मात्र रहेको छ (तालिका ३) ।

तालिका ३: व्यापार सन्तुलनको अवस्था (आ.व. २०६९/७० देखि २०७९/८० सम्म)

आ.व.	कुल गार्हस्थ उत्पादनसँगको अनुपात (प्रतिशत)			
	निर्यात	आयात	व्यापार सन्तुलन	विप्रेषण आय
२०६९/७०	३.९५	२८.५६	२४.६२	२२.३
२०७०/७१	४.१२	३२	२७.८८	२४.३४
२०७१/७२	३.५२	३१.९६	२८.४४	२५.४७
२०७२/७३	२.६९	२९.६६	२६.९७	२५.५
२०७३/७४	२.३७	३२.९८	२९.८	२२.६
२०७४/७५	२.३५	३६.०३	३३.६७	२१.८५
२०७५/७६	२.५२	३६.७६	३४.२४	२२.७९
२०७६/७७	२.५१	३०.७८	२८.२६	२२.५

आ.व.	कुल गार्हस्थ उत्पादनसँगको अनुपात (प्रतिशत)			
	निर्यात	आयात	व्यापार सन्तुलन	विप्रेषण आय
२०७७/७८	३.२४	३५.३८	३२.१४	२२.०८
२०७८/७९	४.०५	३८.९३	३४.८७	२०.४२
२०७९/८०	२.९२	२९.९५	२७.०३	२२.६८

स्रोत: अर्थ मन्त्रालय (२०८०)

नेपालको आयात तथा निर्यात दुवै व्यापारको ठुलो परिमाण भारतसँग हुने गरेको छ । आ.व. २०७९/८० मा नेपालको कुल निर्यातको क्रमश: ८०.०७ प्रतिशत भारत, ०.५ प्रतिशत चीन र बाँकी १९.४३ प्रतिशत निर्यात विश्वका अन्य देशसँग भएको थियो (चित्र ३) । त्यसैले, भारतमा हुने आर्थिक क्रियाकलाप एवम् नीतिगत परिवर्तनको प्रत्यक्ष प्रभाव नेपालको अर्थतन्त्रमा पर्नु स्वाभाविक हो । आ.व. २०७९/८० मा नेपालको कुल आयातको क्रमश: ६०.५४ प्रतिशत भारत, १५.०६ प्रतिशत चीन र बाँकी २४.४ प्रतिशत आयात विश्वका अन्य देशबाट भएको थियो (चित्र ३) । पछिल्लो समय चीनबाट हुने आयातमा पनि क्रमिक वृद्धि हुँदै गएको छ । प्रमुख आयातित वस्तुमध्ये पेट्रोलियम पदार्थ, सवारी साधन र त्यसका पाटपुर्जा, कपडा, औषधी, मेशिनरी तथा पाटपुर्जा, सिमेन्ट, एम एस. बिलेटलगायतका वस्तु भारतबाट आयात हुने गरेको देखिन्छ भने सुन, कच्चा ऊन, रासायनिक मल, यातायात उपकरण तथा पार्टपुर्जा, कच्चा पाम तेल, धागो, विद्युतीय सामाग्री, पोलिथिन ग्रानुयल्स लगायतका वस्तु अन्य मुलुकबाट आयात हुने गरेको देखिन्छ ।

चित्र २: आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको अन्तर्राष्ट्रिय व्यापार



स्रोत: नेपाल राष्ट्र बैंक (२०८०)

नेपालको आयातयोग्य वस्तुहरूको तुलनामा निर्यातयोग्य वस्तुहरू नगन्य मात्रामा रहेको देखिन्छ । आ.व. २०७६/७७ देखि २०७८/७९ सम्मको तीन वर्षको कुल आयात तथा निर्यातको तथ्याङ्कको प्रवृत्ति हेर्दा चीनबाट हुने आयात १५.७४ प्रतिशतबाट १५.०६ प्रतिशतमा घटेको छ भने भारतबाट हुने आयात पनि ६३.१ प्रतिशतबाट ६०.५४ प्रतिशतमा झरेको छ। यद्यपि, सोही अवधिमा अन्य देशहरूबाट हुने आयात २१.१६ प्रतिशतबाट २४.४ प्रतिशतमा वृद्धि भएको छ। अर्कोतर्फ, चीन तथा भारतमा हुने निर्यात बढेको छ भने अन्य देशहरूमा हुने निर्यात २९.३८ प्रतिशत विन्दुबाट १९.४३ प्रतिशत विन्दुमा झरेको छ (चित्र ३) । प्रमुख निर्यातित वस्तुमध्ये वनस्पति घ्यू, दन्तमञ्जन, जुट र जुटका सामान, पस्मिना, तामाको तार, दाल, धागो, पोलिष्टर यार्न, अलैंची, अदुवा, पिना, आयुर्वेदिक औषधी, छाला लगायतका वस्तु भारत निर्यात हुने गरेको देखिन्छ भने तयारी पोसाक, ऊनी गलैंचा, पस्मिना, दाल, प्रशोधित तथा तयारी छाला, चाँदीका गरगहना, हस्तकलाका सामान, नेपाली कागज, चिया लगायतका वस्तु अन्य मुलुकतर्फ निर्यात भएको देखिन्छ। नेपालले विशेषगरी हस्तकलाका सामानहरू, पाम आयल, पस्मिना, अलैंचीजस्ता केही उत्पादनहरू निर्यात गर्ने गरेको छ भने आयातित वस्तुहरूको सूची निकै ठुलो हुने गरेको छ ।

चित्र ३: नेपालको भारत, चीन र अन्य देशहरूसँग भएको आयात तथा निर्यातको प्रवृत्ति



स्रोत: *World Integrated Trade Solution (2021)*

त्यसैले, देशमा कुनै थप निर्यातयोग्य वस्तुहरू उत्पादन गरी निर्यात बढाउन सके र वस्तुगत रूपमा विविधीकरण गर्न सके मात्र व्यापार घाटा कम गर्न सकिने देखिन्छ। विगत लामो समयदेखि आयातको संरचनामा खासै ठुलो परिवर्तन भएको छैन। निर्याततर्फ भने २०४० को दशकमा अग्रस्थानमा रहेका वस्तुहरूको हिस्सा पछिल्ला वर्षमा उल्लेख्य रूपमा घटेको छ। साथै, नेपालको बढ्दो व्यापार घाटा नेपाली अर्थतन्त्रको एक ठुलो चुनौतिको रूपमा देखापरेको छ। आ.व. २०७९/८० मा नेपालको व्यापार घाटा करिब १ हजार ४ सय ५४ अर्ब पुगेको छ। यसमा ठुलो अंश भारतको (९ सय २१ अर्ब) रहेको छ भने चीन तथा विश्वका अन्य देशहरूसँगको व्यपार घाटा क्रमशः २ सय २० र ३ सय १२ अर्बभन्दा बढी रेहेको छ (चित्र ४)।

चित्र ४: नेपालको व्यापार घाटाको प्रवृत्ति (आ.व २०७७/७८ देखि २०७९/८० सम्म)



स्रोत: नेपाल राष्ट्र बैंक (२०८०)

१.२.२.२ सुधारका लागि सुझाव

क) आयात प्रतिस्थापन र निकासी प्रवर्धन

विश्वव्यापीकरण र खुला बजारमा आधारित विश्व अर्थव्यवस्थामा अन्तर्राष्ट्रिय व्यापार राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा हो। बढ्दो व्यापार घाटालाई (चित्र ४) कम गर्न नसक्नु नेपाली अर्थतन्त्र निर्माणको सबैभन्दा ठुलो चुनौती हो। विदेशी वस्तुको आयातको तुलनामा स्वदेशी वस्तुको निर्यात ज्यादै न्यून छ। नेपालबाट निकासी वृद्धि हुन नसक्नुको मुख्य कारण भनेको निर्यातमुखी उत्पादन नहुनु

नै हो । यसर्थ, निकासीका लागि पहिचान गरिएका निर्यातयोग्य वस्तुको उत्पादन वृद्धि गर्ने उद्देश्य केन्द्रित कार्यक्रम बनाएर त्यसलाई व्यवहारमै कार्यान्वयनमा लैजानु पर्दछ ।

नेपाल एक कृषि प्रधान मुलुक हो । यहाँका करिब ७० प्रतिशत नागरिकको मुख्य पेसा कृषि नै हो । यस हिसाबले नेपाल खाद्यान्न उत्पादनमा आत्मनिर्भर मात्रै होइन, वैदेशिक व्यापारको ठुलो हिस्सा निर्यातजन्य कृषि उत्पादनले ओगट्नुपर्ने हो । तथापि, मुलुकमै उत्पादन हुन सक्ने खाद्यन्न उत्पादनमा समेत हाम्रो चरम परनिर्भरता बढिरहेको छ । खाद्यन्नमा बढ्दो परनिर्भरताले खाद्यान्न आपूर्ति राष्ट्रसँग मनमुटाव हुँदा वा कुनै प्राकृतिक प्रकोपका समयमा खाद्यान्न सुरक्षामा ठुलो सङ्कट सिर्जना हुने खतरा रहन्छ, जुन हामीले पटक पटक भोगिसकेका छौं । त्यसकारण, कृषिजन्य उत्पादनमा आत्मनिर्भर बन्नुपर्छ । खाद्यान्न, हरियो तरकारी, फलफूल, माछामासु लगायतको अत्यधिक आयातलाई रोक्न उद्देश्यमूलक खेती गरी आत्मनिर्भर हुनुपर्छ। त्यसका लागि ठुलो सङ्ख्यामा बाहिरिएको युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न विशेष कार्यक्रम ल्याउने, कृषिमा दिइँदै आएको अनुदानको दुरूपयोगलाई रोक्ने र लक्षित वर्गमा त्यो अनुदान पुग्ने व्यवस्था गर्ने तथा कृषि पेसाप्रतिको नकारात्मक धारणामा परिवर्तन ल्याउने जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेतर्फ राज्यको पहलकदमी हुनुपर्दछ । साथै, रक्सी, चुरोट तथा शृङ्गारका सामान लगायतका फजुल र विलासिताका वस्तुको आयातलाई निरुत्साहित गर्ने नीति अख्तियार गर्नुपर्छ । नेपालको व्यापार असन्तुलनले खतराको घण्टी बजाइरहेको बुझ्न निश्चित उत्पादनको मात्रै आयात र निर्यातको प्रवृत्ति देखाइएको तालिका ४ र ५ लाई मात्रै हेर्दा हुन्छ । यसलाई सम्बोधन गर्ने सन्दर्भमा राज्यले सोच्न जरुरी छ ।

तालिका ४: आ.व. २०७८/७९ मा निर्यात गरिएका कृषिजन्य उत्पादनको विवरण र त्यसको नेपाली मूल्य

निर्यात गरिएका स्वदेशी उत्पादनको प्रकार	ने.रु. (अर्बमा)	निर्यात गरिएका स्वदेशी उत्पादनको प्रकार	ने.रु. (अर्बमा)
वनस्पति तेल	८९	चिया	०.४२
गलैंचा	९.५७	पस्मिना	२.७६
तयारी पोसाक तथा गहना	४.९९	अलैंची	४.७८
फलफूलको रस	६.०७	-	

स्रोत: नेपाल राष्ट्र बैंक (२०८०)

निकासीका लागि नेपालीपन तथा नेपालको ख्याति जोडिएका अनुपम वस्तुको उत्पादनमा जोड दिनुपर्छ । नेपालीपन झल्किने स्वदेशी उत्पादनहरू (वनस्पति घ्यू, तेल, तयारी पोसाक, दाल आदि) को निकासीमा मात्रै सरकारले अधिकतम निकासी अनुदान दिने घोषणा गर्नुपर्छ । यस प्रकारको नीति ल्याउँदा उद्यमी व्यापारी रिसाउलान् कि भन्ने नसोची सरकारले निर्णय लिनुपर्छ । नेपालको कृषि

उत्पादन र जडीबुटीको 'ग्रेडिङ', 'प्रोसेसिङ', 'प्याकेजिङ' गरी प्रशोधित र अर्धप्रशोधित वस्तुको निकासीमा जोड दिनुपर्छ । नेपालमा उत्पादन हुने केही कृषिजन्य वस्तु (तालिका ४) को अन्तर्राष्ट्रिय व्यापारका लागि सरकारले नगद अनुदान दिने गरेको छ । यस प्रकारको अनुदान भारतमा हुने निकासीका लागि पनि प्रदान गर्न थालिएको छ ।

तालिका ५: आ.व. २०७८/७९ मा आयात गरिएका मुख्य-मुख्य वैदेशिक उत्पादन र त्यसको नेपाली मूल्य

आयात गरिएका वैदेशिक उत्पादनको प्रकार	ने.रु. (अर्बमा)	आयात गरिएका वैदेशिक उत्पादनको प्रकार	ने.रु. (अर्बमा)
पेट्रोलियम पदार्थ	३३४	वनस्पति तेल	९७
विद्युतीय सामाग्री	५४	तरकारी	१६
सवारी साधन	१११	औषधी	७६
टेक्सटायल र तयारी पोसाक	४३	फलफूल	१०
खाद्यान्न	४७	-	

स्रोत: नेपाल राष्ट्र बैंक (२०८०)

ख) आत्मनिर्भरताका क्षेत्रहरूको पहिचान

परनिर्भताले कुनै पनि देशको अर्थतन्त्रको जग निर्माण हुन सक्दैन । कुनै पनि देशको अर्थतन्त्रलाई अर्को देशको अर्थतन्त्रले र कुनै पनि देशको बजारको मागलाई अर्को देशको उत्पादनले निर्धारण गऱ्यो भने त्यसले चरम परनिर्भरताको अवस्था सिर्जना गर्दछ । परनिर्भरताले यस्तो अवस्थाको सिर्जना गर्दछ जहाँ केही देशहरूको अर्थतन्त्रलाई अर्को देशको अर्थतन्त्रको विकास र विस्तारले निर्धारण गर्दछ, जहाँ पहिलो चाहिँ दोस्रोको अधिनस्थ हुन्छ (Santos, 1970) । त्यसकारण, हामीले हाम्रो अर्थतन्त्रलाई परनिर्भरताको चक्रबाट मुक्त गर्न आत्मनिर्भरताका क्षेत्रहरू पहिचान गर्न जरुरी छ । यसै सन्दर्भमा, अर्थ मन्त्रालयबाट विनियोजित हुने बजेटमा सुरक्षाकर्मी लगायतको पोसाक, जुत्ता तथा अन्य सामाग्रीहरू स्वदेशमै उत्पादन गर्ने, उदाहरणका लागि नवलपरासीको धौवादीमा फलाम र दैलेखमा पेट्रोलियम पदार्थ उत्खनन गर्ने तथा सुर्खेतमा बहुमूल्य पत्थर प्रशोधन केन्द्र स्थापना गर्ने कुरा आदिलाई समावेश गरेको पाइन्छ । यस प्रतिबद्धतालाई सकारात्मक प्रयासको रूपमा लिनुपर्दछ । बजेटले समावेश गरेका कार्यक्रमलाई स्पष्ट नीति बनाएर कार्यान्वयनको तहमा लैजानुपर्दछ । राज्यलाई आत्मनिर्भर बनाउने सन्दर्भमा पहिचान भइसकेका औद्योगिक तथा कृषिजन्य उत्पादनका क्षेत्रहरूमा उत्पादनको तहमा जाने र अन्य नयाँ-नयाँ उत्पादनका क्षेत्रहरू पहिचान गर्ने कार्यलाई पनि प्राथमिकता दिनुपर्दछ । राज्यले विस्तृत अध्ययन अनुसन्धान गरेर उत्खनन र उत्पादनको कार्यमा जानसक्ने केही औद्योगिक तथा कृषिजन्य क्षेत्रको पहिचान भइसकेको छ (तालिका ६) । नेपाल सरकारले दुई दर्जन औद्योगिक वस्तुमा

आत्मनिर्भर हुने नीति अवलम्बन गरी पहिचान गरिएका क्षेत्रका उद्योगलाई सहजीकरण गर्ने नीति लिएको भए तापनि त्यसको कार्यान्वयनको पक्ष भने उत्साहप्रद छैन । अत: पहिचान गरिएका र सम्भावना भएका क्षेत्रहरूमा राज्यलाई आत्मनिर्भर बनाउनका लागि राज्यले आवश्यक परे हस्तक्षेपकारी नीति समेत अख्तियार गर्न जरुरी छ ।

तालिका ६: पहिचान गरिएका र सम्भावना भएका औद्योगिक तथा कृषिजन्य उत्पादनका क्षेत्रहरू

उत्पादनका क्षेत्रहरू	वस्तुगत अवस्था
म्याग्नेसाइट, सुन, तामा, युरेनियम, प्राकृतिक ग्यास	सम्भावना
औषधी	आत्मनिर्भर हुने सम्भावना
सिमेन्ट	आत्मनिर्भर
चिनी, फलामे डण्डी, काठ	आत्मनिर्भर उन्मुख

स्रोत: लेखकीय विश्लेषणका आधारमा तयार गरिएको

ग) खुला सिमानाका आर्थिक गतिविधिको नियमन

लामो समयदेखि नेपालको दक्षिण तर्फको खुला सिमाना निकासी-पैठारी तथा सुरक्षा लगायतका दृष्टिकोणले चुनौतीपूर्ण रहँदै आएको छ । कोभिड-१९ को विश्वव्यापी महामारीको समयमा दक्षिणी सिमाना सङ्क्रमण भित्रिने प्रमुख द्वार पनि बनेको थियो । त्यसकारण, दक्षिणी सीमामा भइरहेको खुला आवागमनमा नियमन तथा आवश्यक परेमा प्रतिबन्ध समेत लगाउने कुरा कोभिड-१९ पछिको अवस्थामा सान्दर्भिक देखिन्छ । दोस्रो कुरा, खुला सिमानाको फाइदा उठाउँदै दैनिक करोडौंको अवैध आर्थिक गतिविधि पनि हुने गरेको छ । त्यसकारण, नेपालको दक्षिणी सीमामा अवैध आर्थिक गतिविधिको अनुगमन, नियमन र दुई देशको सम्बन्धलाई ध्यानमा राखी आवश्यक नियन्त्रण गर्नु जरुरी छ । यसो गर्दा सीमा क्षेत्रमा अनौपचारिक रूपमा हुने आर्थिक गतिविधिहरू औपचारिक अर्थतन्त्रमा समेटिन सघाउ पुग्छ र यसले दुई देशबिचको औपचारिक व्यापारमा समेत सहज वातावरण निर्माण गर्दछ ।

१.२.३ निजी क्षेत्र

सन् १९९१ मा प्रजातन्त्रको पुनर्स्थापनादेखि नै नेपाल सरकारले लिएको उदारवादी नीतिका कारण निजी क्षेत्रको विकास र विस्तारमा टेवा पुगेको भए तापनि दशवर्षे सशस्त्र द्वन्द्व र २०६३ सालमा गणतन्त्रको स्थापनापछि पनि लामो समयसम्म भएको राजनैतिक अस्थिरताका कारण निजी क्षेत्रको लगानी अपेक्षित रूपमा विस्तार हुन सकेन । वि.सं. २०७२ मा जारी भएको सङ्घीय नेपालको संविधानले निजी क्षेत्रलाई नेपालको अर्थतन्त्रको अभिन्न अङ्गको रूपमा लिएको छ । नेपालको अर्थतन्त्रमा निजी क्षेत्र समग्र स्थिर पुँजी निर्माण (gross fixed capital formation [GFCF]) र कुल उपभोगमा प्रमुख योगदानकर्ता रहँदै

आएको छ। आर्थिक वर्ष २०२०/२१ मा सरकारको उपभोग खर्च ४.४ प्रतिशतले वृद्धि भयो भने निजी उपभोग खर्च ५.५ प्रतिशतले बढ्यो। सार्वजनिक क्षेत्रको GFCF ०.६ प्रतिशतले वृद्धि भयो, जबकि निजी क्षेत्रको GFCF ६.१ प्रतिशतले बढ्यो। निजी क्षेत्र नेपालकै सबैभन्दा ठुलो निर्यातकर्ता पनि हो। यसका साथै, निजी क्षेत्र देशकै ठुलो रोजगारदाता पनि हो। साथै, कुल रोजगारमा रहेका श्रम शक्तिमध्ये ८५.६ प्रतिशत श्रमिक निजी क्षेत्रअन्तर्गत कार्यरत छन् (Federation of Nepalese Chamber of Commerce and Industries, 2023)। यसर्थ, देशको आर्थिक विकासका लागि निजी क्षेत्रको लगानी तथा भूमिका निकै महत्त्वपूर्ण रहेको छ। तथापि, निजी क्षेत्र र यसको विकासमा पनि केही समस्याहरू रहेका छन्। मूलत: अस्थिर राजनीतिका साथै यसले निम्त्याउने नीतिगत अस्थिरताको कारण निजी क्षेत्रबाट अपेक्षित लगानी बढ्न सकेको छैन। सरकारको परिवर्तनसँगै निजी क्षेत्रलाई प्रभावित पार्ने नीतिहरू पनि परिवर्तन हुने हुनाले लगानी सुनिश्चितताको वातावरण बन्न सकेको छैन। साथै, गैरआवासीय नेपालीलाई व्यवस्थित लगानी गर्ने व्यवस्थाको निर्माण पनि हुन सकेको छैन। वैदेशिक रोजगारीबाट फर्केकाहरूले पनि साना तथा मझौला व्यवसायमा ढुक्क भएर लगानी गर्न सकेका छैनन्। यी समस्याहरूको समाधान गर्न नीतिगत एकरूपता र स्थायित्वमा जोड दिनुका साथै व्यवसाय सञ्चालनका लागि आवश्यक क्षमता विकास, प्रक्रियागत झन्झटमुक्त लगानीको वातावरण निर्माण लगायतका वैदिशिक लगानी आकर्षित हुने कार्यहरू गर्न जरुरी देखिन्छ।

१.२.४ वित्तीय क्षेत्र

१.२.४.१ नेपालमा बैंकिङ प्रणालीको विकास

वि.सं. १९९४ मा नेपाल बैंक लिमिटेडको स्थापना भएसँगै नेपालमा आधुनिक बैंकिङ प्रणालीको सुरुआत भएको हो। तथापि, वि.सं. २०४० सम्म देशमा दुई वटा मात्र राज्य नियन्त्रित बैंकहरू थिए। आर्थिक उदारीकरणको नीति अवलम्बन गरिएपश्चात् मात्रै वित्तीय क्षेत्रमा निजी क्षेत्रको प्रवेश प्रारम्भ भएको हो। फलस्वरूप, निजी क्षेत्रको सहभागिताले बैंकिङ प्रणालीको विकासमा ठुलो सघाउ पुगेको छ।

त्यसैगरी, तत्कालीन नेपाल राष्ट्र बैंक ऐन, २०१२ लाई प्रतिस्थापन गरी वि.सं. २०५८ सालमा नयाँ ऐन जारी गरियो। नयाँ ऐनबाट यसको भूमिकालाई पुन: परिभाषित गर्नुका साथै बैंकलाई स्वायत्तता प्रदान गरियो। नेपालको अर्थतन्त्रको दिगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको नियन्त्रण, नियमन र स्थायित्व कायम गर्नका लागि केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकको स्थापना भएको हो।

२०७७ असार मसान्तसम्म नेपाल राष्ट्र बैंकबाट इजाजत पत्रप्राप्त "क" वर्गका २७ वाणिज्य बैंक, "ख" वर्गका २० विकास बैंक, "ग" वर्गका २२ वित्त कम्पनी, "घ" वर्गका ८५ लघुवित्त संस्था र एक पूर्वाधार विकास बैंक गरी कुल १ सय ५५ बैंक तथा वित्तीय संस्था तथा १४ अन्य (hire purchase company, हायर पर्चेज संस्था) रहेका छन्। वि.सं. २०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूका कुल

११ हजार ५ सय ८९ शाखा कार्यालय रहेका छन् । सोही अवधिमा वाणिज्य बैंकहरूले रु. ५० खर्ब ७२ अर्ब २३ करोड, विकास बैंकहरूले रु. ५ खर्ब ६६ अर्ब १७ करोड र वित्त कम्पनीहरूले रु. १ खर्ब ११ अर्ब १६ करोड निक्षेप सङ्कलन गरेका छन् । त्यसैगरी, वाणिज्य बैंकहरूले रु. ५४ खर्ब ५१ अर्ब २६ करोड, विकास बैंकहरूले रु. ६ खर्ब १४ अर्ब ५२ करोड र वित्त कम्पनीहरूले रु. १ खर्ब ३८ अर्ब १९ करोड कर्जा लगानी गरेको देखिन्छ (नेपाल राष्ट्र बैंक, २०८०) ।

१.२.४.२ वित्तीय साक्षरता

वित्तीय साक्षरता भन्नाले उचित वित्तीय निर्णयहरूका लागि आवश्यक ज्ञान, सिप, दृष्टिकोण, जागरूकता र व्यवहारहरूको संयोजन हो । वित्तीय साक्षरताको माध्यमबाट व्यक्तिगत वित्तीय कल्याण प्राप्त गर्न सकिन्छ । देशमा उपलब्ध भएका बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त सेवा, सुविधा धेरैभन्दा धेरै जनताले उपयोग गरेको खण्डमा मात्रै त्यसको प्रभावकारी मागमा वृद्धि हुने, छरिएको आयबाट सङ्कलित बचतलाई परिचालन गर्न सकिने र कर्जा तथा लगानी गरी आर्थिक क्रियाकलापलाई वृद्धि गर्न सकिने हुन्छ । यी सबै कुराहरूका लागि वित्तीय साक्षरता वृद्धि गर्नुपर्छ । आम जनताहरू वित्तीय रूपले जति धेरै साक्षर हुन्छन् त्यति नै धेरै बैंकिङ सेवाबाट लाभान्वित हुन सक्दछन् । आम नागरिकहरूलाई वित्तीय साक्षरताको माध्यमबाट वित्तीय सेवामा समावेश गर्दै वित्तीय पहुँच बढाउने सन्दर्भमा नेपाल राष्ट्र बैंकले विगत वर्षहरूदेखि नै वित्तीय साक्षरतासम्बन्धी सामाग्री तयार गर्ने लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरूलाई समेत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न नीतिगत रूपमै उत्प्रेरित गर्दै आएको छ । त्यसैगरी, "समृद्ध नेपालका लागि वित्तीय रूपमा सचेत र सक्षम जनता" नाराका साथ Financial Literacy Framework 2020 जारी गरिएको छ । यसको प्रमुख उद्देश्य वित्तीय कारोबारलाई प्रोत्साहन गर्न वित्तीय साक्षरता अभिवृद्धि गर्नु तथा यससँग सम्बन्धित ज्ञानलाई व्यवहारमै उतार्न अभिप्रेरित गर्नु हो । अर्थात्, आम नागरिकको जीवनलाई वित्तीय करोबारसँग जोड्न बैंकिङ ज्ञानको वृद्धि गर्नु रहेको छ ।

वि.सं. २०८० को असारसम्ममा ७ सय ५३ स्थानीय तहमध्ये ७ सय ५२ तहमा वाणिज्य बैंकका शाखाहरू विस्तार भएका छन् । नेपाल राष्ट्र बैंकले २०७९/८० मा जारी गरेको तथ्याङ्क अनुसार बैंक तथा वित्तीय संस्थाका शाखाहरूको कुल सङ्ख्या ११ हजार ५ सय ८९ रहेको छ (नेपाल राष्ट्र बैंक, २०८०) । त्यसैगरी, नेपालमा वित्तीय पहुँचको स्थितिसम्बन्धी नेपाल राष्ट्र बैंकको एक अध्ययनले आ.व. २०७७/७८ सम्म नेपालको कुल जनसङ्ख्यामध्ये ६०.९ प्रतिशत जनसङ्ख्याको मात्रै बैंकिङ पहुँच पुगेको देखाएको छ (Nepal Rastra Bank, 2021) । यसका अतिरिक्त, बीमा सेवाको पहुँच ४४.०५ प्रतिशत जनसङ्ख्यामा पुगेको छ (अर्थ मन्त्रालय, २०८०) ।

१.२.४.३ धितोपत्र बजार

वि.सं. १९९४ सालबाट नेपालमा पुँजीबजारको विकासको क्रम सुरु भएको हो । वि.सं. २०३३ सालमा धितोपत्र कारोबार र निष्कासनमा सहयोग पुऱ्याउन धितोपत्र विनिमय केन्द्रको स्थापना गरियो ।

त्यसैगरी, वि.सं. २०४० मा जारी गरिएको धितोपत्र ऐन, २०४० ले धितोपत्र बजारको विकासका लागि कानुनी संरचना प्रदान गऱ्यो । सुरुमा धितोपत्र विनिमय केन्द्रले नियामक र बजार सञ्चालक दुवैको कार्य गरेको भए तापनि वि.सं. २०५० मा धितोपत्र ऐन संशोधन गरी नेपाल धितोपत्र बोर्ड गठन गरियो र धितोपत्र विनिमय केन्द्रलाई 'नेपाल स्टक एक्सचेन्ज (नेप्से, NEPSE) मा परिणत गरियो। सो ऐनलाई २०६४ सालमा नयाँ ऐनद्वारा प्रतिस्थापन गरियो। धितोपत्र कारोबारलाई प्रभावकारी र पारदर्शी बनाउन २०६५ सालमा खुला बोलकबोल बिक्री प्रणालीलाई स्वचालित बिक्री प्रणाली मार्फत प्रतिस्थापन गरियो । २०६७ सालमा 'डिपोजिटरी' सेवासम्बन्धी नियमावली जारी र धितोपत्र कारोबार हिसाब राफसाफ गर्न 'सिडीएस एण्ड क्लियरिङ लिमिटेड' को स्थापना गरियो । तत्पश्चात् २०७२ माघ १ देखि पूर्णरूपमा सूचीकृत कम्पनीहरूको अभौतिक कारोबार सुरु गरियो। साथै, हाल अनलाइन धितोपत्र कारोबार समेत प्रारम्भ भएको छ।

नेपाल राष्ट्र बैंकको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन अनुसार २०७९ असार मसान्तमा २००९.५ विन्दु रहेको नेप्से सूचकाङ्क २०८० असारमा २०९७.१ विन्दु पुगेको छ । सोही अवधिमा धितोपत्र बजार पुँजीकरण रु. ३ हजार ८२ अर्ब ५२ करोड पुगेको छ। बजार पुँजीकरणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात २०७९ असार मसान्तमा ५८.२ प्रतिशत रहेको थियो भने २०८० असार मसान्तमा ५७.३ प्रतिशत पुगेको छ ।

'नेपाल स्टक एक्सचेन्ज' लिमिटेडमा सूचीकृत कम्पनीहरूको सङ्ख्या २ सय ५४ रहेको छ। सूचीकृत कम्पनीहरूमध्ये १ सय ३६ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरू रहेका छन् भने ७९ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, सात होटल, चार व्यापारिक संस्था र तीन अन्य समूहका रहेका छन्। सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६३ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १३.२ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.४ प्रतिशत, लगानी कम्पनीको हिस्सा ७.१ प्रतिशत, होटेलको हिस्सा ३.४ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरूको हिस्सा ८.४ प्रतिशत रहेको छ। नेप्सेमा २०८० असार सम्ममा सूचीकृत शेयरको चुक्ता मूल्य रु. ७ सय २८ अर्ब ९५ करोड रहेको छ (नेपाल राष्ट्र बैंक, २०८०)।

१.२.४.४ सहकारीको विकास र पुँजी परिचालन

नेपालमा प्रारम्भिक सहकारी संस्था ३४ हजार ८ सय ३७ वटा रहेका छन्। विषयगत जिल्ला सहकारी संघ २ सय ५६ वटा र जिल्ला सहकारी संघ ६९ वटा रहेका छन्। यसैगरी, केन्द्रीय विषयगत सहकारी सङ्घ २० वटा र राष्ट्रिय सहकारी बैंक एक वटा रहेका छन् । यस क्षेत्रको नियन्त्रण, नियमन र व्यवस्थापनका लागि सहकारी क्षेत्र हेर्ने मन्त्रालय, नियामक निकायका रूपमा सहकारी विभाग, स्वतन्त्र निकायका रूपमा राष्ट्रिय सहकारी विकास बोर्ड र राष्ट्रिय सहकारी महासंघ क्रियाशील छन्। आ.व. २०७८/७९ सम्म सहकारीमा आबद्ध भई ७३ लाख ३७ हजार क्रियाशील शेयर सदस्यहरू रहेका छन्।

यिनै शेयर सदस्यहरूको सहभागितामा रु. ९४ अर्ब १२ करोड शेयर पुँजी, रु. ४ खर्ब ७७ अर्ब ९९ करोड बचत तथा रु. ४ खर्ब २६ अर्ब ३१ करोड ऋण परिचालन भएको पाइन्छ। यसैबिच, सहकारी क्षेत्रले ९१ हजार ३ सयलाई प्रत्यक्ष रोजगारी दिन सफल भएको छ (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७९)। अब सहकारीलाई कृषि उत्पादन लगायत उत्पादन वृद्धिका क्षेत्रमा परिचालन गर्नुपर्छ। आम जनताको दैनिक उपभोग्य वस्तुको उत्पादन र बिक्री वितरणमा सहकारीलाई संलग्न गराई यस्ता कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर तुल्याउनुपर्छ भने सहकारी ऐनको भावनालाई हुबहु कार्यान्वयनमा ल्याउनुपर्छ।

१.२.५ रोजगार सिर्जना

१.२.५.१ वर्तमान अवस्था, चुनौती र अवसर

कुनै पनि मुलुकका ऊर्जावान श्रमशक्ति भनेका युवा नै हुन्। तिनै युवा केन्द्रित रोजगारी सिर्जना अहिलेको प्रमुख आवश्यकता हो। नेपालमा हरेक वर्ष लाखौंको सङ्ख्यामा थपिने श्रमशक्तिलाई रोजगारी दिने भरपर्दो क्षेत्रमध्ये एक औद्योगिक क्षेत्र पनि हो। त्यसकारण, राज्यको नीति भनेको युवा जनशक्तिलाई तत्काल रोजगारी उपलब्ध गराउने उद्योगलाई प्रोत्साहन गर्ने हुनुपर्दछ। आम युवालाई हस्तकला, प्लम्बिङ, बिजुली मर्मत, ईलेक्ट्रोनिक्स, कालिगढ, सिकर्मी, डकर्मी, सिलाइ-कटाइ लगायतको सिप अभिवृद्धिका लागि तालिम प्रदान गरी आय-आर्जनमा लगाउनुपर्छ। युवा वर्गलाई उल्लिखित क्षेत्रमा परिचालन गरी बाह्य श्रमिकलाई रोक्न सकियो भने हरेक वर्ष अरबौं रूपैयाँ बाहिरिनबाट जोगाउन सकिन्छ।

नेपाल क्षेत्रफलका आधारमा सानो मुलुक भए तापनि रोजगारी र अवसरका विभिन्न क्षेत्रहरू छन् र कतिपय क्षेत्रहरूको अझै पहिचान हुन सकिरहेको छैन। रोजगारीका सम्भावित क्षेत्रहरूमा कृषि, उद्योग, पर्यटन, सेवा, लगायतका क्षेत्रहरू छन्। तत्तत् क्षेत्रमा उपलब्ध अवसरको सदुपयोग गर्न सके बेरोजगारीको समस्या धेरै हदसम्म हल गर्न सकिन्छ।

नेपालको सामाजिक, आर्थिक र राजनीतिक व्यवस्थासँग जोडिएको एक प्रमुख समस्या भनेको बेरोजगारी नै हो। वि.सं. २०७९ फागुनसम्म ५५ लाख २६ हजार ७ सय ४ जना नेपाली कामदारले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् (अर्थ मन्त्रालय, २०८०)। फलस्वरूप, कैयौं गाउँहरू युवाविहीन अवस्थामा पुगेका छन्। प्रत्येक वर्ष नेपाली श्रम बजारमा ४ देखि ५ लाख जनशक्ति थपिने गर्दछन्। विश्वव्यापी रूपमा फैलिएको सङ्क्रामक रोग कोभिड-१९ को कारण विश्वव्यापी रूपमै आर्थिक क्रियाकलापहरू ठप्प भएकाले बेरोजगारी समस्यामा थप प्रभाव परेको छ। सन् २०१७/१८ मा गरिएको नेपाल श्रमशक्ति सर्वेक्षणका अनुसार नेपालमा १० लाख मानिस बेरोजगार छन् (International Labor Orgainization [ILO], 2019)। त्यसपछिको वर्षहरूमा विश्वव्यापी रूपमा फैलिएको सङ्क्रामक रोगका कारण कति बेरोजगार जनशक्ति थपिए, वैदेशिक रोजगारीमा गएकामध्ये

कति स्वदेश फर्किएर बेरोजगार बनिरहेका छन् र समग्र बेरोजगारीको सङ्ख्या कति पुग्यो भनेर यकिन गरिएको छैन ।

रोजगारीसम्बन्धी हामीभित्र पनि विभिन्न समस्याहरू छन्, जुन सिप, कामप्रतिको सङ्कुचित दृष्टिकोण र अवस्तुवादी आकाङ्क्षाका उपज हुन् । हाल नेपालमा उपलब्ध केही रोजगारीका अवसरहरू पनि सिपयुक्त जनशक्तिको अभावमा विदेशीले सञ्चालन गरेका छन् । उदाहरणका लागि, शैलुन, तरकारी तथा फलफूल व्यापार, निर्माण कम्पनी अन्तर्गत टायल तथा मार्बल फिक्सिङ, फर्निचर उद्योग, आदि । कतिपय रोजगारीका क्षेत्रलाई जात, वर्ग र समुदायसँग गाँसेर सङकुचित घेराबाट हेर्ने गरेका कारण तत्तत् क्षेत्रहरू स्वदेशी श्रमशक्तिको नजरमा पर्न सकिरहेका छैनन् भने वैदेशिक रोजगारीमा गइसकेपछि त कायापलट नै हुन्छ भन्ने अवस्तुवादी मानसिकताका कारण पनि कतिपय घरेलु रोजगारीका क्षेत्रहरू बाह्य श्रमशक्तिको कब्जामा गएका छन् । 'इलेक्ट्रिसियन' र 'प्लम्बिङ'को कामबाट औसत मासिक एक लाख आम्दानी हुने भए पनि खासै नेपाली युवा यस पेसातर्फ आकर्षित हुन सकिरहेका छैनन् । साइकल मर्मत गर्नेले मासिक रु. ५० हजार, मोटरसाइकल मर्मत गर्नेले मासिक करिब रु. ७५ हजार र टायरको पञ्चर टाल्नेले पनि मासिक रु. ४० हजार आर्जन गर्न सक्छ । यसैगरी 'रेफ्रिजेरेटर', पङ्खा लगायतको मर्मत गर्ने र मोबाइल तथा रेडियो मर्मत गर्नेले पनि मासिक रु. ५०-६० हजार आर्जन गरिरहेका छन् । यसैगरी, पुरूषहरूको कपाल काट्नेले पनि मासिक रु. ३०-४० हजार आम्दानी गरिरहेका छन् । यी र यस्तै कामबाट गत वर्ष नेपालबाट भारतीय कामदारहरूले ३ बिलियन डलर बराबरको 'रेमिट्यान्स' रकम लगेको तथ्याङ्कले देखाउँछ (Pew Research Center, 2019) । तथापि, नेपाली युवाहरू भने स्वदेशमै उपलब्ध उल्लिखित पेसामा आकर्षित हुन सकेका छैनन् । महिलाको हकमा भने 'ब्यूटी पार्लर' व्यवसाय मार्फत स्वरोजगार बनेर आफ्नो खुट्टामा आफै उभिन सफल भएका छन् ।

कुनै पनि रोजगारीलाई हेर्ने र बुझ्ने हाम्रो मानसिकतामा परिवर्तन आवश्यक छ । नेपालमा निर्माणका कामहरू प्रशस्त भइरहेका छन् । तर, त्यस क्षेत्रमा काम गर्ने दक्ष जनशक्ति (सिकर्मी र डकर्मी) को अभाव खड्किएको छ । उता वैदेशिक रोजगारीमा मासिक रु. १०-१५ हजारमा काम गर्ने, तर यता मुलुकभित्रै सामान्य ज्यामीकै काम गरेपनि दैनिक रु. १ हजार ५ सयमा पनि काम नगर्ने प्रवृत्ति बढ्दो छ । यस प्रकारको प्रवृत्तिलाई नियाल्दा नेपाली युवाहरूलाई स्वदेशमै रोजगारी दिलाउने वा स्वरोजगार बनाउने कुरा चुनौतीपूर्ण छ । यसै कुरालाई सम्बोधन गर्नका लागि घरेलु तथा साना उद्योग विभागले विभिन्न परियोजनाहरू सार्वजनिक गरेको पनि छ । यसै परियोजनासँग जोडेर नेपाली युवा श्रमशक्तिलाई स्वदेशी श्रमबजारमा सहभागी गराउन जरुरी छ ।

वार्षिक लाखौँको सङ्ख्यामा थपिने घरेलु श्रमशक्तिलाई स्वरोजगार बनाउने सन्दर्भमा रोजगारीका प्रशस्त सम्भावना वा अवसरहरू पनि उपलब्ध छन् । नेपाली समाजको बढ्दो आर्थिक हैसियत र त्यसले निर्धारण गरेको बजारको माग तथा कृषिबाट सेवा क्षेत्रतर्फ उन्मुख भइरहेको नेपाली समाजको आवश्यकता समेतलाई मध्यनजर गर्दै रोजगारीका अवसरलाई उपयोग गर्न सक्नु पर्दछ । राज्यले घरेलु

श्रमशक्तिलाई आकर्षित गर्न विभिन्न परियोजनासहित यस प्रकारका सानातिना उद्योग तथा व्यवसायलाई पनि प्रवर्धन गर्न जरुरी छ ।

साथै, नेपालमा फोटो स्टुडियो, फोटोकपीको सेवा प्रदान गर्ने तथा ड्राइक्लिन पसल, पत्रपत्रिका बिक्री गर्ने, तरकारी सङ्कलन, कटिङ र प्याकेजिङ गर्ने, खाद्यान्नको होम डेलिभरी गर्नेजस्ता कामको पनि राम्रै सम्भावना छ । त्यसैगरी, प्याटिज, ड्राई केक, साधारण केक, फ्रुट केक, क्यारोट केक, वर्थ-डे केक, कुकिज, कोकोनट कुकिज, कार्ट ब्रेड बिस्कुट, डोनट, चकलेट ब्राउनी, जिन्जर स्न्याप्स, पाउरोटी र वन उत्पादन गर्ने बेकरी तथा रसवरी, लालमोहन, जेरी, बुनियाँ, पुरी तरकारी र पानीपुरी उद्योगको स्थापना तथा सञ्चालनबाट पनि राम्रै जीविकोपार्जन गर्न सकिन्छ । तर, त्यसका लागि नहुनेका लागि लगानी जुटाइदिने व्यवस्था हुनुपर्‍यो, काम गर्ने इच्छाशक्ति तथा कामप्रतिको सम्मान हुनुपर्‍यो र काम गर्ने वातावरणको निर्माण हुनुपर्‍यो ।

१.२.५.२ रोजगारी प्रवर्धनमा सरकारी प्रतिबद्धता

आर्थिक वर्ष २०७७/७८ को बजेटले रोजगारी सिर्जनाको सवाललाई मुख्य प्राथमिकतामा राख्दै करिब ८ लाख व्यक्तिलाई रोजगारी दिने लक्ष्य लिएको थियो । साथै, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट थप २ लाख, सिप विकास तालिम मार्फत थप १ लाख र विकास परियोजनाको निर्माण कार्यमा लक्षित समूहका बेरोजगार व्यक्तिहरूको संलग्नता गराई थप पाँच लाख रोजगार सिर्जना गर्नेजस्ता कार्यहरूमा विभिन्न आर्थिक वर्षमा बजेट विनियोजन हुँदै आएको छ । कोभिड-१९ को महामारीका कारण रोजगारी गुमाउनेको सङ्ख्या दशौँ लाख रहेको छ भने हरेक वर्ष नेपाली श्रमबजारमा करिब ५ लाख श्रमशक्ति थपिने गरेका कारण ८ लाखको सङ्ख्यामा सिर्जना गरिने रोजगार नेपालको सन्दर्भमा अपुग छ । तथापि, सरकारी प्रतिबद्धता अनुसारको सङ्ख्यामा रोजगारी सिर्जना हुने र ८ लाख नागरिकले रोजगारी पाउने हो भने पनि त्यो अहिलेको सन्दर्भमा राम्रै हुन्छ । त्यसकारण, प्रतिबद्धताका साथसाथै कार्यान्वयनको पक्ष झनै महत्त्वपूर्ण हुन्छ । यस कुरालाई राज्यले मनन गर्न जरुरी छ ।

आर्थिक वर्ष २०७७/०७८ को बजेटअनुसार “आफ्नो गाउँ आफै बनाऔँ” अन्तर्गत कामका लागि खाद्यान्न कार्यक्रम रहेको छ । यसैगरी, प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम र साना किसान लघु वित्त संस्था मार्फत रोजगारी दिने कार्यक्रमहरू अन्तर्गत सरकारले रोजगारी प्रवर्धनका प्रयासहरू गर्दै आएको छ । यसका अतिरिक्त, विभिन्न आर्थिक वर्षका बजेट वक्तव्यमा प्राविधिक सिप दिने, बैंकहरूले स्वरोजगारका लागि लगानी गर्ने, निजी क्षेत्रले ईन्टर्नका रूपमा राख्ने कर्मचारीहरूका लागि सरकारले राहत दिने, श्रम सूचना केन्द्रलाई क्रियाशील बनाउने लगायतका कार्यक्रम रहेका छन् ।

यसप्रकारका सरकारी प्रयासका बाबजुद यी कार्यक्रमहरूप्रति बेरोजगार युवाहरूको ठुलो हिस्सा आकर्षित हुन नसक्दा यसले अपेक्षा गरेको प्रतिफल हासिल हुन सकिरहेको छैन । अब राज्यले यस

बारेमा अलि गहिरिएर सोच्न जरुरी छ । सरकारले केवल कार्यक्रमकै लागि मात्रै यस प्रकारका कार्यक्रमहरू राख्ने होइन कि यी कार्यक्रमहरूको परिणाममुखी कार्यान्वयनका लागि नीतिगत रूपमै नवीन अभ्यासको थालनी गर्न जरुरी छ । अर्थात्, ७ सय ५३ वटा स्थानीय सरकार मार्फत लक्षित वर्गको अभिलेखीकरण गर्ने र तत्तत् वर्गलाई सरकारले ल्याएका कार्यक्रममा सहभागी हुने प्रक्रिया, त्यसबाट हुने अल्पकालीन र दीर्घकालीन लाभ, सम्भावित अप्ठ्याराहरूलाई निराकरण गर्ने माध्यम वा निकाय, स्वरोजगार र सामाजिक तथा पारिवारिक उत्तरदायित्वबिचको सम्बन्ध लगायतको विषयमा प्रशिक्षण दिएर जनचेतना अभिवृद्धि गर्न सकिन्छ । त्यसैगरी, तत्तत् कार्यक्रमको पहुँच हुने र नहुने, दलीय संलग्नता लगायतको आधारमा दुरूपयोग नहुने अवस्था सिर्जना गर्न आवश्यक छ । मुख्य कुरा के हो भने, राज्यले आफ्ना प्रतिबद्धतालाई कसरी व्यवहारमा उतार्ने र त्यसलाई कसरी परिणाममुखी बनाउने भन्ने सोच, नीति र संरचनाको विकास गर्नुपर्दछ ।

१.२.५.३ अतिरिक्त रोजगारीका अवसरहरू र सरोकारवालाहरूको उत्तरदायित्व

जडीबुटीको कारोबार, होमस्टे सञ्चालन, बुटिक पसल, च्याउ खेती, माछा पालन, बङ्गुर पालन, कुखुरा पालन, बट्टाई पालन लगायतका व्यवसाय गर्नेहरूका लागि पनि राम्रो बजार उपलब्ध छ । ड्राइभिङ पेसा, गार्डको काम, सुपथ मूल्य पसल सञ्चालन लगायतको काम गर्न सकिन्छ। यी सबै कामका लागि सर्वप्रथम सिपको जरुरत पर्छ र कामप्रतिको सम्मान पनि । यसर्थ, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट तत्कालैदेखि निरन्तर सिपमुलक तालिम दिने र तालिमपछि मुल पुँजी दिएर काममा लगाउनु पर्छ । सबै ७ सय ५३ वटा पालिकाले तत्कालै कम्तीमा एउटा कोसेली घर स्थापना गरी स्वरोजगार मार्फत उत्पादित सामाग्रीको खरिद गर्ने अभ्यासको थालनी गर्नुपर्दछ। पालिकाले आफूले बीउ पुँजी दिएर उत्पादन गर्न लगाएको सामाग्री खरिद गरी सो बिक्रीका लागि मुलुकका विभिन्न ठाउँका होलसेल व्यापारीलाई जिम्मेवारी दिनुपर्छ । तीनै तहका सरकारले स्वदेशी वस्तुको खपत बढाउन सार्वजनिक आह्वान गर्नुपर्छ। स्वदेशी वस्तुको उत्पादन र खपत बढाउन सबै पालिकाहरूले आफू सुहाउँदो रणनीति अख्तियार गर्नुपर्छ र स्थानिक उत्पादनमा जोड दिनुपर्दछ। आम बेरोजगारलाई स्वरोजगारका अवसर सिर्जना गर्ने सन्दर्भमा बीउ पुँजी पाउने गरी 'च्यालेन्ज फण्ड' (challange fund) खडा गर्नुपर्छ। यस प्रयोजनका लागि युवा स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद्, प्रधानमन्त्री रोजगार कार्यक्रम, घरेलु विभाग, रोजगार सूचना केन्द्र लगायतलाई एकीकरण गर्नुपर्छ। विदेशबाट फर्किएकाहरूले आर्जन गरेको सिप र ज्ञानको प्रयोग गर्ने मौका दिनुपर्छ, त्यो वातावरणको सिर्जना गर्नुपर्दछ। व्यवसाय गर्न शैक्षिक प्रमाणपत्रको आधारमा कर्जा दिनुपर्छ । साथै, परम्परागत सिप र ज्ञानलाई बचाउन पनि राज्यको सहयोग जरुरी छ। मूलतः बेरोजगार भत्ताको सट्टा सबैलाई रोजगारी दिने सरकारी प्रयासले बेरोजगारी समस्या समाधानलाई न्यूनीकरण गर्न ठुलै मद्दत पुग्नेछ ।

खण्ड दुई

अर्थतन्त्र सुधारका लागि भएका पहलहरू

२.१ उदारीकरण, नीतिगत सुधार र निजी क्षेत्रको प्रवर्धन

नेपालमा वि.सं. २०४६ सालमा सम्पन्न भएको जनआन्दोलनले राजनीतिक परिवर्तन मात्रै गरेन कि यसले राज्यका हरेक क्षेत्रमा रूपान्तरणको ढोका खोलिदियो । फलस्वरूप, २०४८ सालमा आर्थिक उदारीकरण एवम् खुला अर्थनीतिको आरम्भ भयो भने यसले मुलुकमा निजी क्षेत्रको भूमिका विस्तार गर्नुका साथै निजी लगानीमा आमूल परिवर्तन भयो । निजी क्षेत्र मुलुकको अर्थतन्त्रको संवाहक तथा मेरुदण्डको रूपमा स्थापित हुन पुग्यो । यसपछि, राज्य प्रणालीद्वारा निजी क्षेत्रको उत्थानलाई प्राथमिकतामा राखियो । यसले बैंक तथा बीमा क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्न ठुलो सघाउ पुऱ्यायो । आर्थिक उदारीकरणको नीति अन्तर्गत नेपालमा उद्योग, व्यापार तथा वित्तीय लगायतका क्षेत्रमा निम्नानुसारको नीति अवलम्बन गरिएको थियो ।

क) उद्योग स्थापनाको कोटा प्रणालीको खारेजी,

ख) आयात निर्यातको इजाजत प्रणालीको खारेजी,

ग) विदेशी परिवर्त्य मुद्राको सटहीलाई खुकुलो गरियो,

घ) सरकारी स्वामित्वमा रहेका संस्थानहरूको निजीकरण गरियो ।

वि.स. २०४८ सालको परिवर्तनले नेपालको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, उद्योग व्यापार व्यवसाय लगायतको क्षेत्रमा सकारात्मक प्रभाव पाऱ्यो । अर्थात्, यसले आर्थिक तथा राजनीतिक लगायत हरेक क्षेत्रमा खुलापनको अवधारणालाई आत्मसात् गऱ्यो । नेपालको अर्थव्यवस्थामा बजार प्रणालीका आधारभूत मान्यतालाई नीतिगत रूपमा नै अङ्गीकार गरियो । तथापि, २०५२ सालबाट सुरु भएको सशस्त्र द्वन्द्वका कारण नेपालले खुला बजार नीतिअनुरूपको फाइदा लिन सकेन । निजी क्षेत्र लगानी गर्नलाई हतोत्साही भए भने स्थापना भइसकेका उद्योगहरू पनि पलायन हुन बाध्य भए । यसले नेपालको अर्थतन्त्रमा सङ्कुचन ल्यायो र यो अवस्था दशकसम्म कायम रह्यो । वि.स. २०६२/६३ मा सम्पन्न विस्तृत शान्ति सम्झौता भएपछि आर्थिक क्रियाकलापहरूमा केही सकरात्मक सुधार देखिएको भए तापनि लामो समयसम्मको राजनैतिक सङ्क्रमण र २०७२ सालको भूकम्प तथा सन् २०१९ को अन्त्यतिर सुरु भएको कोभिड-१९ महामारीले समेत नेपालको अर्थतन्त्रमा प्रतिकूल प्रभाव परेको छ ।

वि.सं. २०६२/६३ पछि द्वन्द्वको शान्तिपूर्ण अवतरण भयो । यसले नेपाल राजतन्त्रात्मक व्यवस्थाबाट गणतन्त्रात्मक व्यवस्थामा रूपान्तरित भयो भने नेपालको संविधान २०७२ ले नेपालको राज्य प्रणालीलाई सङ्घीय प्रणालीमा पुर्नसंरचना गर्दै तीन तहको राज्य प्रणाली, सङ्घ, प्रदेश र स्थानीय तहमा रूपान्तरण

गर्‍यो । आ.व. २०६२/६३ पछि नेपाल लामो समय राजनैतिक र आर्थिक सङ्क्रमणमा (political and economic transition) रह्यो । राजनैतिक अस्थिरता तथा संविधान निर्माणमा लागेको लामो समयका कारण आर्थिक वृद्धि तथा विस्तारमा केही अवरोधहरू समेत देखापरेका थिए । आ.व. २०७२ मा आएको विनाशकारी भूकम्पले जनधनको ठुलो नोक्सानी भयो भने नेपालको अर्थव्यवस्था तथा आर्थिक वृद्धिमा समेत यसले प्रतिकूल प्रभाव पार्‍यो । नियमित रूपमा पूर्वाधार विस्तारमा गर्ने लगानी पुनःनिर्माणमा केन्द्रित भयो । नेपालको आर्थिक वृद्धिले आ.व. २०७२/७३ पछि गति लिन सुरु गरेको थियो । यद्यपि, विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ को सङ्क्रमण तथा यसको व्यवस्थापनमा केन्द्रित हुँदा लगानी सङ्कुचन भयो । कोभिड–१९ को कारण बन्दाबन्दी हुँदा आर्थिक गतिविधिहरू, निजी लगानी, पर्यटन, वैदेशिक व्यापार, कृषि क्षेत्र आदिमा परेको प्रतिकूल प्रभावले नेपालको अर्थतन्त्र विस्तारमा प्रतिकूल प्रभाव पार्नुका साथै आर्थिक वृद्धि समेत सङ्कुचन भयो ।

द्वन्द्वको शान्तिपूर्ण अवतरणपछि लामो समयसम्म रेहेको राजनैतिक र आर्थिक सङ्क्रमण र विनाशकारी भूकम्पले अर्थतन्त्रमा प्रतिकूल प्रभाव पारेको भए तापनि आ.व. २०६२/६३ देखि २०७९/८० सम्मको अवधिमा विभिन्न बजेट वक्तव्यमा अवलम्बन गरिएका विभिन्न क्षेत्रगत आर्थिक नीतिले निजी क्षेत्रको उत्थान र सुविधा विस्तारमा सकारात्मक प्रभाव पारेको छ । तथापि, बदलिँदो परिस्थितिमा राज्यले चाल्नुपर्ने आगामी पाइला के-के हुन सक्छन् भन्ने कुरालाई पहिचान गरी सोही अनुसारको कार्य योजना बनाएर अगाडि बढ्न भने सकिएको छैन ।

नेपाल सरकारले दुई दर्जन औद्योगिक उत्पादनमा आत्मनिर्भर हुने नीति अवलम्बन गरी पहिचान गरिएका क्षेत्रका उद्योगहरू, जस्तैः सिमेन्ट उद्योग, कृषि तथा वनजन्य प्रशोधन उद्योग, चिया तथा कफी उद्योग लगायतलाई सहजीकरण गर्ने नीति लिएको छ । निकासी प्रवर्धनका लागि सामूहिक चिन्ह वा ब्राण्ड लिने वा अन्य उपयुक्त विधि अवलम्बन गर्न लाग्ने खर्च सरकारले व्यहोरिदिने प्रणालीको विकास गरिएको छ । आर्थिक वर्ष २०७५/७६ को बजेटमा प्रत्येक प्रदेशमा एक औद्योगिक क्षेत्र, एक आर्थिक क्षेत्र र एक विशेष आर्थिक क्षेत्र स्थापना गर्ने प्रतिबद्धता व्यक्त भएको थियो । त्यसपछिका वर्षहरूमा यस कार्यलाई निरन्तरता दिन र तीव्रता ल्याउन बजेट विनियोजन हुँदै आएको छ भने यी क्षेत्रहरूमा उद्योग स्थापना गर्न प्रोत्साहन गरिएको पाइन्छ । यस नीतिले सरकारी लगानीमा निर्माण भएका पूर्वाधारमा काम गर्ने सुविधा निजी क्षेत्रलाई उपलब्ध गराएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, कम्पनी ऐन, दामासाही ऐन, मान्यता प्रदान गर्ने ऐन, खानी ऐन, पेट्रोलियम पदार्थ तथा प्राकृतिक ग्यास ऐनले पनि निजी क्षेत्रको लगानी विस्तारमा सघाएको छ ।

एक गाउँ एक उत्पादन (One Village One Product) कार्यक्रम सन् १७ जुलाई, २००६ बाट पाँच वर्षका लागि पायलट परियोजनाको रूपमा सुरु गरिएको सार्वजनिक निजी साझेदारी (public private partnership) मा आधारित कार्यक्रम थियो । यो कार्यक्रम सरकारले उपलब्ध गराएको वार्षिक बजेटबाट कृषि विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघको साझेदारीमा सञ्चालन गरिएको

थियो । यस महासंघले सम्बन्धित जिल्ला उद्योग वाणिज्य संघ मार्फत कार्यक्रम कार्यान्वयन गरेको थियो । आ.व. २०७१/७२ को बजेटमा 'एक गाउँ एक उत्पादन' र 'एक जिल्ला एक उत्पादन' कार्यक्रम विस्तार गर्ने घोषणा भएको थियो । यसबाट निजी क्षेत्रको लगानीलाई टेवा पुगेको छ ।

नेपाल सरकारले महिला उद्यमशीलता कोष मार्फत उद्यमशील महिलालाई उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सघाइरहेको छ । निकासी वृद्धिका लागि नेपाल व्यापार एकीकृत रणनीति, २०१० जारी गरिएको थियो । साथै, मुलुकले निकासीमूलक वस्तुको विविधीकरण र बहुदेशमा निकासीको प्रयास गरेको छ । आ.व. २०७६/७७ मा सञ्चालनमा ल्याइएको एकल विन्दु सेवा केन्द्रलाई स्वचालित तुल्याउने सरकारको प्रतिबद्धता रहेको छ । औद्योगिक व्यावसाय ऐन, २०७५ ले निजी क्षेत्रलाई प्रशस्त छुट एवम् सुविधा प्रदान गरेको छ । यसबाट नेपाल आन्तरिक र बाह्य लगानीकर्ताका लागि उपयुक्त थलो बन्न पुगेको छ ।

राज्यले अवलम्बन गरेको आर्थिक उदारीकरणको नीतिलाई निजी क्षेत्रले दुरूपयोग होइन, अवसरको रूपमा सदुपयोग गर्नुपर्छ । यसका लागि मुलुकको तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्छ । निजी क्षेत्रले मुलुकमा उपलब्ध कच्चा पदार्थ, प्रविधि, सिप, जनशक्ति लगायतका क्षेत्रमा लगानी गरी मुलुकलाई आत्मनिर्भर तुल्याउने अभियानमा जुट्नुपर्छ । निजी क्षेत्रले सरकारसँग सहकार्य गरेर अगाडि बढ्ने हो भने निजी क्षेत्र-सरकार-नागरिकबिचको सम्बन्ध सुदृढ हुनेछ ।

२.२ योजनाबद्ध विकासका कार्यक्रम

नेपालमा वि.सं. २०१३ मा योजनाबद्ध विकासलाई मार्गदर्शन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा योजना आयोग गठन गरिएको थियो । उक्त आयोगले प्रथम पञ्चवर्षीय योजना (२०१३/१४ - २०१७/१८) जारी गरी कार्यान्वयनमा ल्याएपछि नेपालमा योजनाबद्ध विकासको औपचारिक थालनी भएको मानिन्छ । वि.सं. २०१७ देखि २०४६ सम्मको पञ्चायती शासनकालमा दोस्रोदेखि सातौँ वार्षिक योजना क्रमशः लागु गरिए । यी योजनाहरूले आर्थिक विकास तथा स्थायित्व, रोजगारी सिर्जना र कृषि क्षेत्रको उत्पादन वृद्धि लगायतका क्षेत्रमा जोड दिएको पाइन्छ । मूलतः पाँचौं योजनादेखि दशौं पञ्चवर्षीय योजनाहरूमा (१९७५–२००७) राष्ट्रिय उत्पादनको वृद्धि र जनताका आधारभूत आवश्यकताहरू पूरा गर्ने ध्येय/लक्ष्य लिएर कृषि, यातायात तथा सञ्चार, पूर्वाधार विकास, शिक्षा तथा स्वास्थ्य, सामाजिक विकास तथा गरिबी निवारण, आत्मर्निभरताका लागि उद्योगको विकास तथा ऊर्जा विकास, रोजगार सिर्जना, प्राविधिक जनशक्तिको विकास, निजी क्षेत्रको प्रवर्धन र ग्रामीण विकासमा प्राथमिकता दिएर कार्यान्वयन गरिएको थियो । यसैगरी, एघारौं, बाह्रौं तथा तेह्रौं योजना (२००६/०७ –२०१५/१६) शान्ति स्थापना, सामाजिक एकता, द्वन्द्वमा भएको पूर्वाधार निर्माणमा केन्द्रित रहेका थिए । यी योजनाहरूमा सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्ति तथा अतिकम विकसित मुलुकबाट न्यून आय भएको मुलुकमा उत्थान हुने कार्ययोजनाअनुरूप रोजगारी सिर्जना, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने, सामाजिक समावेशीकरण बढाउँदै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धि

मार्फत गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटाउनेजस्ता महत्त्वपूर्ण पक्षमा प्राथमिकता दिइएको पाइन्छ । यसैगरी, वि.सं. २०७२ मा नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अङ्गीकार गर्दै संविधान जारी गरेपछि कार्यान्वयन गरिएको चौधौँ योजनाले (२०७३/७४ - २०७५/७६) उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्ने उद्देश्य लिएको थियो (न्यौपाने र उप्रेती, २०७८) ।

पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) ले गरिबी १० प्रतिशतमा झार्ने, ९.६ प्रतिशतको औसत आर्थिक वृद्धि हासिल गर्ने, सरदर आयु ७२ वर्ष पुर्‍याउने, प्रतिव्यक्ति आय १ हजार ५ सय ९६ अमेरीकी डलर बराबर पुर्‍याउने, सुनकोशी मरिन डाइभर्सन, काठमाडौँ-निजगढ द्रुतमार्ग, मध्यपहाडी लोकमार्ग, हुलाकी सडकलगायतका रु. २५ अर्बका १८ वटा आयोजनालाई रूपान्तरणकारी परियोजनाको रूपमा सञ्चालन गर्नेजस्ता लक्ष्यहरू राखेको थियो । यी आयोजनाहरू मुलुकको २५ वर्षे दीर्घकालीन सोचमा आधारित रहेका छन् । राष्ट्रिय योजना आयोग (२०७६) का अनुसार यस योजना अवधिभरमा रु. ९२ अर्बको बजेट खर्च हुने अनुमान गरिएको थियो । कोभिड-१९ महामारी र यसबाट सिर्जित लकडाउनले मुलुकको अर्थतन्त्रलाई नराम्ररी प्रभावित गरेकाले उल्लिखित अवधिमा घोषित लक्ष्य हासिल हुन सक्ने अवस्था रहेन । यस योजनाले विकासका बृहत् परियोजनाहरूलाई रूपान्तरणकारी परियोजना, राष्ट्रिय गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना गरी तीन प्रकारमा वर्गीकरण गरेको थियो । यी तीनै तहका आयोजना विकास तथा पूर्वाधार निर्माणको सवालमा अत्यन्तै महत्त्वपूर्ण आयोजना हुन् । यसर्थ, यी सबै आयोजनाहरूलाई एउटै डालोमा राखी यसको लक्ष्य प्राप्तिमा गर्नुपर्ने बाँकी कामको समीक्षा हुन जरुरी छ ।

पन्ध्रौँ योजनाले अपेक्षित सफलता हासिल गर्न नसकेको अवस्थामा अर्थतन्त्र पुनः चलायमान हुने अपेक्षासहित सोह्रौँ योजना ल्याइएको बुझ्न सकिन्छ। सोह्रौँ योजनाले १३ वटा संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र पहिचान गरेको छ र यी क्षेत्रहरूमा सुधारका लागि सत्रवटा रूपान्तरणकारी रणनीतिहरू अघि सारेको छ । यस योजनाले औसत आर्थिक वृद्धि हालको ३.५ प्रतिशतबाट बढाएर ७.३ प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ । साथै, प्रतिव्यक्ति आय १ हजार ४ सय ५६ अमेरिकी डलरबाट बढाएर २ हजार ३ सय ५१ अमेरिकी डलर बनाउने लक्ष्य राखिएको छ (राष्ट्रिय योजना आयोग, २०८१) ।

सोह्रौँ योजनाले समावेशी, दिगो र उच्च आर्थिक वृद्धिलाई नीतिगत र कार्यगत प्राथमिकता दिएको देखिन्छ । अर्थतन्त्र सुधारका लागि यस योजनाले गरेका पहलहरू नीतिगत रूपमा बलिया नै देखिन्छन् । यसले स्वदेशी र विदेशी पुँजीको उपयोग गर्दै प्रतिस्पर्धी उत्पादन र श्रममूलक क्रियाकलापलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ भने बेरोजगारी न्यूनीकरण, उत्पादनशील रोजगारी सिर्जना र कृषिमा निर्भर जनसङ्ख्याको जीवनस्तर सुधार गर्नका लागि पनि नीतिगत पहलहरू गरको छ । यसका साथै, निजी लगानी र सहकारी विकासलाई प्राथमिकता दिई स्थायित्वका लागि मौद्रिक नीति, मुद्रास्फीति नियन्त्रण र सार्वजनिक ऋण व्यवस्थापनमा सुधार गर्ने नीति लिएको देखिन्छ । औद्योगीकरण र व्यापार प्रवर्धनका

लागि निर्यातमुखी उद्योग र विदेशी लगानी आकर्षित गर्ने, पूर्वाधार र ऊर्जा उत्पादनमा लगानी बढाउने र सामाजिक न्याय एवम् समावेशी विकासमा महिला, दलित र विपन्न वर्गको सशक्तीकरणका कार्यक्रमहरू विस्तार गर्नेजस्ता रणनीतिहरू पनि यस योजनामा समावेश छन् ।

नीतिगत रूपमा महत्त्वाकाङ्क्षी भए तापनि पन्ध्रौं योजनाको तुलनात्मक असफलताको पृष्ठभूमिमा आएको यस योजनाको कार्यान्वयनका आफ्नै चुनौतीहरू छन् । सोह्रौं योजना लागु भइसक्दा विशेषगरी अर्थतन्त्रका आन्तरिक सूचकहरूमा सुधार नआएको र कर्जा प्रवाह कम नै रहेको अवस्था भएकाले अपेक्षित लक्ष्यहरू प्राप्त गर्नमा थप चुनौतीहरू आए-नआएको र आएका भए तिनीहरूको व्यवस्थापनका लागि चाल्नुपर्ने कदमका बारेमा समीक्षा गर्न जरुरी हुन्छ । पन्ध्रौं योजनाले अपेक्षित लक्ष्यहरू प्राप्त गर्न सकेको छैन् (तालिका ७) । विकासका मुख्य क्षेत्रहरूमा पन्ध्रौं योजनाले राखेका केही महत्त्वपूर्ण लक्ष्यहरू र तिनमा भएका उपलब्धिका साथै पन्ध्रौं योजनाका उपलब्धिहरूको समीक्षाका आधारमा सोह्रौं योजनाले राखेका लक्ष्यहरू र दिगो विकास योजना अन्तर्गत आ.व. २१००/०१ का लागि तोकिएका लक्ष्यहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ (तालिका ७) ।

तालिका ७: पन्ध्रौं योजना, सोह्रौं योजना र दीर्घकालीन सोचका तुलनात्मक लक्ष्यहरू

क्र.सं.	क्षेत्र	एकाइ	पन्ध्रौं योजना		सोह्रौं योजना	आ.व. २१००/०१
			लक्ष्य	उपलब्धि (२०७९/८० सम्म)	लक्ष्य	लक्ष्य
१.	औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)	प्रतिशत	१०.३	३.५	७.३	१०.५
२.	प्रतिव्यक्ति आय	अमेरिकी डलर	१,५९५	१,४५६	२,३५१	१२,१००
३.	गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी)	प्रतिशत	९.५	२०.३	१२.०	०
४.	सम्पत्तिमा आधारित जिनी गुणक	गुणक	०.२९	०.२४	०.२२	०.२५
५.	अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	७२	७१.३	७३	८०

क्र.सं.	क्षेत्र	एकाइ	पन्ध्रौं योजना		सोह्रौं योजना	आ.व. २१००/०१
			लक्ष्य	उपलब्धि (२०७९/८० सम्म)	लक्ष्य	लक्ष्य
६.	विद्युत्मा पहुँच प्राप्त परिवार	प्रतिशत	१००	९६.७	१००	१००
७.	विद्युत् उत्पादन (जडित क्षमता)	मेगावट	५,८२०	२,९६२	११,६७९	४०,०००
८.	आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या	प्रतिशत	४०	२५.८	४५	९५
९.	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या	प्रतिशत	६०	३२	६०	१००
१०.	सडक घनत्व	प्रति वर्ग कि.मि.	०.७४	०.६३	०.७७	-

स्रोतः राष्ट्रिय योजना अयोग (२०७६, २०८१)

२.३ दिगो आर्थिक विकासको पहल

सरकारले सन् २०२२ सम्ममा मुलुकको आर्थिक स्तरलाई सुदृढ गरी विकासोन्मुख राष्ट्रको स्तरमा पुऱ्याउने र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । यो लक्ष्य प्राप्त गर्न वित्तीय प्रणालीले उपलब्ध वित्तीय स्रोतलाई प्रभावकारी रूपमा वितरण गर्न सक्नुपर्दछ । उपर्युक्त लक्ष्य प्राप्तिका लागि वित्तीय क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ । घोषित लक्ष्य हासिल गर्नका लागि राज्यले अवलम्बन गरेका वित्तीय र मौद्रिक नीतिका मान्यता देहाय बमोजिमका रहेका छन्ः

क) वित्तीय बजारमा स्वच्छ प्रतिस्पर्धा तथा कुशल वित्तीय प्रणाली,

ख) विवेकशील नियमन,

ग) निजी क्षेत्रसँग राज्यको सहभागिता,

घ) विश्वसनीय सूचना प्रणाली,

ङ) वित्तीय प्रणालीको स्थायित्व,

च) वित्तीय सुशासन तथा बजार अनुगमन,

छ) सुदृढ मानवीय तथा संस्थागत क्षमता,

ज) वित्तीय समावेशीकरण ।

२.४ राष्ट्रिय गौरवका आयोजनाहरूको घोषणा र कार्यान्वयन

आर्थिक विकास तथा पूर्वाधार निर्माणको सन्दर्भमा राष्ट्रिय गौरवका आयोजनाहरूको निकै ठुलो महत्त्व छ । पूर्वाधार निर्माणमा राष्ट्रिय गौरवका आयोजनाहरू लक्ष्य मुताबिक समयमै सम्पन्न गर्न नसक्दा आर्थिक समृद्धिको आकाङ्क्षा पनि पर धकेलिँदै जाने सम्भावना छ । त्यसकारण, 'समृद्ध नेपाल, सुखी नेपाली' को वकालत गरिरहँदा यो लक्ष्य पूरा गर्ने सन्दर्भमा राष्ट्रिय गौरवका आयोजनाहरूको महत्त्व पनि उतिकै रहन्छ ।

आ.व. २०६९/७० मा तत्कालीन राजनैतिक कारणले नियमित बजेट जारी हुन सकेन । त्यसकारण, तत्कालीन सरकारले आफूले सम्पादन गर्न चाहेका कार्यक्रमलाई समेटी तत्कालीन कार्ययोजनाको सूचीसहितको पुस्तिका प्रकाशित गऱ्यो, जसमा १७ वटा ठुला आयोजनालाई राष्ट्रिय गौरवका आयोजना भनेर नामाकरण गरियो । आ.व. २०७०/७१ को बजेटमा उर्जा, सडक तथा रेलमार्ग निर्माण, सिँचाइ, खानेपानी, पर्यटन क्षेत्रको विकास लगायतका गौरवका आयोजनालाई यथावत राखी अन्य थप आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा समेटियो, जस्तै: पशुपति विकास क्षेत्र, लुम्बिनी विकास क्षेत्र, राष्ट्रपति चुरे संरक्षण तथा भेरी बबई डाइभर्सन । त्यसपछिका वर्षहरूमा भने राष्ट्रिय गौरवका आयोजनाहरूमा खासै ठुलो परिवर्तन गरिएको छैन । अहिले पनि राष्ट्रिय गौरवका आयोजना शीर्षकमा केही ठुला आयोजनाहरू सञ्चालन भइरहेका छन् । यसका साथै, पन्ध्रौं पञ्चवर्षीय योजनाले चार तहका आयेजनाहरूको सूची निर्धारण गरेको थियो:

(क) रूपान्तरणकारी परियोजना,

(ख) राष्ट्रिय गौरवका आयोजना,

(ग) उच्च प्राथमिकताका आयोजना, र

(घ) अन्य आयोजना ।

धेरैवटा र महत्त्वाकाङ्क्षी आयोजनाहरू ल्याइएको भए तापनि तिनीहरूको कार्यान्वयनमा भने समस्या देखिँदै आएका छन् । आयोजनाहरू निर्धारित समयमा नसकिनु र यसले आयोजनाको लागत धेरै वृद्धि गर्नु, सुरु भैसकेका आयोजनाहरूमा समेत स्रोतको सुनिश्चितता नहुँदा काम अलपत्र पर्नु, परियोजना सञ्चालन गर्ने परियोजना प्रमुख र लेखा प्रमुखको पटकपटक सरुवा हुनु, मुआब्जा र प्रभावित जनसङ्ख्याको पुनर्स्थापना लगायत परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन तथा वन कटानीसम्बन्धी विषयमा निर्णय हुन लामो समय लाग्नुजस्ता समस्याहरूका कारण अधिकांश राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माणको गति सुस्त भएको र तिनीहरूले अपेक्षित परिणाम दिन नसकेको अवस्था छ ।

२.५ अन्य नीतिगत पहलहरू

योजनाबद्ध विकास र वार्षिक कार्यक्रम अन्तर्गत विशिष्टीकृत क्षेत्रको विकासका लागि अन्य नीतिगत पहलहरू पनि भएका छन् । कृषि क्षेत्रको विकासका लागि सन् १९९५ देखि २०१५ सम्म दीर्घकालीन कृषि योजना लागु भएको थियो र २०१५ देखि २०३५ सम्मका लागि कृषि विकास रणनीति सक्रिय छ। साथै, पर्यटन क्षेत्रको विकासका लागि राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०३५), वन क्षेत्रका लागि मास्टर प्लान फर फरेस्ट्री सेक्टर (२०१६-२०२५) लगायतका नीतिहरू कार्यान्वयनमा छन्। साथै, 'गरिबीमुक्त र समानतायुक्त समाजको दीर्घकालीन सोचसहित गरिबी निवारण नीति (२०७६) कार्यान्वयनमा ल्याइएको छ भने समग्र औद्योगिक विकासका लागि औद्योगिक व्यवसाय ऐन (२०७६) सक्रिय छ ।

यसैबिच देशमा अन्तर्राष्ट्रियस्तरका नीतिगत सम्झौता र पहलहरू पनि कार्यान्वयन भएका छन् । सन् २००४ मा नेपालले (World Trade Organization -WTO) को सदस्यता लिएको थियो । राष्ट्रिय अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग आबद्ध गरी मुलुकको वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी बनाउने र खुला अन्तर्राष्ट्रिय व्यापार प्रणालीबाट अधिकतम फाइदा लिने उद्देश्यसहित नेपालले यो सदस्यता लिएको हो (वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०६९)। नेपालले (United Nations Framework on Convention of Climate Change -UNFCCC) अन्तर्गतको पेरिस सम्झौतालाई पनि अनुमोदन गरेको छ । जलवायु परिवर्तन र यसले निम्त्याउने विनाश रोक्न यो सम्झौता अन्त्यन्तै महत्त्वपूर्ण मानिएको छ । यसैगरी, सुशासन र सामाजिक न्यायका लक्ष्यअन्तर्गत नेपालले सन् १९९० पछि Convention on the Rights of Persons with Disabilities, International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families लगायतका अन्तर्राष्ट्रिय सम्झौताहरू अनुमोदन गरेको छ ।

देशमा योजनाबद्ध विकासका कार्यक्रमहरू सञ्चालन भइरहँदा विश्व परिवेशमा आएका परिवर्तनका कारण सरकारले केही महत्त्वपूर्ण नीतिगत पहलहरू गरिरहेको छ। विशेषगरी विगतका केही दशकमा सञ्चारको क्षेत्रमा विश्वव्यापी रूपमा नै आमूल परिवर्तन भएको छ। देशभित्रै पनि सञ्चार क्षेत्रको तीव्र रूपमा विकास भएको छ। यसैबिच, सरकारले डिजिटल गभर्नेन्स र साइबर सुरक्षासम्बन्धी नीतिहरूलाई विशेष महत्त्व दिएको छ । विद्युतीय व्यापार (ईकमर्स), अन्तर्राष्ट्रिय भुक्तानी, डिजिटल सेवाहरूको आयात-निर्यात तथा नियमन र विशेषगरी सञ्चार तथा प्रविधि क्षेत्रमा तीव्र विकास भइरहेको सिमानारहित रोजगारीका विषयमा भने पर्याप्त नीतिगत पहल भइसकेको देखिदैन ।

उदारीकरण र निजी क्षेत्रको विस्तारका कारण हालको समयमा विशेषगरी सेवा क्षेत्रका पूर्वाधारहरूको विकास तुलनात्मक रूपमा तीव्र गतिमा भएको देखिन्छ । यसको अर्को पाटोको रूपमा यसबिचमा एकाधबाहेक सार्वजनिक संस्थानहरू भने कमजोर हुँदै गएका छन् । सार्वजनिक रूपमा सञ्चालित विद्यालय, अस्पताल लगायतका पूर्वाधारहरूको गुणस्तर खस्किदै गएको वा निजी क्षेत्रसँग गुणस्तरमा

प्रतिस्पर्धा गर्ने क्षमता विकास गर्न नसकेको अवस्था छ । यसर्थ, सार्वजनिक क्षेत्रको सुधार र विकासका लागि भएका पहलहरू पर्याप्त देखिँदैनन् । यी विषयहरूमा भएका नीतिगत पहल र तिनमा भएका समस्याहरूका बारेमा विशेषगरी चौथो खण्डमा विषय सान्दर्भिक शीर्षक अन्तर्गत चर्चा गरिएको छ ।

२.६ तीन तहका सरकारको भूमिका र उत्तरदायित्व

मुलुक सङ्घीयतामा प्रवेश गरिसकेपछि आर्थिक विकासको प्रारूप र त्यसमा तीनै तहका सरकारको भूमिका के हुने भन्ने सन्दर्भमा संविधानले स्पष्ट व्यवस्था गरेको छ । संविधानको अनुसूची ५ देखि ९ सम्म अर्थतन्त्र निर्माणको सवालमा सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहले एकल र साझा रूपमा के-कस्तो भूमिका खेल्ने, कुन-कुन अधिकारको उपभोग गर्ने भन्ने स्पष्ट व्यवस्था गरिएको छ । बदलिँदो परिस्थितिमा जिम्मेवारी र अधिकार क्षेत्र बाँडफाँटको कुरालाई समन्वयात्मक ढङ्गले कार्यान्वयनमा लैजानु पर्दछ । मुलुक सङ्घीयतामा प्रवेश गरेको अवस्थामा सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारले अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान गर्नुपर्छ, आ-आफ्नो भूमिकालाई सशक्त बनाउनुपर्दछ। संवैधानिक प्रावधान र सङ्घीयताको मर्मअनुरूप सङ्घीय सरकारले मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महसुलजस्ता राष्ट्रियस्तरमा राजस्व असुली गरी निश्चित सिद्धान्तका आधारमा तीनै तहका सरकारमा बाँडफाँट गर्नुपर्छ। यही सिद्धान्त प्रदेश सरकारको हकमा पनि लागु हुन्छ । स्थानीय तहले भने जनतामा करको भार थोपरिएको महसुस हुन नदिई क्रमशः आफ्नै खुट्टामा उभिन सक्ने दिशामा उन्मुख भई त्यसस्तरको ग्रामीण अर्थतन्त्रको जग निर्माण गर्नुपर्दछ । राष्ट्र निर्माणको विषयमा राष्ट्रियस्तरका पूर्वाधार निर्माण र विकासका काममा सङ्घीय सरकारबाट, प्रादेशिकस्तरका पूर्वाधार निर्माण र विकासका काममा प्रदेश सरकारबाट र स्थानीयस्तरका पूर्वाधार निर्माण र विकासका काममा स्थानीय तहबाटै कार्यसम्पादन गर्ने परिपाटीको विकास गर्दै काममा दोहोरोपना हुन दिनु हुँदैन । तीनै तहका सरकारहरूले अर्थतन्त्र निर्माणमा निजी क्षेत्रलाई उत्प्रेरित गर्ने नीति लिनुका साथै उत्पादनमा सहकारीलाई अघि सार्नुपर्छ । जनताले तिरेको करको रकम खर्च गर्दा पूर्णतः सदुपयोग हुने नीति लिनुपर्छ। सबै सरकारहरू आर्थिक अनुशासन, पारदर्शिता, जबाफदेहिता र मितव्ययीताको सवालमा कठोर हुनुपर्छ ।

२.७ कोभिड-१९ महामारीले सिर्जना गरेका चुनौती र अवसर

सङ्क्रामक रोग कोभिड-१९ ले विश्व अर्थतन्त्र र मानवीय जीवनमा ठुलो सङ्कुचन ल्याएको छ । नेपालको सन्दर्भमा पनि कोभिड-१९ ले ठुलै असर पुऱ्याएको देखिन्छ ।

विश्व श्रम सङ्गठनले २५ जनवरी २०२१ मा जारी गरेको एक प्रतिवेदन अनुसार कोभिड-१९ का कारण सन् २०२० मा विश्वभर करिब ११ करोड ४० लाख मानिसले रोजगारी गुमाएका थिए भने सन् २०२१ मा करिब १३ करोड मानिसले रोजगारी गुमाउन सक्ने प्रक्षेपण गरिएको थियो (ILO, 2021) । कोभिड-१९ कै कारण कृषिजन्य उत्पादनमा ठुलो ह्रास आएको छ, जसको परिणामस्वरूप कैयौँ मुलुकले

आफ्नो कृषि उत्पादनको निकासीमा प्रतिबन्ध लगाउने छनक देखाएका छन् । कैयौं मुलुकले सम्भावित भोकमरीबाट आफ्ना नागरिकलाई जोगाउन कृषि उत्पादनलाई 'बफर स्टक' (buffer stock) मा राख्ने चाँजोपाँजो मिलाउँदै छन् । यसरी भविष्यमा खाद्यान्न लगायतको आयात गर्न नसकिने र आयात भए तापनि उच्च मूल्य चुकाउनु पर्ने देखिन्छ ।

त्यसकारण, सम्भावित खाद्यान्न सङ्कटको परिस्थितिलाई मनन गर्दै कृषि उत्पादन वृद्धि गर्न सके खाद्यान्नमा आत्मनिर्भर बन्न सकिने, सम्भावित खाद्यान्न सङ्कटलाई टार्न सकिने र उच्च मूल्यमा निकासी समेत गर्न सकिने सम्भावना छ । यस प्रकारको सम्भावनालाई हामीले अवसरको रूपमा ग्रहण गर्न जरुरी छ । नेपालमा कृषि उत्पादनमा आत्मनिर्भर हुनु भनेको रु. २ खर्ब बराबरको आयात प्रतिस्थापन गर्नु मात्रै होइन कृषिको क्षेत्रमा ठुलो सङ्ख्यामा रोजगारी सिर्जना गर्नु पनि हो । अहिलेको सङ्कटमा रोजगारीको सिर्जना गर्ने र त्यस मार्फत मुलुकलाई आत्मनिर्भर बनाउने एकमात्र उपाय भनेको कृषिमा लगानी, व्यावसायीकरण, विविधीकरण र प्रविधिको प्रयोग नै हो । यसर्थ, कोभिड-१९ ले नेपालमा कृषि क्षेत्रमा व्यापक लगानी गरेर उत्पादकत्व वृद्धि गर्ने, कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउने र कृषिजन्य उत्पादनको निर्यात व्यापार घाटा न्यूनीकरण गर्ने अवसर पनि सिर्जना गरेको छ ।

कोभिड-१९ को महामारीका कारण नेपालको अर्थतन्त्र सङ्कुचनमा परेको छ भने जनजीविकाको सवाल पनि अप्ठ्यारोमा परेको छ । सन् २०२० को सुरुदेखि नै कोरोनाका कारण अर्थतन्त्र सङ्कुचित हुन थालेपछि विश्व बैंकले नेपालको आर्थिक वृद्धिदर निकै खस्किने, विप्रेषण घट्ने, व्यापारमा मन्दी आउने, पर्यटक आगमन कम हुने र औद्योगिक कच्चा पदार्थको आयात समेत कम हुने आदि कारणले आयातमा भर परेको नेपालको राजस्व कम हुने र सार्वजनिक तथा निजी दुवै लगानी घट्ने हुँदा समग्रमा कामदारहरूको रोजगारी गुम्ने वा रोजगारको अवधिमा कमी आउनुका साथै महँगी समेत बढ्ने भएकाले गरिबीको दर वृद्धि हुने प्रक्षेपण गरेको थियो । साथै, सन् २०१९ मा नेपालको आर्थिक वृद्धिदर ६.३९ प्रतिशत रहेकामा सन् २०२०, २०२१ र २०२२ मा आर्थिक वृद्धिदर क्रमशः -२.४२ प्रतिशत, ४.४९ प्रतिशत र ५.२८ प्रतिशत रहेको पाइयो (चित्र १) ।

सन् २०१७ मा नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्राष्ट्रिय श्रम संगठनको सहकार्यमा गरिएको सर्भेक्षणअनुसार नेपालमा १० लाख बेरोजगार रहेका छन् (ILO, 2019) । विश्व श्रम सङ्गठनका अनुसार नेपालमा अनौपचारिक क्षेत्रमा करिब ५७ लाख मजदुर कार्यरत छन् । अनौपचारिक क्षेत्रअन्तर्गत निर्माण, उत्पादन र व्यापारका क्षेत्रसँग सम्बन्धित मजदुरको सङ्ख्या करिब ३७ लाख रहेको छ, जसमध्ये कोभिड-१९ को कारण आंशिक वा पूर्णरूपमा रोजगारी गुमाउनेको सङ्ख्या करिब १५ देखि २० लाख भएको प्रारम्भिक अनुमान छ । यसैगरी, पर्यटन क्षेत्रसँग सम्बन्धित करिब ५ लाख मजदुरहरूले रोजगारी गुमाएको अनुमान छ (ILO, 2020) ।

सङ्क्रामक रोग कोभिड-१९ ले नेपालको अर्थतन्त्र र जनजीविकाका सवालमा पारेको प्रभावलाई न्यूनीकरण गर्न सरकारले विभिन्न राहतका कार्यक्रम ल्याएको थियो । आर्थिक वर्ष २०७७/७८ को बजेटमा कोभिड-१९ ले दैनिक जीवनमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न सरकारले ल्याएको राहतका कार्यक्रमलाई सङ्क्रमणको जोखिम रहँदासम्म निरन्तरता दिने प्रतिबद्धता व्यक्त भएको थियो । यसका अतिरिक्त, असङ्गठित क्षेत्रमा रही रोजगारी गुमाएका श्रमिकलाई न्यूनतम ज्यालाको एक चौथाई बराबरको खाद्यान्न राहत उपलब्ध गराउने बजेटको प्रतिबद्धता रहेको थियो । यो प्रतिबद्धता हुबहु कार्यान्वयनमा आउन नसक्दा पीडित नागरिकहरू आक्रोशित भएका थिए ।

सङ्क्रामक रोग कोभिड-१९ को महामारीबाट सङ्कुचनमा परेको नेपाली अर्थतन्त्रको पुनरुत्थानका लागि सरकारले आर्थिक 'प्याकेज' (package) ल्याएको थियो । आर्थिक वर्ष २०७७/७८ को बजेटमा नेपाल सरकारले कोभिड-१९ का कारण ठप्प भएका घरेलु, साना तथा मझौला उद्यम लगायत पर्यटन व्यवसायका श्रमिकले तलबसम्म पाउन नसक्ने अवस्थालाई मनन गरी ५ प्रतिशत ब्याजदरमा ऋण पाउने गरी रु. ५० अर्बको छुट्टै कर्जा कोष घोषणा गरेको थियो र यसलाई आ.व. २०७८/७९ मा पनि निरन्तरता दिइएको थियो । यसैगरी, कोभिड-१९ बाट प्रभावित कृषि, घरेलु, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, होटल, पर्यटन क्षेत्रका उद्योगलाई पुनर्कर्जा प्रदान गर्न एक खर्ब सुविधाको व्यवस्था पनि गरिएको थियो । सरकारले ल्याएको यस प्याकेजलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको निजी क्षेत्रले खासै राहतको रूपमा स्वीकार नगरेकाले यो राहतउपर नै प्रश्न उठेको थियो ।

राहत प्याकेजले मात्रै सबै कुरा नसमेट्ने भएको हुँदा त्यही राहत प्याकेजको परिपूरकको रूपमा आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिमा पनि केही राहतका थप कार्यक्रम अघि सारिएका थिए, जसको निजी क्षेत्र तथा विज्ञहरूबाट प्रशंसा भए तापनि हाल अघि सारिएका राहत प्याकेज, वित्तीय तथा मौद्रिक नीतिमा घोषणा भएका कार्यक्रम कार्यन्वयनमा आउन नसकेको भन्दै निजी क्षेत्र सशङ्कित हुनुका साथै निराश समेत हुन पुगेको छ ।

खण्ड तीन

विकास पूर्वाधारको अवस्था र आवश्यक सुधार

विकासका लागि पूर्वाधार अपरिहार्य हुन्छ । पूर्वाधार निर्माणमा लगानी नगरी विकासको लक्ष्यमा पुग्न सकिदैन । पूर्वाधारको विकास अर्थात् भौतिक संरचनाको निर्माण भनेको आफैमा विकासको एक पाटो पनि हो । देश, परिस्थिति र आवश्यकताका आधारमा पूर्वाधार निर्माणका क्षेत्रको निर्धारण र प्राथमिकीकरण फरक-फरक हुन सक्छ । नेपालको सन्दर्भमा पनि हामीले आफ्नो आवश्यकता, सामर्थ्य र राष्ट्रिय हितको आधारमा यी क्षेत्रहरूको पहिचान र प्राथमिकीकरण गर्नुपर्दछ । हामीसँग उपलब्ध स्रोत, साधन र सम्भावनाका आधारमा राज्यले प्राथमिकताका साथ सडक पूर्वाधार, सिँचाइ, औद्योगिक तथा बैंकिङ पूर्वाधार तथा जलविद्युत् विकासमा जोड दिनुपर्दछ । पूर्वाधार निर्माणको पहल गरिरहँदा सार्वजनिक सेवाप्रवाहलाई केन्द्रविन्दुमा राखेर त्यसको मात्रात्मक र गुणात्मक सुधारको पक्षलाई पनि जोड दिनुपर्दछ ।

३.१ सडक

३.१.१ वर्तमान अवस्था

आर्थिक विकास र समृद्धिका लागि सडक पूर्वाधार तथा सडक सञ्जालको निर्माण सबैभन्दा महत्त्वपूर्ण हुन्छ । सडक पूर्वाधारको विकास अन्य क्षेत्रको विकासका लागि पहिलो सर्त नै हो । सडक सञ्जालको कुरा गरिरहँदा प्रयोगका हिसाबले यसको गुणस्तरको पक्ष पनि निकै महत्त्वपूर्ण हुन आउँछ । नेपालको सन्दर्भमा, विकासको विद्यमान अवस्था, आवश्यकता र गुणस्तरीयताका आधारमा सडक पूर्वाधार पर्याप्त छैन । विगत १० वर्षमा (आ.व. २०७०/७१ देखि २०७९/८० सम्म) सडक विभाग अन्तर्गत ७ हजार ८१ कि.मि. सडक कालोपत्रे, ७ हजार ५४ कि.मि. ग्राभेल र ५ हजार ७ सय १२ कि.मि. नयाँ ट्र्याक निर्माण भएको छ (सडक विभाग, २०८०) । यसैगरी, आ.व. २०७७/७८ मा सडक विभागद्वारा प्रकाशित राष्ट्रिय राजमार्ग तथ्याङ्क अनुसार नेपालमा ११ हजार १ सय ७८ कि.मि. सडक राष्ट्रिय राजमार्ग अन्तर्गत विस्तार भएको उल्लेख छ (सडक विभाग, २०७८) । स्थानीय तहबाट करिब ६२ हजार कि.मि. सडक निर्माण भएको अनुमान गरिएको छ (स्थानीय पूर्वाधार विभाग, २०८०) । अहिले भइरहेका सडकहरूलाई प्रयोगका हिसाबले गुणस्तरीय बनाउन सके नेपालमा करिब १ लाख कि.मि. सडक सञ्जाल तयार हुने थियो र यस प्रयोगका हिसाबले पर्याप्तताको नजिकमा पुग्ने थियो ।

हामीसँग पूर्व-पश्चिम सडक जोड्ने हुलाकी मार्ग, पूर्व-पश्चिम राजमार्ग र मध्य-पहाडी लोकमार्गहरू पनि छन् । यी राजमार्गहरूलाई एसियाली मापदण्डभित्र समेटिने गरी स्तरोन्नति गर्ने सरकारको योजना छ । पूर्व-पश्चिम रेलमार्गको निर्माणमा पनि सरकार जुटिसकेको छ । हुलाकी मार्ग, पूर्व-पश्चिम राजमार्ग र मध्य-पडाडी लोकमार्ग जस्तै अब उच्च पहाडी पूर्व-पश्चिम राजमार्ग पनि आरम्भ गर्नुपर्छ । यो करिब २५ सय कि.मि. लम्बाइको हुनु पर्नेछ । सिमीकोटसम्मको मोटरबाटो निर्माण भएपछि सम्पूर्ण

जिल्लालाई राष्ट्रिय राजमार्गको सडक सञ्जालमा जोड्ने राष्ट्रिय अभियान पूरा हुनेछ। अतः सरकारले यो सडक निर्माणको कार्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्दछ। यस प्रकारका सडक सञ्जाल विस्तार गर्दा हामीले कम्तीमा पनि आधा शताब्दीपछिको जनसङ्ख्याको चाप र घरेलु तथा बाह्य परिवेश समेतलाई ध्यानमा राखेर सडक पूर्वाधार निर्माणका अन्तर्राष्ट्रिय मापदण्डलाई पालना गर्नै पर्दछ।

कोभिड-१९ को महामारीका कारण शिथिल बनेको अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले पुँजीगत खर्चमा व्यापक वृद्धि गरेको छ। विभिन्न आर्थिक वर्षको बजेटमा विनियोजित पुँजीगत बजेटको उपयुक्त प्रयोग तथा कार्यक्रम सञ्चालन गर्न सके मुलुकको आर्थिक क्रियाकलाप चलायमान हुने अपेक्षा गर्न सकिन्छ । सडक पूर्वाधारको विकास र विस्तार गर्नु बजेटको अर्को विशेषता हो । आर्थिक वर्ष २०७७/७८ को बजेटले हुम्लाको सदरमुकाम सिमिकोटलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने लक्ष्य लिएसँगै हाल ७७ वटै जिल्लाका सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। यसैगरी, बजेटमा काठमाडौँको नागढुङ्गा सुरुङ मार्गको निर्माण आरम्भ गर्ने, तीनकुने-कोटेश्वर-जडीबुटीमा 'अण्डरपास' वा 'फ्लाइओभर'को निर्माण गर्ने लक्ष्य राखिएको थियो । काठमाडौँको तीनकुने-कोटेश्वर-जडीबुटी खण्डमा 'अण्डरपास' वा 'फ्लाइओभर' निर्माण गर्दा त्यहाँको भौगर्भिक अवस्थाको वैज्ञानिक अनुसन्धान गरिनुका साथै त्यसको नजिकै रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई असर गर्छ वा गर्दैन भन्ने सन्दर्भमा पनि पूर्वअध्ययन गरेर मात्रै त्यसप्रकारका परियोजना सञ्चालन गर्नुपर्ने हुन्छ। काठमाडौँ-मधेश फास्ट ट्र्याक निर्माण, उत्तर दक्षिण कोरिडोर निर्माणको थालनी तथा विभिन्न राजमार्ग र अन्य सडकखण्डको स्तरोन्नति गर्ने आदि कार्यमा बजेट विनियोजन गरी मानिसहरूको यातायात समय छोटो बनाउने पहललाई बजेट वक्तव्यहरूमा विशेष प्राथमिकताका साथ प्रस्तुत गरेको पाइन्छ।

३.१.२ सुधारका लागि सुझावहरू

सडक वा अन्य पूर्वाधार निर्माणका सबै परियोजनाहरू निर्धारण वा निर्माण गर्दा निकट र सुदूरभविष्यलाई समेत हेर्नुपर्ने हुन्छ। अर्थात्, दीर्घकालीन उपयोग/उपभोग वा त्यसबाट प्राप्त हुने लाभलाई दृष्टिगत गरी यस्ता पूर्वाधारको निर्माण गर्नुपर्दछ। अन्यथा, आयोजना सम्पन्न नहुँदै वा आयोजना सम्पन्न भएको केही वर्षमै त्यसको उपादेयतामाथि प्रश्न चिन्ह खडा हुनसक्छ । त्यति मात्रै होइन, अर्थशास्त्रीय सिद्धान्तको कसीबाट उत्पादनमूलक वा प्रतिफलमुखी नहुन पनि सक्दछ।

त्यसकारण, हामीले अवलम्बन गरेको राजनीतिक प्रणाली र शासन/प्रशासनमा यसले पार्ने प्रभाव, भूराजनैतिक अवस्थिति समेतलाई ध्यानमा राखेर मात्रै ठूला परियोजनाहरूको परिकल्पना र निर्माण गर्नुपर्दछ। सबै नीतिको मूल नीति राजनीति नै भएको हुँदा राजनीतिमा देखापर्ने उतारचढाव वा सत्ता परिवर्तनले विकासका आयोजना समेत प्रभावित हुन सक्छन्। शासन सत्तामा हुने परिवर्तनले राष्ट्रिय हित र ठूला ठूला परियोजनाहरू कहिँकतैबाट प्रभावित हुनुहुँदैन। अतः सम्भव भएसम्म सबै राजनीतिक दलहरूको बिचमा न्यूनतम सहमति गरेर मात्रै राष्ट्रिय गौरवका आयोजनाहरू वा 'गेम चेन्जर प्रोजेक्ट' (game changer project) हरू वा अति उच्च प्राथमिकताका आयोजनाहरूको पहिचान र प्राथमिकीकरण

गर्ने संस्कृतिको विकास गर्न जरुरी छ । त्यसो हुन सक्यो भने सत्ता परिवर्तन भए तापनि सरकारको प्राथमिकता परिवर्तन हुँदैन । फलस्वरूप, त्यस्ता परियोजनाहरू तोकिएकै समयमा सम्पन्न हुनसक्छन्, जसले लागत बढ्ने/बढाउने परिपाटीको पनि अन्त्य हुनेछ ।

साथै, ठुलो परियोजना निर्माणको अर्को महत्त्वपूर्ण पक्ष भनेको आर्थिक पारदर्शिता, जबाफदेहिता र समयसीमाको पालना पनि हो । यिनै कुरालाई मध्यनजर गर्दै राष्ट्रिय गौरव वा 'गेम चेन्जर' वा अति उच्च प्राथमिकताका आयोजनाहरूको सङ्ख्या सकेसम्म कम हुनु पर्दछ र ती परियोजनाहरू बहुवर्षीय ठेक्कामा सञ्चालन गर्नुपर्दछ। परियोजना सञ्चालनका क्रममा यो वा त्यो नाममा, यो वा त्यो बहानामा हुने अवरोध लगायतको अन्त्य गर्न राजनीतिक तहमै सहमति कायम गर्नै पर्दछ। त्यस्ता परियोजनाहरू सञ्चालनमा राजनैतिक वा अन्य तहबाट हुने व्यवधानको अन्त्यका लागि ऐन वा निश्चित कार्यविधि नै बनाएर लागु गर्नु पर्दछ ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा थप पूर्वाधार निर्माणका लागि प्रदेश सरकार र स्थानीय तहलाई बढीभन्दा बढी जिम्मेवार तुल्याउनु पर्छ। सिँचाइको क्षेत्रमा मात्रात्मक र गुणात्मक विकासका लागि अभियानकै रूपमा सबै कृषियोग्य जमिनमा सिँचाइको सुविधा पुऱ्याउनु पर्छ। पूर्वाधार निर्माणका क्षेत्रमा सम्भव भएसम्म निजी क्षेत्रको लगानी पनि भित्र्याउनु पर्छ ।

सहायक मार्ग तथा ग्रामीण सडकहरू प्रादेशिक सरकार तथा स्थानीय तहबाट समेत क्रमशः निर्माण हुँदै जाने भएको हुँदा सङ्घीय सरकारले सडक पूर्वाधार निर्माणको प्राथमिकता अब केही हेरफेर गर्नु पर्दछ। अर्थात्, राष्ट्रिय हित, अन्तर्राष्ट्रिय व्यापार र पर्यटनको विकास समेतलाई प्रवर्धन गर्न भइरहेका सडक सञ्जालको स्तरोन्नति, रेलमार्गको निर्माण, सम्भव भएसम्म पानी जहाज सञ्चालनका लागि आावश्यक पूर्वाधारको निर्माण, रज्जुमार्ग तथा पदयात्रा मार्ग निर्माणतर्फ राज्यको ध्यान केन्द्रित हुनुपर्दछ। यसैमा मुलुकको दीर्घकालीन हित लुकेको छ ।

३.२ जलविद्युत

३.२.१ वर्तमान अवस्था तथा सम्भावना

३.२.१.१ जलविद्युत उत्पादन तथा खपत अवस्था

हाम्रो भूगोल र जनसङ्ख्याका आधारमा हामी जलस्रोतमा धनी र सम्पन्न छौं। अर्थात्, नेपाल जलस्रोत र जलविद्युत् उत्पादन क्षमताका हिसाबले विश्वमै ब्राजिलपछि दोस्रो ठुलो सम्भावना भएको मुलुक हो भनी पाठ्यक्रममा पढ्न र सुन्न थालेको दशकौं भइसक्यो । नेपालमा करिब ८३ हजार मेगावाट जलविद्युत् उत्पादनको क्षमता छ भनी नेपालीको मानसपटलमा भरिए तापनि आधुनिक प्रविधिले यसलाई असीमित क्षमतामा रूपान्तरित गरिदिएको छ । नेपालभित्र रहेका नदीनालाहरूको सरदर वार्षिक बहाब (average annual run off) करिब २ सय २५ अर्ब घनमिटर रहेको अनुमान छ (WECS,

2011) । हाल मुलुकमा २ हजार ६ सय ८४ मे.वा. जलविद्युत् उत्पादन क्षमताका पावर हाउसहरू सञ्चालनमा छन् (नेपाल प्रेस, २०८०) । अहिले नेपालमा लोडसेडिङ छैन, तर विद्युत् उत्पादनमा मुलुक आत्मनिर्भर पनि छैन । बढ्दो विद्युत् मागलाई पूर्ति गर्न हामीले कटैया-राजबिराज, सीतामणि-जलेश्वर, कटैया-इनरुवा, रक्सौल-वीरगंज, जयनगर-सिरहा, नानपारा-नेपालगञ्ज, कटैया-कुशाहा, रामनगर-गण्डक, टनकपुर-महेन्द्रनगर, मुजफरपुर-ढल्केवर र रक्सौल-परवानीपुर ट्रान्समिसनको माध्यमद्धारा भारतबाट विद्युत् आयात गरिरहेका छौँ । यसका अतिरिक्त, केही 'मल्टिफ्यूल प्लान्ट' र केही मात्रामा सोलारबाट पनि विद्युत् उत्पादन गरेर वितरण गरिरहेका छौँ ।

सन् २०२२ सम्मको तथ्याङ्क अनुसार राष्ट्रिय विद्युत् प्रणाली मार्फत विद्युत् सेवामा पहुँच पुगेको जनसङ्ख्या ९१.३ प्रतिशत रहेको छ (WDI, 2023) । अहिलेको प्रतिव्यक्ति विद्युत् खपत दर ३ सय २ कि.वा. प्रतिघण्टा रहेको छ, जुन विकसित मुलुकका जनताको तुलनामा निकै न्यून हो (WorldData, 2023) । दक्षिण एसियामा नेपालको प्रतिव्यक्ति ऊर्जा खपत न्यून रहेको छ । नेपालमा विद्युत् शक्तिको उपयोग आम मानिसले केवल बत्ती बाल्ने प्रयोजनका लागि गरिरहेका छन् । बत्ती बाल्ने प्रयोजनका लागि उपभोक्ताको घरमा पाँच 'एम्पियर' क्षमता वहन गर्ने 'मिटरबक्स' जडान गरिएको हुन्छ । त्यसकारण, आम उपभोक्ताको घरमा आधुनिक विद्युतीय उपकरण प्रयोग गर्न सकिन्न ।

त्यसैगरी, हामीसँग विद्युत्लाई कसरी मानवीय सुविधाका लागि बढीभन्दा बढी उपयोग गर्न सकिन्छ भन्ने ज्ञानको अभावका कारण पनि विद्युत् खपतमा वृद्धि हुन सकिरहेको छैन । उदाहरणका लागि, Liquefied Petrolium Gas (LPG) मा भन्दा 'इण्डक्शन' चुलोमा खाना पकाउन सस्तो पर्छ भन्ने ज्ञानको अभाव छ; नेपालको सन्दर्भमा यातायातका लागि 'पेट्रोलियम' पदार्थभन्दा विद्युत् शक्तिको उपयोग सस्तो पर्छ भन्ने ज्ञानको अभाव छ; 'डिजेल प्लान्ट' भन्दा बिजुली सस्तो पर्छ भन्ने जानकारी पनि छैन । प्रविधिमा भएको गुणात्मक र मात्रात्मक विकाससँगै विद्युत् उपयोग वृद्धि गर्ने विभिन्न माध्यमहरू छन्, जसलाई मानवीय सुख र समृद्धिसँग गाँसेर हेर्नुपर्ने हुन्छ । कृषि उत्पादन बढाउन कृषिमा आधुनिकीकरण गर्नुपर्दछ र कृषिमा आधुनिकीकरण गर्न विद्युत् खपत बढाउनुपर्छ पनि भन्न सकिएको छैन । विद्युत् उपयोगका लागि 'मिनी रिफाइनरी', रसायनिक मल कारखाना, सातै प्रदेशमा नयाँ औद्योगिक क्षेत्र, कृषि औजार कारखाना, सिमेन्ट कारखाना, ७ सय ५३ वटै पालिकामा मिनी औद्योगिक ग्रामको स्थापना गर्न सकिन्छ । सूचना, सञ्चार र प्रविधि (आईसीटी) को क्षेत्रमा लगानी आकर्षण गर्न सकिन्छ । विद्युतीय रेलमार्ग निर्माणको अवधारणाले मुर्तरूप लिने हो भने विद्युत् खपत ह्वात्तै बढ्छ । प्रविधिलाई अधिकतम उपयोग गर्दै मानव जीवनसँग जोड्ने हो भने विद्युत् खपत मात्रात्मक रूपमा वृद्धि हुन्छ । तथापि, हामी उत्पादित जलविद्युत् खेर जाने भयो भन्ने गर्दछौँ । प्रविधिको उपयोगलाई बढाउने हो भने विद्युत् खपत पनि स्वतः वृद्धि हुन्छ भन्ने चेतनाको विकास हुन जरुरी छ ।

३.२.१.२ वर्तमान स्थिति

औद्योगिक व्यवसाय ऐन, २०७५ ले जलविद्युत् उत्पादन, प्रसारण वा वितरणमा लगानी गर्नेलाई १० वर्षसम्मका लागि आयकर शतप्रतिशत छुट दिएको छ । त्यसपछि पनि पाँच वर्षसम्मका लागि आयकरमा ५० प्रतशित छुट हुने व्यवस्था गरिएको छ । त्यसैगरी, सौर्य, वायु तथा जैविक पदार्थबाट विद्युत् उत्पादन गर्ने आयोजनालाई पनि सोही ऐनले १० वर्षसम्मका लागि आयकरमा शतप्रतिशत छुट दिएको छ भने त्यसपछिको पाँच वर्षसम्म आयकरमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । यसका अतिरिक्त, जलविद्युत्को क्षेत्रमा लगानी आकर्षित गर्न सरकारले जलविद्युत् आयोजनालाई प्रतिमेगावाट रु. ५० लाख नगद अनुदान दिने नीति लिएको छ । त्यसैगरी, विद्युत् उत्पादनमा प्रयोग हुने आवश्यक सामाग्रीको आयातमा पनि केही प्रतिशत छुट उपलब्ध गराउने व्यवस्था गरेको छ । तथापि, विडम्बना नै भन्नुपर्छ कि हालसम्म कुनै पनि विद्युत् आयोजनाले रु. ५० लाख अनुदान हासिल गर्न सकेका छैनन् । यसको अर्थ जलविद्युत् उत्पादनका सन्दर्भमा हामी प्रतिबद्धता जनाउने तर, कार्यान्वयन नगर्नेमा दरिएका छौँ भन्ने नै हुन्छ ।

विद्युत् विकास विभागको तथ्याङ्क अनुसार एक मेगावाटभन्दा कमका जलविद्युत् आयोजनातर्फ कुल ८.८५ मेगावाट विद्युत् उत्पादनका लागि १३ वटा कम्पनीलाई र एक मेगावाट भन्दा माथिका जलविद्युत् आयोजनातर्फ ९ हजार १९ मेगावाट विद्युत् उत्पादनका लागि ८४ वटा कम्पनीलाई सर्वेक्षण इजाजत प्रदान गरेको छ । त्यसैगरी, सौर्य ऊर्जातर्फ ७ सय ५७ मेगावाट विद्युत् उत्पादनका लागि ४२ वटा कम्पनीलाई र वायु ऊर्जातर्फ १३ मेगावाट विद्युत् उत्पादनका लागि दुई वटा कम्पनीलाई सर्वेक्षण इजाजत प्रदान गरिएको छ (Department of Electricity Development, n.d.) । यसैगरी, विभागकै वेबसाइटमा उल्लेख गरिए अनुसार जलविद्युत्तर्फ २ सय ७२ वटा कम्पनीले ९ हजार ८ सय ४० मेगावाट विद्युत् उत्पादनका लागि इजाजत पाएका छन् भने सौर्य ऊर्जातर्फ १४ वटा कम्पनीले ९७ मोगावाट विद्युत् शक्ति उत्पादनको इजाजत पाएका छन् । यसका अतिरिक्त, विद्युत् विकास विभागमा जलविद्युत्तर्फ १० हजार ६ सय मेगावाट विद्युत् उत्पादनका लागि ९१ वटा कम्पनीले र सौर्य उर्जातर्फ ५३.५ मेगावाट विद्युत् उत्पादनका लागि आठवटा कम्पनीले उत्पादन इजाजतको आवेदन दिएका छन् (Department of Electricity Development, n.d.) ।

सर्वेक्षण इजाजतका लागि आवेदन दिने क्रम पनि जारी रहेको देखिन्छ । विद्युत् विकास विभागमा एक मेगावाटभन्दा कम जलविद्युत् उत्पादन गर्ने गरी कुल १९ मेगावाटका लागि २६ वटा कम्पनीले र एक मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन गर्ने गरी कुल ३ हजार १ सय मेगावाटका लागि ८६ वटा कम्पनीले सर्वेक्षणको इजाजतका लागि आवेदन दिएका छन् । यसैगरी, सौर्य ऊर्जातर्फ ३ सय ९७ मेगावाट विद्युत् उत्पादनको सर्वेक्षणका लागि २० वटा कम्पनीले आवेदन दिएको देखिन्छ (Department of Electricity Development, n.d.) । साथै, विद्युत् विकास विभागले १ हजार ४ सय ९४ मेगावाटका

१६ वटा आयोजनाको अध्ययन सम्पन्न गरेको छ भने ९ हजार ६ सय २४ मेगावाटका ५६ वटा आयोजना अध्ययनको चरणमा रहेको जनाएको छ। यी तथ्याङ्कले भविष्यप्रति आशा जगाएको छ।

३.२.१.३ प्रदेशस्तरीय जलविद्युत् आयोजनाको सम्भावना

नेपाल सरकारले २० मेगावाटसम्मको ऊर्जा आयोजनाको जिम्मेवारी प्रदेश सरकारलाई र तीन मेगावाटसम्मको विद्युत् उत्पादनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ। हालसम्म प्रदेश तथा स्थानीय सरकारले सङ्घीय शासन प्रणालीले प्रदान गरेको यो अवसरको उपयोग गरेका छैनन्। तर, नेपाल सरकारले सातै प्रदेशमा विद्युत् उत्पादनको सम्भावना आकलन गरेको छ (तालिका ८)।

तालिका ८: प्रदेशगत रूपमा विद्युत् उत्पादनको सम्भावना

प्रदेश	आयोजना/जलाशय	विद्युत् क्षमता (मेगावाट)
कोशी प्रदेश	तमोर जलाशय	७६२
	दुधकोशी जलाशय	८००
	माथिल्लो अरुण (पिकिङ रन अफ द रिभर)	७२५
	किमाथाङ अरुण (पिकिङ रन अफ द रिभर)	४५०
	अरुण-४ (पिकिङ रन अफ द रिभर)	३७२
	तल्लो अरुण (पिकिङ रन अफ द रिभर)	६७९
मधेश प्रदेश	समतल फाँट भएका कारण जलविद्युत् उत्पादनको सम्भावना नभएको। तर, सौर्य उर्जा उत्पादनको सम्भावना भएको	२००
बागमती प्रदेश	सुनकोशी-२ जलाशय	१,११०
	सुनकोशी-३ जलाशय	५३६
	तामाकोशी-५ (पिकिङ रन अफ द रिभर)	१०१
	खिम्ती शिवालय जलाशय	५००
	कोखाजोर जलाशय आयोजना	१११
गण्डकी प्रदेश	बुढीगण्डकी जलाशय	१,२००
	अपर सेती जलाशय	१४०
	उत्तरगङ्गा जलाशय	८२८
	आँधीखोला जलाशय	१८०

प्रदेश	आयोजना/जलाशय	विद्युत् क्षमता (मेगावाट)
लुम्बिनी प्रदेश	नौमुरे जलाशय	२४५
	काली गण्डकी २ जलाशय	८७०
	माडी जलाशय	२५३
	अपर झिम्रुक जलाशय	१००
कर्णाली प्रदेश	नलगाड जलाशय	४१०
	फुकोट कर्णाली (पिकिङ रन अफ द रिभर)	४२६
	जगदुल्ला (पिकिङ रन अफ द रिभर)	१००
सुदूरपश्चिम प्रदेश	पश्चिम सेती जलाशय	७५०
	एस.आर.-६ जलविद्युत् आयोजना	२७६
	चैनपुर सेती (पिकिङ रन अफ द रिभर)	२१०

३.२.२ समस्या

३.२.२.१ झोलामा खोला राख्ने परिपाटी

नेपालमा जलविद्युत् उत्पादन मार्फत विद्युत्मा आत्मनिर्भर बन्ने मात्रै होइन विद्युत् निर्यात गरेर विद्यमान व्यापार असन्तुलनलाई केही हदसम्म सन्तुलनमा ल्याउन सक्ने सम्भावना छ । तथापि, जलविद्युत् उत्पादनका लागि स्थापना भएका कम्पनीहरूले विद्युत् उत्पादनको इजाजत प्राप्त गरिसकेपछि तदनुरूपको काम गुर्नुपर्नेमा उल्टै हाइसन्चोले बस्ने परिपाटीका कारण इजाजत प्रदान गरिएका खोला, नदीका तथा नदी झोलामै सीमित हुन पुगेका छन् । झोलामा खोला राखेर बस्ने परिपाटीको अन्त्यका लागि राज्यले 'गर कि मर' भन्ने नीतिका साथ अघि बढ्नुपर्ने हुन्छ ।

विद्युत् उत्पादक कम्पनीलाई इजाजत प्रदान गर्ने त्रुटिपूर्ण प्रणालीका कारण कसरी "झोलामा खोला" सीमित हुँदै छन् भन्ने कुरालाई विद्युत् विकास विभागकै तथ्याङ्कले पुष्टि पर्दछ । विद्युत् विकास विभागको २०८० सम्मको तथ्याङ्क हेर्दा २ सय ९५ वटा कम्पनीले करिब १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने गरी इजाजत प्राप्त गरेका छन् (Department of Electricity Development, n.d.) । इजाजत लिएकामध्ये अधिकांश कम्पनीहरू लगानीकर्ताको खोजीमा छन् । यद्यपि, उनीहरूले लगानीकर्ता भेट्टाउन सकिरहेका छैनन् । यसरी लगानीकर्ताको सुनिश्चितता नगरी खडा भएका कम्पनीलाई विद्युत् उत्पादनको इजाजत दिने प्रणाली नै त्रुटिपूर्ण छ । यसमा सुधारको आवश्यकता देखिन्छ । अर्थात्,

जबसम्म कुनै पनि कम्पनीले लगानीको सुनिश्चिततासहितको आधार प्रस्तुत गर्दैनन् तबसम्म त्यस्ता कम्पनीलाई विद्युत् उत्पादनको इजाजत प्रदान गरिनुहुन्न ।

विद्युत् विकास विभागले विद्युत् उत्पादनका सवालमा केही कुरा सुधार गरेको भए तापनि अझै थप सुधार गर्नुपर्ने सवालहरू छन्। उदाहरणको लागि, केही आयोजनाहरूमा 'रोयल्टी' व्यवस्थापन गरेको र कतिपयमा विवाद कायमै रहेको देखिएको छ । यसलाई सल्ट्याउनका लागि भविष्यमा थप मेहनत गर्नुपर्ने देखिन्छ। यसरी सरकारी कमी कमजोरीको फाईदा उठाउँदै केही लगानीकर्ताले विगत लामो समयदेखि "झोलामा खोला" भन्ने उखानलाई चरितार्थ गर्दै इजाजतपत्र झोलामा राखेर महत्त्वपूर्ण आयोजनाहरू ओगटी रहेका छन् ।

३.२.२.२ जलविद्युत् उत्पादनमा लगानीकर्ताका समस्याहरू

जलविद्युत्को क्षेत्र पनि लगानीका दृष्टिकोणबाट समस्यारहित छैन । सन् १९९२ मा खुला र उदार नीति अवलम्बन गरिएपछि निजी क्षेत्र विद्युत् उत्पादनमा सहभागी भएको हो । तर, आजसम्म निजी क्षेत्रले जलाशययुक्त आयोजनामा, ट्रान्समिशन लाइनमा र विद्युत्को व्यापार (खरिद बिक्री) मा हात हाल्ने मौका पाएको छैन । यसका लागि निजी क्षेत्रले विदेशी बैंकबाट लगानी ल्याउन अनुकूल बैंकिङ व्यवस्थापन गरिदिनुपर्ने निजी क्षेत्रको माग छ । जलविद्युत्को क्षेत्रमा लगानी गर्न चाहनेहरूले देहाय बमोजिमका समस्याहरूको सामना गर्नु परिरहेको छ ।

क) जग्गा प्राप्तिमा असहजता,

ख) स्थानीय बासिन्दाले सिर्जना गर्ने अवरोध,

ग) विद्युत् प्रसारण लाइन अन्तर्गतको जग्गाको मुआब्जा निर्धारण, वितरण तथा हकभोग निरूपणको सवाल,

घ) निर्माण क्षेत्र अन्तर्गतको वनजङ्गल फडानीमा वन प्रशासनसँग अनुमति लिने झन्झटिलो प्रक्रिया,

ङ) परस्पर विरोधी कानुनले सिर्जना गर्ने जटिलता (एउटा कानुनले प्रदान गरेको सुविधा/सहुलियत अर्को कानुनले रोकिदिनु), आदि ।

जलविद्युत्को क्षेत्रमा लगानीमैत्री वातावरण निर्माणको कुरा गरिरहँदा वनजङ्गल तथा वातावरण संरक्षणको कुरा सबैभन्दा महत्त्वपूर्ण हुन आउँछ । नेपालमा वातावरण संरक्षण ऐन, २०७६ कार्यान्वयनमा छ । यस ऐनमा कुनै पनि काम गर्दा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने कानुनी प्रावधान छ। साथै, यस ऐनमा वातावरण संरक्षण योजना पनि तर्जुमा गर्नुपर्ने कानुनी प्रावधान छ । प्रस्तुत ऐनको प्रभावकारी कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावली, २०७७ जारी गरिएको छ । यस नियमावलीमा सार्वजनिक सुनुवाइ गरी प्रतिवेदन तयार गर्नुपर्ने कुरा लेखिएको छ। प्रस्तुत नियमावलीको अनुसूची १ मा उल्लिखित कामका लागि

सङ्क्षिप्त वातावरणीय अध्ययन गर्नुपर्ने, अनुसूची २ मा समावेश भएका काम गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने र अनुसूची ३ मा योजना मुताबिकका काम गर्न वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी व्यवस्था छ । जलविद्युत् क्षेत्रको विकासका लागि यी कानुनको कार्यान्वयन लगानीमैत्री हुनुपदर्छ ।

३.२.२.३ नीतिगत व्यवस्थाले जलविद्युत उत्पादनको क्षेत्रमा उब्जाएको समस्या

नीतिगत व्यवस्था वा विद्यमान नीतिमा भएका विभिन्न प्रावधानहरूले पनि जलविद्युत् उत्पादनको क्षेत्रमा समस्या सिर्जना गरेको छ। परिवर्तित सन्दर्भ, प्रविधिको विकास, बजारको माग तथा पर्यावरणीय सन्तुलनका सवालमा समयानुकूल नीति बन्न नसक्दा वा भएका नीतिमा समयानुकूल परिमार्जन हुन नसक्दा जलविद्युत् उत्पादनको क्षेत्रमा निम्नानुसारका विविध समस्या उब्जिएका छन् ।

क) विभिन्न काल खण्डमा गठन भएका सरकारले जलविद्युत् उत्पादनको सवालमा फरक-फरक नीतिगत व्यवस्थाको घोषणा गर्दा लगानीकर्ताहरू अलमलिएका छन् । साथै, आगामी १० वर्षमा १० हजार मेगावाट र आगामी २५ वर्षमा २५ हजार मेगावाट जलविद्युत् उत्पादन गर्नेजस्ता सतही प्रतिबद्धताले अस्पष्टता सिर्जना गरेको छ ।

ख) विद्युत् प्राधिकरणलाई उत्पादन, ट्रान्समिसन र बिक्री वितरण गरी तीन अलग-अलग निकायका रूपमा विकास गर्ने भनिए तापनि तदनुरूपको काम हुन सकेको छैन । त्यसको विपरीत विद्युत् नियमन आयोग गठन गरिएको छ ।

ग) वि.सं. २०७५ देखि २०८५ सम्मको अवधिलाई उर्जा दशक घोषणा गरिएको छ । तर, यसलाई परिणाममुखी बनाउने सन्दर्भमा कुनै कार्ययोजना सार्वजनिक गर्न सकिएको छैन ।

३.२.३ सुधारका लागि सुझावहरू

नेपालमा जलविद्युत्को क्षेत्रमा लगानी, उत्पादन, वितरण र निर्यातको ठुलो सम्भावना छ । विद्युत् उत्पादनमा वृद्धि गर्दै बाह्रै महिना आन्तरिक माग पूरा गरेर विद्युत् आयात शून्यमा झार्ने मात्रै होइन उत्पादित विद्युत् निर्यात गरेर व्यापार घाटा न्यूनीकरण गर्न पनि सकिन्छ । तर, त्यसका लागि राज्यले जलविद्युत् क्षेत्रको विकासमा दीर्घकालीन सोच र योजनाका साथ अगाडि बढ्न आवश्यक छ । हामीसँग उपलब्ध वास्तविक जलविद्युत् क्षमताको पहिचान, त्यसको उत्पादन तथा उपयोग, क्षमता वृद्धि, निर्यात लगायतको सवालमा देहायका विषयलाई प्राथमिकतामा राखेर काम गर्न आवश्यक छ ।

क) नेपालमा आर्थिक तथा पर्यावरण संरक्षणका हिसाबले उत्पादन गर्न सकिने जलविद्युत् कति हो भन्ने कुराको यथार्थ पहिचान गर्नका लागि आधुनिक प्रविधि र उपकरणको प्रयोग गरी यथाशीघ्र आधार स्थलको सर्वेक्षण गरिनुपर्दछ ।

ख) "उज्यालो नेपाल अभियान" र "नेपालको पानी, जनताको लगानी" जस्ता नारालाई सार्थक तुल्याउन विद्युत् "वण्ड" (bond) जारी गरी जलविद्युत्को विकासमा सर्वसाधारणको लगानी

जुटाउने, निजामती, सेना र प्रहरी लगायतका राष्ट्रसेवकहरूको एक महिनाको तलब लगानी गर्ने, वैदेशिक रोजगारीमा रहेकालाई लगानीको शेयर दिने र गैरआवासीय नेपालीबाट लगानी भित्र्याउने विषयमा ठोस नीति तर्जुमा गर्नुपर्छ ।

ग) कोशी, गण्डक, कर्णाली र महाकाली वेसिन आयोजनाबाट प्रक्षेपित उर्जा उत्पादनलाई प्राथमिकता दिनुपर्छ । साथै, प्रदेशगत आधारमा प्रक्षेपित सम्भाव्य आयोजनामा पनि लगानी जुटाउने प्रयास गर्नुपर्छ । यसका अतिरिक्त पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना र बुढीगण्डकी जलविद्युत् आयोजनाजस्ता बृहत् आयोजनाको निर्माणलाई उच्च प्राथमिकतामा राखेर काम गरिनुपर्दछ ।

घ) माथिल्लो कर्णाली र माथिल्लो मर्स्याङ्दी आयोजना जीएमआरले जिम्मा लिएझै थुप्रै आयोजना विभिन्न लगानीकर्ताले जिम्मा लिएका छन् । उनीहरूलाई यथाशीघ्र परियोजना निर्माणको तहमा जान उत्प्रेरित गरिनुपर्छ । अन्यथा, कडा दण्डको नीति अख्तियार गर्नुपर्छ ।

ङ) तनहुँ जलविद्युत्, पश्चिम सेती, अरुणजस्ता आयोजनामा काम भइरहेको छ, तर यी आयोजनाहरूमा गति तीव्र पार्ने रणनीति अख्तियार गर्नुपर्छ ।

च) जलविद्युत्का लगानीकर्ताहरूलाई उत्प्रेरित गर्न एकद्वार पद्धति लागु गर्नुपर्छ । साथै, यस क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने प्रक्रियालाई पनि सरल बनाउनु पर्दछ ।

छ) भान्छामा ग्यास तथा मट्टितेलको प्रयोगलाई घटाउँदै विद्युत्को प्रयोगलाई बढाउन आम जनतालाई भान्छामा विद्युतीय उपकरणको प्रयोगमा प्रोत्साहित गरिनुपर्दछ । यसका साथै, अन्य घरायसी प्रयोजनमा व्यापक विद्युत् उपयोगका लागि राज्यले सहुलियतका विभिन्न योजना ल्याउनु पर्दछ । विद्युतीय मोटरको आयातलाई अधिकाधिक प्रवर्धन गरी पेट्रोलियम पदार्थको आयात विस्थापित गर्नुपर्छ । विद्युतीय उर्जाको प्रयोग मार्फत 'मल्टिफ्यूल प्लान्ट' (multi fuel plant) विस्थापित गर्ने उद्योगलाई क्षतिपूर्ति दिनुपर्छ ।

ज) जलविद्युत् उत्पादनका क्षेत्रमा आन्तरिक र बाह्य लगानीकर्ताहरूसँग व्यापक परामर्श गरी लगानी प्रवर्धन गर्ने नीति घोषणा गर्नुका साथै भारत र बङ्लादेशमा विद्युत् निकासीको सम्झौता गर्ने लगायतका कामलाई उच्च प्राथमिकता दिनुपर्छ ।

ऊर्जा क्षेत्रमा लगानी गर्ने लगानीकर्ताका लागि सुविधा तथा सहुलियत सिफारिस गर्ने लगायतका महत्त्वपूर्ण काम गर्ने विद्युत् विकास विभाग लगानीकर्तामैत्री हुनुपर्छ । अन्यथा, हामीले विद्युत्मा लगानी भित्र्याउन सक्दैनौं । विद्युत्मा लगानीमैत्री वातावरण बनाउनका लागि उद्योग विभागमा लागु गरिएको एकद्वार नीति ऊर्जा उत्पादनको क्षेत्रमा पनि लागु गर्नुपर्छ । विद्युत् विकास विभागले कार्य सरलीकरणका लागि विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका २०७५, ग्रीड कनेक्टेड वैकल्पिक विद्युत् उर्जा विकाससम्बन्धी कार्यविधि २०७४, विद्युत् आयोजनाका लागि विदेशी विनिमय सुविधा सिफारिससम्बन्धी निर्देशिका २०७४, जलविद्युत् तथा प्रसारण आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण र

वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी कार्यविधि २०७३, जलविद्युत् आयोजना र विकास सम्झौतासम्बन्धी कार्यविधि, २०६९ र १ सय किलोवाटदेखि १ हजार किलोवाटसम्मका जलविद्युत् आयोजनासम्बन्धी आन्तरिक कार्यव्यवस्था निर्धारण गरी प्रचलनमा ल्याएको छ । विद्युत् विकाससँग सम्बन्धित यस्ता ऐन, नियम वा कार्यविधि लगानीकर्तालाई हैरानी दिन होइन सुविधा पुऱ्याउन जारी भएको अनुभूति दिन सक्नुपर्छ । व्यवसाय सुरु गर्न लाग्ने लामो र झन्झटिलो प्रक्रियालाई सुलभ र छरितो बनाउनु पर्दछ ।

३.३ सिँचाइ

३.३.१ वर्तमान अवस्था तथा समस्याहरू

कृषि उत्पादकत्व वृद्धि र समग्र कृषि क्षेत्रको विकासका लागि सिँचाइ अत्यावश्यक छ। अर्थात सिँचाइको सुनिश्चितता नभई कृषि विकास सम्भव छैन । नेपाल कृषिप्रधान मुलुक भएको र बहुसङ्ख्यक जनसङ्ख्या कृषिमै निर्भर रहेको अवस्थामा सिँचाइको महत्त्वको अवमूल्यन गर्न सकिँदैन । तथापि, नेपालमा सिँचाइ पूर्वाधारको विकास र किसानमा सिँचाइको पहुँच सोचेअनुरूप स्थापित गर्न सकिएको छैन । अझै पनि ठुलो क्षेत्रमा कृषकहरू खेतीका लागि आकाशे पानीमै निर्भर हुन बाध्य छन् ।

नेपालको सिँचाइ क्षेत्र हाल करिब १४ लाख ३५ हजार ३ सय २ हेक्टर क्षेत्रमा विस्तार भएको छ, जसमा ८१ प्रतिशत भूभाग तराई, १५ प्रतिशत पहाड र ४ प्रतिशत हिमाली क्षेत्रमा रहेको छ। यद्यपि, नेपालका कुल ३५ लाख ५७ हजार ७ सय ६४ हेक्टर खेतीयोग्य जमिनमध्ये करिब २३ लाख ३६ हजार ३ सय हेक्टर मात्र सिँचाइयोग्य रहेको अनुमान छ । हाल उपलब्ध सिँचाइ सेवामध्ये सतहजल प्रणालीबाट करिब ९ लाख २८ हजार ६ सय ५८ हेक्टर जमिन र भूगर्भीय जलस्रोतमा आधारित प्रणालीबाट ४ लाख ९३ हजार ८ सय ३० हेक्टर जमिनमा सिँचाइ गरिएको छ। नयाँ प्रविधि जस्तै विद्युतीय र सौर्य पम्पिङ प्रणाली पहाड तथा हिमाली क्षेत्रका लागि विकास गरिँदै छन्। यद्यपि, प्रयाप्त सिँचाइ सुविधाको अभावका कारण कृषि क्षेत्रको उत्पादकत्व वृद्धि हुन सकेको छैन। व्यवस्थापनको दृष्टिकोणले किसानहरूले सञ्चालन गर्ने सिँचाइ प्रणालीहरू तुलनात्मक रूपमा प्रभावकारी देखिए तापनि ठुला परियोजनाहरूको व्यवस्थापन अझै चुनौतीपूर्ण रहेको छ। मुख्य समस्याको रूपमा जल उपभोक्ता संस्थाहरूको कमजोर क्षमता, बहुउद्देश्यीय तथा अन्तर-बेसिन परियोजनाहरूको सुस्त प्रगति र सिँचाइ दक्षता ५० प्रतिशत भन्दा कम हुनु रहेका छन् ।

सिँचाइ नीति (२०८०) का अनुसार विगतका प्रयासहरूबाट करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको भए तापनि करिब एक तिहाइ भूमिमा मात्र वर्षैभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको छ । यस नीतिका अनुसार कृषियोग्य भूमिमा वर्षैभरि आवश्यक सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, सिँचाइ सुविधा पुगेको वा पुग्न सक्ने भूमिको पनि खण्डीकरण र

अव्यवस्थित सहरीकरणका साथै कृषिभन्दा अन्य उपयोगमा प्रयोग हुनु, सिँचाइ सुविधा पुगेका भूमिमा कृषि कार्यक्रम, बालीको विविधीकरण, व्यावसायीकरण तथा यान्त्रिकीकरणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु, सिँचाइ प्रणालीको दिगो व्यवस्थापनका लागि जलउपभोक्ता संस्थाको क्षमता विकास अपेक्षित रूपमा हुन नसक्नु, सिँचाइ तथा जल उपयोग दक्षता न्यून हुनु, ठुला तथा बहुउद्देशीय आयोजनामा पर्याप्त लगानी हुन नसक्नु आदि यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

यसका साथै, आउने दिनमा जलवायु परिवर्तनले सिँचाइ क्षेत्रमा गम्भीर असर पार्न सक्ने सम्भावना पनि देखिन्छ। जलवायु परिवर्तनका कारण नदीनालाको बहाबमा आउने परिवर्तन र पानीको उपलब्धतामा आउने परिवर्तनका बारेमा पर्याप्त बहस नभएको देखिन्छ । अव्यवस्थित सहरीकरण र कृषि भूमिको खण्डीकरणले सिँचाइ पूर्वाधार निर्माणमा थप चुनौती खडा गरेको छ । बढ्दो सहरीकरणका कारण सतहमुनिको पानीको रिचार्ज प्रक्रियामा कमी आउन सक्ने र त्यसले सिँचाइ क्षेत्रमा पनि ठुलो प्रभाव पार्न सक्ने सम्भावना हुन्छ। साथै, केही वर्षदेखि असामान्य रूपमा छोटो समयमा ठुलो वर्षा हुने देखिएकाले यसले सिँचाइ पूर्वाधारमा क्षति पुऱ्याउने र सिँचाइ परियोजना सञ्चालन महँगो हुने अवस्था आउन पनि सक्छ । हामीले विकास गरिरहेका सिँचाइ परियोजनामा यी जोखिमहरू सहन सक्ने क्षमता छ कि छैन भन्ने कुराको बहस हुनु जरुरी छ ।

३.३.२ नीतिगत प्रयास

सिँचाइ क्षेत्रको विकासका लागि ल्याइएको विशिष्टिकृत नीति 'राष्ट्रिय सिँचाइ नीति २०८०' अन्तर्गत परम्परागत तथा आधुनिक सिँचाइ प्रणालीलाई दिगो बनाउने, जलस्रोतको उचित व्यवस्थापन गर्ने, तथा बहुउद्देश्यीय जलस्रोत परियोजनाहरूको विकासलाई प्रवर्धन गर्ने लक्ष्य राखिएको छ । यस नीतिले जलस्रोत संरक्षण, कृषि उत्पादन वृद्धिका लागि भरपर्दो सिँचाइ सुविधा विस्तार, तथा सङ्घीयताअनुरूप केन्द्र, प्रदेश र स्थानीय तहबिचको समन्वयलाई प्रभावकारी बनाउने लगायतका रणनीतिहरू समावेश गरेको छ। साथै, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा जलस्रोतको अधिकतम उपयोगका लागि प्रविधि विकास, कानुनी व्यवस्थापन र संस्थागत समन्वयलाई सुदृढ पार्ने प्रस्ताव पनि यस नीतिमा गरिएको छ ।

सरकारको नयाँ नीति अनुसार २०४४ सम्ममा २३ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने र तराई क्षेत्रमा पूर्ण सिँचाइ (९० प्रतिशत) उपलब्ध गराउने लगायतका लक्ष्यहरू छन् । यी योजनाहरू कार्यान्वयन गर्न बहुउद्देश्यीय परियोजनाहरूमा ९.८२३ अर्ब अमेरिकी डलर, भूगर्भीय जलको उपयोग वृद्धिका लागि ९ सय ९७ मिलियन अमेरिकी डलर र सिँचाइ आधुनिकीकरणका लागि १.०६९ अर्ब अमेरिकी डलर बजेट विनियोजन गरिएको छ । जलवायु परिवर्तनका कारण पानीको उपलब्धतामा असमानता देखिएकाले भण्डारणयुक्त जलाशय निर्माण, भूगर्भीय जलउपयोग र वर्षभरि सिँचाइ सुधारलाई प्राथमिकता दिइएको छ ।

यसका साथै, सिँचाइ क्षेत्रमा विभिन्न क्षेत्रमा राष्ट्रिय गौरवका आयोजनाहरू पनि कार्यान्वयनमा छन् । यस अन्तर्गत भेरी-बबई डाइभर्सन बहुउद्देशीय आयोजना निर्माण सम्पन्न भएपछि बाँके र बर्दिया जिल्लाको ५१ हजार हेक्टरमा वर्षभरि सिँचाइ सुविधा पुग्ने र ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। यस आयोजनामा २०८० फागुन मसान्तसम्म ६५.७ प्रतिशत भौतिक प्रगति भएको छ। पश्चिम सेती नदीमा निर्माण जारी रहेको सिक्टा सिँचाइ आयोजनाले भने ४२ हजार ७ सय ६६ हेक्टर सिँचित गर्दै करिब ४ लाख ५० हजार जनसङ्ख्यालाई प्रत्यक्ष फाइदा पुऱ्याउने लक्ष्य राखेको छ। साथै, सुनकोशी-मरिन डाइभर्सन बहुउद्देशीय आयोजनाले ३१.०७ मेगावाट विद्युत् उत्पादन गर्दै १ लाख २२ हजार हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेको छ । राष्ट्रिय गौरवका योजना अन्तर्गतकै रानी जमरा कुलरिया सिँचाइ आयोजनाले १४ हजार ३ सय हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेको छ । यी बाहेक नेपाल गण्डक पश्चिम नहर सिँचाइ आयोजना, बृहत् दाङ उपत्यका सिँचाइ आयोजना, प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना र अन्य तटबन्ध र नदी विकास आयोजना र कार्यक्रमहरू पनि कार्यान्वयनमा छन् ।

पन्ध्रौं योजना अवधिमा कुल सिँचित जमिन ५० प्रतिशतबाट ५७.८ प्रतिशतमा मात्र वृद्धि हुन सक्यो, यसको लक्ष्य अनुरूप ८५ प्रतिशत पुग्न सकेन । यो पृष्ठभूमिमा आएको सोह्रौं योजनाले २०८५/८६ सम्म कुल २६ हजार १ सय ४० हेक्टर सतह सिँचाइ सेवा विस्तार गर्ने, ड्रिप, स्प्रिङ्कलर, माइक्रो-सिँचाइ प्रणालीको प्रयोग गर्दै ८ हजार ४ सय ८० हेक्टर क्षेत्र कभर गर्ने, १३ हजार हेक्टर भूमिमा पूर्वस्थापित सिँचाइ प्रणालीलाई सुधार र पुनःसंरचना गर्ने लगायतका लक्ष्यहरू राखेको छ ।

३.३.४ सुधारका लागि सुझाव

क) राष्ट्रिय गौरवका परियोजनाहरू लगायत सिँचाइसम्बन्धी परियोजनाहरू समयमै सम्पन्न गर्नका लागि आवश्यक नीतिगत तथा व्यावहारिक पहल गर्नुपर्दछ । सिक्टा सिँचाइ आयोजनाको समाप्तिमा आएका समस्याहरूलाई पाठको रूपमा लिई विकास पूर्वाधारको गुणस्तरीय र छिटो समापनका लागि कानुनी र प्रक्रियागत सुधार गर्नु पर्दछ ।

ख) वर्षौंदेखि प्रयोग भइआएका कुलो, नहर, ईनार, धारा इत्यादिको संरक्षण र सम्वर्धन गर्नुपर्दछ र यसका लागि सबै सरोकारवाला निकायहरूको समन्वय हुने गरी योजना तर्जुमा गर्न सकिन्छ ।

ग) जलवायु परिवर्तनले ल्याएका र ल्याउने सम्भावित चुनौतीहरूको विश्लेषण गरेर मात्र सिँचाइका पूर्वाधार निर्माण गर्नु पर्दछ । अब निर्माण हुने सिँचाइ पूर्वाधारले जलवायु परिवर्तनका असरहरू निश्चित रूपमा झेल्नु पर्नेछ भन्ने सोचका साथ पूर्वाधार निर्माण गर्नुपर्दछ ।

घ) सिँचाइका परियोजना निर्माणसँगै पानीको चक्र, सतहमुनिको पानी रिचार्ज, पानीको प्रदूषण लगायतका दीर्घकालीन रूपमा असर पार्ने विषयहरूका बारेमा जनचेतना फैलाउनु पर्ने हुन्छ । यसका साथै, सिँचाइ पूर्वाधार विकासलाई दिगो बनाउनका लागि पनि यी विषयहरूलाई प्राथमिकतामा राख्नु जरुरी हुन्छ ।

ङ) पहाडी र हिमाली क्षेत्रमा विकास गर्न सकिने दिगो र आधुनिक सिँचाइ प्रणालीका बारेमा बहस र अनुसन्धान हुनु पर्दछ ।

च) रिचार्ज पोखरी निर्माण, वृक्षारोपण, मुहान संरक्षण लगायतका पानीका स्रोत संरक्षणका कार्यक्रम पनि प्राथमिकताका साथ अगाडि बढाउनु पर्दछ। पानीको संरक्षण नभए यसको उपलब्धता पनि घट्दै जान्छ भन्ने तथ्यलाई आत्मसात् गर्दै पूर्वाधार विकास र स्रोत संरक्षणलाई सँगसँगै अघि बढाउनुपर्ने हुन्छ। साथै, सिँचाइका उपभोक्ता र अन्य सरोकारवालाहरूलाई पनि स्रोत संरक्षणका बारे सचेतना फैलाउनका लागि सरकारका तीनै तहहरूबाट पहल गर्नु पर्दछ ।

३.४ उद्योग

३.४.१ वर्तमान अवस्था तथा समस्याहरू

नेपाली अर्थतन्त्रको अर्को महत्त्वपूर्ण क्षेत्र उद्योग हो जसले रोजगारीको ठुलै हिस्सा ओगटेको छ। नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि अवलम्बन गरिएको खुला अर्थनीतिले औद्योगिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । औद्योगिक व्यवसाय ऐन २०४०, औद्योगिक नीति २०४९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ ले औद्योगिक लगानीको वातावरण सिर्जना गरेर समग्र उद्योग क्षेत्रको उत्पादकत्व अभिवृद्धि तथा प्रतिस्पर्धात्मक क्षमता बढाई देशको अर्थतन्त्रमा टेवा दिनका साथै रोजगारी सिर्जना गर्ने मूल ध्येयबाट यी नीतिगत व्यवस्था गरिएको थियो भने द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अभिप्रायले आयकर ऐन २०५८ र आर्थिक ऐन, २०६५ मा क्रमश २०५५, २०५७ र २०६४ सालमा संशोधन समेत गरियो । यसै सिलसिलामा समयानुकूल नीतिगित सुधारसहित औद्योगिक व्यवसाय ऐन, २०७३ जारी भएको छ । यसैगरी, राज्यको सङ्घीय स्वरूपअनुसार अन्य ऐन कानुनहरू समेत परिमार्जन गरिएको पाइन्छ । हाल नीतिगत व्यवस्था अन्तर्गत निम्न ऐनहरू कार्यान्वयनमा रहेका छन् ।

- पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२
- खनिज सर्वेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४
- स्टाण्डर्ड नाप र तौल ऐन, २०२५
- नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७
- खानी तथा खनिज पदार्थसम्बन्धी ऐन, २०४२
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३
- खानी तथा खनिज पदार्थ नियमावली, २०५६
- नेपाल गुणस्तर (प्रमाण चिह्न) नियमावली, २०६६

- औद्योगिक नीति, २०६७
- विदेशी लगानी नीति, २०७१
- औद्योगिक व्यवसाय ऐन, २०७३
- राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३
- विशेष आर्थिक क्षेत्र ऐन, २०७३
- राष्ट्रिय खनिज नीति, २०७४
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

नेपालमा ठुलाभन्दा घरेलु तथा साना उद्योगहरूको बाहुल्य रहेको छ । यस्ता उद्योगहरू मूलतः घरेलु कच्चा पदार्थहरू कागज, धातु, काठ, माटो, दुध तथा कृषिजन्य कच्चा पदार्थ जस्तै धान, तोरी, उखु, चिया तथा कफी, छाला तथा बाँस-वेत आदिसँग सम्बन्धित छन् भने यस्ता उद्योगहरू परिवारका सदस्यहरू मिलेर सञ्चालन गरेको पाइन्छ । यसैगरी, खनिज कच्चा पदार्थमा आधारित उद्योगहरू सिमेन्ट, फलाम, माटो आदिसँग सम्बन्धित छन् ।

राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ अनुसार, नेपालमा आर्थिक वर्ष २०७५/७६ (सन् २०१८/१९) सम्ममा कुल ६० हजार १ सय ८५ उद्योगहरू सञ्चालनमा थिए । यसमध्ये, उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी ५६ हजार ६ सय ११; खानी तथा उत्खनन क्षेत्रमा ३ सय ५६; विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा ९ सय ९४ र खानेपानी आपूर्ति, ढल निकास तथा फोहोर व्यवस्थापन र उपचारात्मक सेवा क्षेत्रमा २ हजार २ सय २४ उद्योगहरू सञ्चालनमा रहेको पाइन्छ ।

नेपालको औद्योगिक विकासले अपेक्षित गति लिन नसक्नुमा विविध समस्याहरू जिम्मेवार रहेका छन । मूलतः राजनीतिक अस्थिरता, लगानीमैत्री वातावरणको अभाव, कमजोर पूर्वाधार, कच्चा पदार्थको अपर्याप्तता, श्रम समस्या, नीतिगत अस्थिरता तथा बजारको सीमितताजस्ता प्रमुख कारणहरूले नै यस क्षेत्रको विकासमा अवरोध सिर्जना गरेको छ ।

राजनीतिक तथा नीतिगत अस्थिरताः लामो समयदेखि मुलुक राजनीतिक सङ्क्रमणकालमा रह्यो भने सरकार परिवर्तनसँगै प्राथमिकताहरू पनि परिवर्तन हुँदा औद्योगिक नीति तथा कार्यक्रमहरूले निरन्तरता पाउन सकेका छैनन् । यस क्षेत्रमा दीर्घकालीन योजना बनाएर अघि बढ्न पनि सकिएको छैन । बारम्बार परिवर्तन हुने सरकारका कारण हुने नीतिगत अस्थिरताले लगानीकर्ताहरूले लगानीको सुरक्षा र प्रतिफलको सुनिश्चितता नदेखेकाले स्वदेशी तथा विदेशी लगानी आकर्षित हुन सकेको छैन । फलस्वरूप, नयाँ उद्योग स्थापना हुन नसक्ने र भएका उद्योगहरू पनि पूर्ण क्षमतामा चल्न नसक्ने अवस्थामा छन् ।

लगानीमैत्री वातावरणको अभाव: लगानीमैत्री वातावरण सिर्जना हुन नसक्नु पनि नेपालको औद्योगिक विकासको अर्को महत्त्वपूर्ण चुनौती हो । नेपालमा उद्योग दर्ता प्रक्रिया झन्झटिलो हुनु, प्रशासनिक ढिलासुस्ती, विभिन्न निकायहरूबिच समन्वयको कमी र अस्पष्ट कानुनी प्रावधानहरूले गर्दा उद्योगी व्यवसायीहरू निरुत्साहित हुने गरेका छन् । साथै, उद्योगमैत्री नीति निर्माण हुन सकेको छैन भने भएका नीतिहरूको पनि प्रभावकारी कार्यान्वयन नहुँदा लगानीकर्ताहरू आकर्षित हुन सकेका छैनन । सहुलियतपूर्ण कर्जाको अभाव, उच्च ब्याजदर र जोखिम वहन गर्ने संयन्त्रको कमीले पनि नयाँ लगानी भित्रिन सकेको छैन । यसका अतिरिक्त, औद्योगिक सुरक्षाको प्रत्याभूतिको अभावले पनि उद्योगीहरूलाई ढुक्क भएर लगानी गर्ने वातावरण बनेको छैन । विभिन्न सरकारी निकायहरूबिच समन्वयको अभावले गर्दा उद्योगीहरूले एउटै कामका लागि विभिन्न कार्यालयहरूमा धाउनुपर्ने र अनावश्यक झन्झट व्यहोर्नुपर्ने अवस्था छ । कर नीतिमा पनि स्पष्टता र स्थायित्वको अभाव देखिन्छ, जसले गर्दा लगानीकर्ताहरू अन्योलमा पर्ने गरेका छन् ।

भौतिक पूर्वाधारको अभाव: अपर्याप्त तथा कमजोर भौतिक पूर्वाधार औद्योगिक विकासका लागि बाधक बनेको छ । विद्युत्, पानी, सडक, सञ्चारजस्ता पूर्वाधारहरूको अवस्था राम्रो छैन । विद्युत् आपूर्तिको अनियमितता र अपर्याप्तताले उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् भने उत्पादन लागत बढी छ । अधिकांश औद्योगिक क्षेत्रसम्म पुग्ने सडकको अवस्था राम्रो नभएकाले कच्चा पदार्थ ढुवानी र उत्पादित वस्तु बजारसम्म पुऱ्याउन कठिनाइ हुने गरेको छ । यसले समय र लागत दुवै बढाएको छ । साथै, आधुनिक सञ्चार प्रविधिको पहुँच र गुणस्तरमा सुधार हुन नसक्दा बजार सूचना र समन्वयमा समस्या देखिएको छ ।

कच्चा पदार्थको अभाव तथा परनिर्भरता: कच्चा पदार्थको अभाव तथा परनिर्भरताले पनि नेपालको औद्योगिक विकास पछि परेको छ । धेरैजसो उद्योगहरूमा आवश्यक घरेलु कच्चा पदार्थ पर्याप्त आपूर्ति हुन नसक्दा आयातमा निर्भर रहनुपर्ने बाध्यता छ । कृषि प्रधान देश भए तापनि कृषिजन्य उद्योगहरूका लागि समेत पर्याप्त मात्रामा स्वदेशी कच्चा पदार्थ उपलब्ध हुन सकेको छैन । वन पैदावारमा आधारित उद्योगहरू पनि वनको वैज्ञानिक उपयोग र संरक्षणसम्बन्धी नीतिको अस्पष्टताका कारण सङ्कटमा छन् । आयातित कच्चा पदार्थमा निर्भर रहँदा उत्पादन लागत बढ्नुका साथै विदेशी मुद्राको सञ्चितिमा पनि नकारात्मक असर परेको छ । यसले गर्दा नेपाली उत्पादनहरू अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुन सकेका छैनन् ।

श्रम समस्या: श्रम समस्या पनि नेपालको औद्योगिक क्षेत्रको विकासमा बाधकको रूपमा रहेको छ । औद्योगिक क्षेत्रमा आवश्यक हुने दक्ष जनशक्तिको अभाव, श्रमिक र व्यवस्थापनबिच सुमधुर सम्बन्धको कमी र श्रमसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नहुनेजस्ता समस्याहरूले औद्योगिक उत्पादकत्वमा नकारात्मक असर पारेको छ । युवा जनशक्ति रोजगारीका लागि विदेशिने क्रम बढ्दो छ, जसले गर्दा स्वदेशमा दक्ष र अर्धदक्ष कामदारको अभाव खड्किएको छ । श्रमिकहरूको हकहित र सुरक्षाको उचित

व्यवस्थापन हुन नसक्दा तथा व्यवस्थापन पक्षले पनि श्रमिकका जायज मागहरूलाई समयमै सम्बोधन नगर्दा औद्योगिक वातावरण बन्न सकेको छैन ।

बजारको समस्या तथा गैरभन्सार अवरोधहरू: नेपालको आन्तरिक बजार सानो भएकाले उत्पादित वस्तुहरूको बजार सीमित छ भने बाह्य बजारमा पहुँच स्थापित गर्न विभिन्न कठिनाइहरू रहेका छन् । गुणस्तर प्रमाणीकरणको अभाव, उत्पादन लागत बढी हुनु र कमजोर बजार प्रवर्धनका कारण नेपाली उत्पादनहरूले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सकेका छैनन् । छिमेकी मुलुकहरूसँगको व्यापारमा पनि विभिन्न गैरभन्सार अवरोधहरूले गर्दा निर्यात प्रवर्धन हुन सकेको छैन ।

उद्यमशीलता, नवप्रवर्तन तथा अनुसन्धानको अभाव: नेपालमा उद्यमशीलताको अवस्था कमजोर छ भने नवप्रवर्तन तथा अध्ययन अनुसन्धानमा निरन्तरता दिन सकिएको छैन ।

३.४.२ सुधारका लागि सुझाव

औद्योगिक क्षेत्रका विभिन्न किसिमका समस्याहरू छन् । उद्योग दर्ता प्रक्रियादेखि सञ्चालन तथा उत्पादित वस्तुको वितरणसम्ममा व्यवसायीहरूले विभिन्न समस्या झेलिरहेका छन् । त्यसैगरी, देशले समय र परिस्थिति अनुसार के-कस्तो उत्पादनलाई प्राथमिकतामा राख्ने भन्ने कुराको निर्धारण गर्न नसक्दा बजारको माग एकातिर उत्पादन अर्कैतिर हुने सम्भावना बढी छ । औद्योगिक क्षेत्रलाई कृषिसँग पनि जोड्न आवश्यक छ । राज्यले नीति बनाउँदा उद्योग र कृषिलाई सँगसँगै अगाडि बढाउने नीति बनाउनुपर्दछ । यसर्थ, औद्योगिक क्षेत्रको उत्पादनलाई समयानुकूल र सहज बनाउन देहाय बमोजिमका विषयमा केन्द्रित हुन आवश्यक छ ।

आन्तरिक र बाह्य लगानी आकर्षण गर्ने

आन्तरिक तथा बाह्य लगानी अर्थतन्त्र निर्माण, रोजगारीको सिर्जना र पूर्वाधारको विकासका मुख्य आधार हुन् । लगानी आकर्षण गर्न सर्वप्रथम राजनैतिक स्थायित्व र राजनैतिक समझदारीको आवश्यकता पर्दछ । यसर्थ, मुलुकको विकास र समृद्धिका लागि लगानी आकर्षण गर्ने विषयमा सबै राजनैतिक दलहरूले साझा समझदारीपत्रमा हस्ताक्षर गरी जुनसुकै दलको सरकार आए तापनि लगानीकर्तालाई कुनै असर नपर्ने कुराको पूर्ण प्रत्याभूति दिन सक्नुपर्छ ।

यसैगरी, गैरआवासीय नेपालीको लगानी र बाह्य लगानीकर्ताको लगानीलाई पनि अनावश्यक प्रक्रियागत झन्झटको सट्टा सहज लगानीको वातावरण निर्माणका लागि जिम्मेवार निकायमा बस्नेले मन, वचन र कर्मले सहजकर्ताको भूमिका खेल्न सक्नुपर्दछ । यो काम गरेबापत मैले के पाउँछु भन्ने भावना त्यागेर राष्ट्रले के पाउँछ भन्ने उदार चिन्तनका साथ काम गर्न जरुरी छ ।

औद्योगिक व्यवसाय ऐनमा समयानुकूल परिमार्जन

आन्तरिक तथा बाह्य दुवै लगानी वृद्धि गर्नका लागि लगानीमैत्री वातावरण निर्माण गर्न जरुरी छ। लगानी सम्बद्ध नीति, ऐन तथा कानुन झन्झटिला भए भने अपेक्षाअनुसार बाह्य लगानी भित्रिन सक्दैन र आन्तरिक लगानी पनि परिचालन हुन सक्दैन। औद्योगिक व्यवसाय ऐनले लगानीकर्तालाई सबै सुविधा दिएको देखिन्छ। तथापि, यो ऐन जारी भएपछि अपेक्षित मात्रामा लगानी वृद्धि हुन सकिरहेको छैन। यसर्थ, क्षेत्रगत रूपमा आन्तरिक र बाह्य लगानीकर्ताको भेला गराई उनीहरूको सुझाव अनुसार नेपालको राष्ट्रिय हित र वातावरण संरक्षणलाई समेत ध्यानमा राखेर ऐनको प्रावधानमा समयानुकूल सुधार गर्ने र लगानी सुनिश्चित गर्ने रणनीति अख्तियार गर्नुपर्छ।

औद्योगिक व्यवसाय ऐनसँग बाझिएका करसम्बन्धी ऐनमा संशोधन गर्नुपर्छ। कुनै पनि वर्षको आर्थिक नीतिले औद्योगिक व्यवसाय ऐनको भावनालाई सङ्कुचित गर्नु हुँदैन। मुलुकी प्रशासनको प्रक्रिया र शैलीमा परिवर्तन ल्याई लगानीकर्तालाई सुविधाभोगी नभई मुलुकको आर्थिक समृद्धिमा सघाउनेहरू हुन् भनी व्यवहार गर्ने मनोवृत्तिको विकास गर्न जरुरी छ। अर्थात्, कानुनमा लेखिएका छुट, सहुलियत तथा सुविधा व्यवहारमा लागु हुनुपर्दछ।

एकद्वार प्रणालीमा सुधार

मुलुकको आर्थिक विकासका लागि लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण निर्माण गर्नुको विकल्प छैन। लगानीमैत्री वातावरण निर्माणका लागि राज्यले अख्तियार गरेको लगानी भित्र्याउनेसम्बन्धी एकद्वार प्रणालीमा समयानुकूल सुधार गरिनु पर्दछ। आर्थिक वर्ष २०७६/७७ मा सञ्चालनमा ल्याइएको एकलविन्दु सेवा केन्द्रलाई स्वचालित तुल्याउने सरकारको प्रतिबद्धता रहेको छ। एकल विन्दु सेवा केन्द्रमा सम्पर्क राख्न आउने जोसुकै लगानीकर्तालाई कुनै पनि विकसित मुलुकको अवस्थाभन्दा नेपालमा लगानीको अवसर कम छैन भन्ने सन्देश प्रवाह गर्ने कार्यमा कन्जुस्याइँ गर्नुहुन्न। लगानीकर्ताका लागि नेपालमा उपलब्ध अवसर र राज्यले प्रदान गर्ने सेवाको बारेमा यथार्थ जानकारी उपलब्ध गराउन सक्नुपर्दछ। सेवा सरल र कम झन्झटिलो हुनुपर्दछ।

स्वदेशी वस्तुको उत्पादनमा जोड

घरयासी प्रयोग, पूर्वाधार निर्माण तथा उपहार लगायतका सामाग्री स्वदेशमै उत्पादन गर्न विशेष जोड दिनुपर्छ। पूवार्धार निर्माण अन्तर्गत फलामे छड, सिमेन्ट, झ्याल ढोका तथा रङ उत्पादनलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगको प्रवर्धन गर्ने कुरालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। त्यसैगरी, नवीनतम ज्ञान, सिप र क्षमतामा आधारित उद्यमलाई जोड दिनुपर्छ। नेपाली चिनी, औषधी, काष्ठ, जुट, गलैंचा, तयारी पोसाक, पस्मिना, रेशम र कपासमा आधारित उद्योग, जुत्ता उद्योग र हस्तकलाका सामाग्री उत्पादनमा विशेष जोड दिनुपर्छ। सार्वजनिक क्षेत्रमा उपलब्ध भएसम्म नेपाली कच्चा पदार्थमा उत्पादन भएका वस्तु तथा

सेवाको प्रयोग गर्नु पर्दछ । साथै, नवप्रवर्तनकारी उद्यमशील क्षेत्र, विभेदमा पारिएका समुदाय, महिला तथा अपाङ्ग भएकाहरूबाट सञ्चालित उद्योगको संरक्षण तथा प्रवर्धन गर्ने रणनीति तर्जुमा गरी त्यसको कार्यान्वयन गर्नुपर्छ ।

औद्योगिक ग्रामको स्थापना

औद्योगिक ग्रामको स्थापना तथा तदनुरूपका क्रियाकलापले कोभिड-१९ को महामरीले शिथिल बनाएको अर्थतन्त्रलाई चलायमान बनाउने सन्दर्भमा ठुलो योगदान पुऱ्याउन सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै आर्थिक वर्ष २०७७/७८ को बजेटमा स्थानीय तहमा १ सय ३० वटा औद्योगिक ग्राम स्थापना गरिने लक्ष्य राखिएको थियो । औद्योगिक ग्रामका लागि आवश्यक पूर्वाधार निर्माण गर्न तिनै तहका सरकारको सहलगानी तथा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गर्दै यस कार्यक्रमको निरन्तरताका लागि आ.व. २०७८/७९ तथा २०७९/८० मा समेत बजेट विनियोजन गरिएको थियो । औद्योगिक ग्राम स्थापना गरेर मात्रै सरकारको जिम्मेवारी पूरा हुँदैन । त्यस्ता औद्योगिक ग्राममा जान र आ-आफ्ना व्यवसाय सञ्चालन गर्न व्यवसायीहरूलाई प्रोत्साहित गर्न र त्यसअनुरूपको वातावरणको सिर्जना गर्ने दायित्व पनि सरकारकै हो । यसका साथै, त्यस्ता औद्योगिक ग्राम सञ्चालनका लागि आवश्यक पर्ने सडक, बिजुली, पानी लगायतका पूर्वाधारको निर्माण तथा व्यवस्थापन गर्ने कुरालाई पनि सरकारले ध्यान दिन जरुरी छ ।

खण्ड चार

अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको अवस्था र आवश्यक सुधार

४.१ कृषि

४.१.१ वर्तमान अवस्था तथा समस्या

कृषि मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । कृषि क्षेत्रको विकासविना कुनै पनि मुलुक आत्मनिर्भर बन्न सक्दैन । त्यसैले, आत्मनिर्भरता समृद्धिको पहिलो सर्त हो । 'समृद्ध नेपाल, सुखी नेपाली' को लक्ष्य हासिल गर्नका लागि कृषिमा आधुनिकीकरण र खाद्यन्न उत्पादनमा आत्मनिर्भर बन्नै पर्दछ । खाद्यन्नमा आत्मनिर्भरताको सवाल परिवर्तित सन्दर्भमा राष्ट्रिय हित र राष्ट्रिय सुरक्षाको एक सर्त पनि हो । कृषि क्षेत्रको विकासका बहुआयामहरू छन् । उदाहरणका लागि, खाद्यन्नमा आत्मनिर्भरता, खाद्यन्न आयातमा कटौती र ठुलो धनराशी बाहिरिनबाट जोगाउने, खाद्य निर्यातको सम्भावना तथा त्यसको प्रवर्धन मार्फत विदेशी मुद्रा आर्जनको ढोका खुल्ने, रोजगारीको सिर्जना हुने केही आयामहरू हुन् । त्यसकारण, परिवर्तित सन्दर्भमा अबको राज्यको प्राथमिकता कृषिको आधुनिकीकरणका साथै खाद्यन्न उत्पादनमा मात्रात्मक र गुणात्मक फड्को मार्ने दिशामा केन्द्रित हुनुपर्दछ ।

हाल नेपालमा ७०.४ प्रतिशत रोजगारी कृषि क्षेत्रले दिएको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । तर, कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्न गई २४.१ प्रतिशतमा सीमित हुन पुगेको छ (अर्थ मन्त्रालय, २०८०) । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रकाशन गरेको तथ्याङ्क अनुसार नेपालमा रहेको कुल कृषियोग्य भूमिमध्ये ३० लाख ९१ हजार हेक्टरमा खेतीपाती गरिएको छ भने १० लाख ३० हजार हेक्टर जमिनमा खेतीपाती गरिएको छैन । आ.व. २०७८/७९ मा नेपालमा खाद्यान्न उत्पादन १ करोड ७ लाख ७२ हजार मेट्रिक टन, तरकारी वार्षिक रूपमा ४१ लाख ५३ हजार मेट्रिक टन र माछा वार्षिक १ लाख ८ हजार मेट्रिक टन उत्पादन हुन्छ भने दुध वार्षिक रूपमा २५ लाख ६६ हजार मेट्रिक टन उत्पादन भएको थियो । यसैगरी, मासुको उत्पादन ५ लाख १२ हजार मेट्रिक टन भएको थियो (Ministry of Agriculture and Livestock Development, 2023) ।

कृषि क्षेत्र नेपाली अर्थतन्त्रको एक खम्बा हो, जसलाई अन्य क्षेत्रले सुदूरभविष्यसम्म प्रतिस्थापन गर्न सक्ने अवस्था छैन । तथापि, परिवर्तित सन्दर्भमा कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्न नसक्दा श्रम र लगानी अनुसारको उत्पादन दिन सकिरहेको छैन । परिणामत: खाद्यन्नमा परनिर्भरता बढिरहेको छ । कृषि उत्पादनमा आत्मनिर्भर बन्न नसक्दा हरेक वर्ष खाद्यान्न आयातका लागि खर्बौं रुपैंया बाहिरिने गरेको छ । आर्थिक वर्ष २०७५/७६ मा करिब रु. २ खर्ब २० अर्बको कृषिजन्य वस्तु विदेशबाट आयात गरिएको छ (Prasain, 2019) भने आर्थिक वर्ष २०७६/७७ मा कृषिजन्य वस्तुको आयात करिब १४ प्रतिशतले वृद्धि भई २ खर्ब ५० अर्ब पुगेको देखिन्छ (Prasain, 2020) । नेपालजस्तो कृषि प्रधान देशमा

कृषिजन्य वस्तुहरूको, मुख्य गरी धान चामल, मकै, तरकारी तथा फलफूल, मासु र तेलहनजस्ता बालीहरूको बढ्दो आयातले हाम्रो उत्पादन क्षमता अत्यन्तै न्यून हुँदै गएको छ भन्ने देखाउँछ । कृषि क्षेत्रको व्यावसायीकरणका लागि उत्पादन वृद्धि गर्ने योजनामा लगानी गरेर कृषि क्षेत्रमा आत्मनिर्भर हुनुका साथै खर्बौं रूपैयाँ बराबरको व्यापार घाटा सन्तुलनमा ल्याउन सक्ने प्रचुर सम्भावना रहेको छ । जबसम्म कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गरेर श्रम र लगानी अनुसारको उत्पादन गर्दै खाद्यान्नमा आत्मनिर्भर बन्दैनौं, तबसम्म हाम्रो अन्तर्राष्ट्रिय व्यापारमा देखिएको घाटा कम गर्न सकिन्न ।

कृषि क्षेत्रका समस्या नबुझिने र समाधान नै गर्न नसकिने किसिमका छैनन् । कतिपय समस्याहरू पहिचान गर्ने कोसिस नै गरिएको छैन भने कतिपय समस्या बुझेर पनि समाधानका लागि पहल नै भएको छैन । यस क्षेत्रको प्रमुख समस्या भनेको भूमिमाथिको स्वामित्व नै हो । अर्थात्, किसानलाई चाहिने कृषियोग्य भूमिको उपलब्धता वा व्यवस्थापन एक समस्या हो । कृषकको कर्मथलो भनेको भूमि नै हो । भूमिमाथि उनीहरूको स्वामित्व हुनुपर्दछ । तर, अहिले पनि ठुलो सङ्ख्यामा रहेका असली किसानसँग जमिनको स्वामित्व नै छैन । हामीले जमिनको उपयोगिताको आधारमा भूमिको वर्गीकरण गरे तापनि अव्यवस्थित र अवैज्ञानिक वस्ती विकास वा जग्गा 'प्लटिङ' गर्ने प्रवृत्तिका कारण त्यसको लगत सङ्कलन, व्यवस्थापन र अद्यावधिक गर्ने कार्यमा ठुलो समस्या देखिएको छ । कुनै समयमा वा मौसममा कृषि व्यवसाय गरिएका उर्वर भूमि पनि केही समयको अन्तरालपछि आवास, व्यावसायिक वा औद्योगिक प्रयोजनका लागि घर निर्माण गर्ने प्रवृत्तिले उर्वर जमिनको क्षयीकरण भइरहेको छ ।

त्यसैगरी, समयमै आवश्यक र उन्नत जातको बिउ बिजन उपलब्ध हुन नसक्नु अर्को समस्या हो । कृषियोग्य भूमि, कृषि उत्पादनका प्रकार र त्यसमा संलग्न कृषकको आधारमा आवश्यक उन्नत जातको बिउ मुलुकभित्रै उत्पादन गर्ने र आधिकारिक स्थानबाट बिक्री वितरण गर्ने प्रणालीको विकास हुन सकेको छैन । यसको अभावमा कृषिको आधुनिकीकरण सम्भव छैन । किसानलाई कृषि कर्ममा आवश्यक प्राविधिक परामर्श उपलब्ध गराउन कनिष्ठ प्राविधिक (Junior Technician) तथा कनिष्ठ प्राविधिक सहायक (Junior Technical Assistant) हरू नियुक्त भएका पनि छन् । तथापि, अहिले पनि जे.टी.ए.का ५० प्रतिशत पद रिक्त छन्, त्यसमा आवश्यक जनशक्तिको नियुक्ति तथा व्यवस्थापन गरी किसानलाई सेवा उपलब्ध गराउन सकिएको छैन । स्थानीय तहहरूले जे.टी.ए. लाई किसानको घरदैलोमा पुऱ्याउन कोसिस पनि गरिरहेका छन्, तर सफल भइसकेका छैनन् ।

कृषि उत्पादनका प्रमुख जैविक शत्रु भनेका कीरा र कीराजन्य रोगहरू नै हुन् । एकातर्फ बाली उत्पादनका लागि आवश्यक किटनाशक विषादीको सहज उपलब्धता हुन सकिरहेको छैन भने अर्कोतर्फ उपलब्ध भएको विषादीको पनि अवैज्ञानिक र अधिक प्रयोगले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर गरिरहेको छ ।

त्यसैगरी, कृषि पेसामा उत्पादनका साथै त्यसको व्यवस्थापन पनि महत्त्वपूर्ण हुन्छ । कृषि फसल टिप्ने, काट्ने, सङ्कलन गर्ने सिपको अभावमा उत्पादित खाद्यान्नको भण्डारण र गुणस्तर नियन्त्रणमा समस्या

सिर्जना हुन्छ । उत्पादित वस्तुले सहज रूपमा बजार पाउन सक्ने अवस्था पनि छैन । उत्पादनको समयमा उत्पादित वस्तुको बजार मूल्य न्यून हुन्छ भने त्यसलाई भण्डारण गरेर राख्ने उपयुक्त सार्वजनिक गोदामको व्यवस्था पनि हुन सकेको छैन । बिक्री नभएका हरियो तरकारी लगायत फलफूलजन्य उत्पादनलाई 'प्रासेसिङ' गर्ने प्रविधि, ज्ञान, सिप र पुँजीको अभावका कारण त्यस्ता वस्तु नष्ट भइरहेका छन् । अझै पनि अधिकांश किसानलाई कुन उत्पादनले कुन समयमा बजार पाउँछ भन्ने जानकारी छैन । मकै पाकेपछि भाँच्ने वा हरियो मकै बिक्री गर्ने भन्नेजस्ता विषयको जानकारीको अभाव छ । यसप्रकारका विभिन्न समस्याका कारण कृषि उत्पादनको प्रवर्धन, व्यवस्थापन हुन पनि सकिरहेको छैन र उचित ज्ञानको अभावमा उत्पादित वस्तुलाई व्यावसायिक दृष्टिकोणबाट उपयोगमा ल्याउन पनि सकिएको छैन ।

४.१.२ नीतिगत प्रयासहरू

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्ड भएको हुँदा यस क्षेत्रको विकासका लागि सरकारले विभिन्न समयमा विभिन्न योजना तथा रणनीति मार्फत विविध प्रयासहरू गर्दै आएको छ । यसैबिच, समग्र कृषि क्षेत्रको उत्पादन बढाउन र व्यवसायिकरण गर्न साविकमा नेपाल सरकारले २० वर्षे दीर्घकालीन कृषि विकास योजना (Agriculture Pespective Plan, एपीपी) (सन् १९९५-२०१५) कार्यान्वयन गरेको थियो । एपीपी क्रस-सेक्टरल दृष्टिकोणबाट कार्यान्वयन गरिएको एक राष्ट्रिय रणनीति थियो । यसले देशको समग्र कृषि क्षेत्रको वृद्धिदर दुई प्रतिशत विन्दु भन्दा माथि अर्थात सन् १९९५ भन्दा पहिलेको ०.५ प्रतिशत प्रति वर्षबाट ३ प्रतिशत प्रतिवर्ष पुऱ्याउने लक्ष्य लिएको थियो । यसले प्रतिव्यक्ति कृषि वृद्धिदर ६ गुणा विस्तार हुने र कृषि र गैरकृषि क्षेत्र दुवैमा रोजगारीको वृद्धिमा गुणात्मक प्रभाव पर्ने आकलन गरिएको थियो । यद्यपि, क्षेत्रगत मन्त्रालयहरू त्था निकायहरूमा समन्वयको अभाव, लगानीको कमी तथा दीर्घकालीन कृषि विकास योजना कार्यान्वयन सुरु भएपछि देश द्वन्द्वमा प्रवेश गरेको र द्वन्द्वको अन्त्यपछि पनि देश लामो समयसम्म राजनैतिक सङ्क्रमणकालमा रहेको आदि कारणहरूले कृषि क्षेत्रमा अपेक्षित प्रगति हासिल हुन सकेन (कृषि विकास मन्त्रालय, २०७३) ।

द्वन्द्वकालमा गाउँका लाखौँ परिवारहरू जग्गा जमिन छाडेर अधिकांश काठमाडौँ उपत्यकामा तथा अन्य सहरमा प्रवेश गरे भने केही विदेशिन पुगे । दीर्घकालीन कृषि योजनाको पहिलो २० वर्षको अवधिमा कृषि क्षेत्रमा सरकार र विकासका साझेदारहरूले गरेको लगानी सन् २००५ पछिको दशकमा बढेको देखिन्छ । निजी क्षेत्रको लगानी पनि त्यति धेरै हुन सकेन । साथै, ग्रामीण जनसङ्ख्याको क्रमिक पलायनले कामदार र लगानी अभावको कारणले जमिन बाँझो हुने क्रम बढ्दै जाने र सहरीकरणले गर्दा सहरी क्षेत्रसँगै जोडिएको उर्वर कृषियोग्य जमिनको ठुलो भाग आवासीय प्रयोजनहरूमा उपयोग हुँदै गइरहेकाले कृषि क्षेत्रको समग्र उत्पादनमा प्रतिकूल प्रभाव परेको छ ।

हाल २० वर्षे कृषि विकास रणनीति (सन् २०१५-२०३५) लागु भइरहेको छ । कृषि उत्पादनलाई अभिवृद्धि गर्ने प्रयोजनका लागि यस क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण गर्दै यस

पेसामा आबद्ध किसानहरूको हक, हितको प्रवर्धन गर्न, तथा विद्यमान समस्याहरूको पहिचान गरी त्यसको निराकरण गर्न आवश्यक ऐन, कानुन, नीति तथा योजना निर्माण वा परिमार्जन गर्नका लागि नेपाल सरकारको मिति २०७३/१०/०६ गतेको निर्णय बमोजिम जारी भएको राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार “किसान आयोग” पनि गठन भएको छ। बिस वर्षे रणनीतिको लक्ष्य पूरा गर्न कृषिलाई आधुनिकीकरण गर्नै पर्दछ। यसर्थ, कृषि क्षेत्रलाई यान्त्रिकीकरणमा रूपान्तरित गर्न जीरो टिलर, हार्भेष्टर, मिनी ट्याक्टर, रिपर जस्ता उपकरणको प्रयोगलाई बढाइएको छ। कृषक पाठशालाको व्यवस्था गरिएको तथा एकीकृत शत्रुजीव व्यवस्थापन (integrated pest management) विधिलाई अभ्यासमा ल्याइएको छ । स्वयम् किसानहरूले नै सञ्चालन गर्न सक्ने प्रयोगशालाहरू स्थापना भएका छन्। किसान आफैंले माटो परीक्षण गर्ने र शत्रुजीव र मित्रजीव पहिचान गर्न सक्ने ज्ञान र सिप प्रदान गर्न विभिन्न शैक्षिक तालिमको व्यवस्था गरिएको छ । कृषि उत्पादनको स्तर निर्धारण गर्ने, अदुवा लगायतलाई पानीले सफा गर्ने, सुकाउने, स्टोर गर्ने, प्याकेजिङ गर्ने लगायतका लघु उद्योगहरू पनि सञ्चालनमा ल्याइएको छ। साथै, विषयगत सहकारीहरूलाई उत्पादन र बजारको प्रवर्धनका लागि उत्प्रेरित गरिएको छ।

४.१.२.१ कृषि क्षेत्रको विकासका लागि भएका प्रयासले समेट्न नसकेका केही पक्षहरू

विगत २५ वर्षको अवधिमा कृषि क्षेत्रको विकास वा सुधारका लागि दुई-दुई वटा रणनीतिक योजना लागु भइसकेका छन्। पछिल्लो पटक जारी भएको २० वर्षे “कृषि विकास रणनीति” को मुख्य उद्देश्य भनेको कृषि क्षेत्रको आधुनिकीकरण गरी मुलुकलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउनु नै हो । यसका लागि कृषि क्षेत्रमा नीतिगत, संरचनागत, प्रविधिगत र मनोगत सुधारको खाँचो छ। राष्ट्रिय अर्थतन्त्रको जग निर्माण गर्ने सन्दर्भमा कृषि क्षेत्रको महत्त्व थाहा हुँदाहुँदै पनि आवश्यकता र सामर्थ्य अनुसार सुधार गर्न सकिएको छैन।

कृषिको आधुनिकीकरण, उत्पादकत्वमा वृद्धि तथा त्यसको स्थायित्वका लागि राज्यले यससँग गाँसिएका विविध पक्षको पहिचान गरी तिनको परिचालन, व्यवस्थापन तथा सुधार गर्नुपर्दथ्यो । तथापि, त्यो जिम्मेवारीमा हामी चुकेका छौं। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि देहाय बमोजिमको सुधारसहित योजनाबद्ध ढङ्गले अगाडि बढ्न आवश्यक छ।

क) जमिनको चक्लाबन्दी अहिलेको प्रमुख आवश्यकता हो। कृषिको आधुनिकीकरण र उत्पादकत्व वृद्धिका लागि कृषियोग्य जमिनको चक्लाबन्दी पहिलो सर्त हो। यसका लागि आठोरहित ब्लकमा नापी गरी जग्गाको स्वामित्वको छुट्टै अभिलेख राख्नुपर्छ। तथापि, यो कुराको ज्ञान भएर पनि आजसम्म हामी गर्न सकेनौं। अब यसलाई राज्यले पहिलो प्राथमिकता दिनुपर्दछ।

ख) कृषि उत्पादनको वृद्धि र स्थायित्वका लागि कृषिमा वृहत् परियोजनाको अवधारणा विकास गर्नुपर्ने थियो, जसमा हामी चुकेका छौं । कृषिमा उत्पादन र उत्पादकत्व वृद्धिसँगै त्यसको स्थायित्वका लागि बृहत् योजना बनाएर कार्यान्वयन गर्नुपर्दछ।

ग) कृषि उत्पादनसँगै गाँसिएको पशुपालनलाई साथसाथै अघि बढाउन सकिएन । कृषि उत्पादनका सहउत्पादन (by-product) पशुका लागि आहार हुने र पशुपालनबाट कृषि उत्पादनका लागि सबैभन्दा उत्तम प्राङ्गारिक मल उत्पादन हुने भएको हुँदा कृषि र पशुपालनको बिचमा अन्योन्याश्रित सम्बन्ध छ । त्यसकारण, राज्यले कृषि उत्पादनसँग पशुपालनलाई पनि जोड्ने नीति अख्तियार गर्न आवश्यक छ ।

घ) माछापालन मासु उत्पादनको एक अंश हो । तराईका फाँटमा ठुला ठुला पोखरी निर्माण गरेर माछा पाल्न सकिने सम्भावना छ । त्यसैगरी, हिमाली एवम् पहाडी क्षेत्रको चिसो पानीमा पनि पोखरीको निर्माण गरी ट्राउट माछा उत्पादन गर्न सकिने प्रशस्तै सम्भावना छ । तथापि, यस प्रकारको सम्भावनायुक्त माछा खेतीलाई हामीले कृषिको आधुनिकीकरणको रूपमा विकास गर्न सकेनौँ । बेरोजगार युवाहरूलाई यस क्षेत्रमा आकर्षित गर्ने नीति बनाएर लागु गर्न आवश्यक छ ।

ङ) अर्थोपार्जनको ठुलो सम्भावना बोकेका वन क्षेत्रलाई कृषि, फलफूल र जडीबुटी वनमा रूपान्तरित गर्न सकेनौँ । अब जडीबुटी उत्पादनलाई कृषि कर्मसँग जोड्नका लागि आवश्यक प्रबन्ध राज्यले गर्नुपर्दछ ।

च) राज्यद्वारा व्यक्त प्रतिबद्धताका बाबजुद राज्यद्वारा सञ्चालित कृषि फार्म र बागवानी फार्महरू कृषक समूहलाई हस्तान्तरण गर्न सकैनौँ, जसका कारण यस क्षेत्रप्रति किसानहरूले अपनत्व महसुस गर्न सकेनन् । राज्यद्वारा सञ्चालित त्यसप्रकारका फर्म वा व्यावसायउपर कृषकले अपनत्व र स्वामित्व महसुस गर्ने वातावरणको सिर्जना गर्न सके त्यस क्षेत्रबाट ठुलो लाभ हासिल गर्न सकिन्छ ।

छ) किसानलाई समय अनुसारको खेती गर्ने सल्लाह, उन्नत जातका बिउ बिजन, खेतीको चक्रप्रणाली, माटो सुधार कार्यक्रम, बैंकबाट कृषिका लागि सहुलियतपूर्ण ब्याजमा पाउने कर्जा र त्यसको प्रक्रिया, मल र विषादी, उत्पादनको बजार तथा कृषि उपकरणको उपलब्धता, सरकारी अनुदान प्राप्त गर्ने प्रक्रिया लगायत सहकारी एग्रोभेटबाट एकद्वार प्रणालीमा प्राविधिक ज्ञान र आवश्यक वस्तु उपलब्ध गराउने भनिए तापनि त्यसको सुनिश्चितता गर्न सकेनौँ । यस कारण, यस क्षेत्रमा आकर्षण बढाउनै सकिएन । कृषिमा आकर्षण वृद्धि गर्नका लागि राज्यले उपलब्ध गराउने सम्पूर्ण सुविधाको बारेमा सम्बद्ध सरोकारवाला सुसूचित हुने वातावरण तथा संयन्त्रको विकास गर्नुपर्दछ ।

ज) कृषि क्षेत्रको सुधार र आधुनिकीकरण गर्दै यसप्रतिको आकर्षण र उत्पादकत्व वृद्धिका लागि कम्तीमा पनि सङ्घीय सरकारको कुल बजेटको ५ प्रतिशत, प्रदेश सरकारको कुल बजेटको १० प्रतिशत र स्थानीय तहको कुल बजेटको १५ प्रतिशत बजेट कृषि क्षेत्रका लागि छुट्याउनु पर्दछ । यसले कृषि क्षेत्रमा लाग्नेको मनोबल उच्च बनाउँछ ।

४.१.३ सुधारका लागि सुझाव

कृषि क्षेत्रको वर्तमान अवस्थामा गुणात्मक तथा सङ्ख्यात्मक सुधारका लागि स्पस्ट दृष्टिकोण, तदनुसारका नीति योजना र कार्यक्रमहरू ल्याई तिनीहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । नेपालको सन्दर्भमा यी पाँच वटा सूत्र कृषि क्षेत्रको प्रवर्धनका लागि निकै महत्त्वपूर्ण छ ।

क) उत्पादन सामाग्रीमा अनुदान दिने,

ख) किसानलाई सस्तो र सुलभ व्याजमा ऋण प्रवाह गर्ने,

ग) सबै किसानलाई प्राविधिक सेवाको उपलब्धता सुनिश्चित गर्ने,

घ) सबै बाली र पशुपन्छीको बीमा गर्ने,

ङ) कृषि उत्पादनको किसानको उत्पादनमा न्यूनतम् बचतको प्रत्याभुति हुने गरी खरिदको समर्थन मूल्य तोक्ने ।

कृषि क्षेत्रको विकासका लागि विगतका कृषि नीति, कार्यक्रम र यस क्षेत्रमा भएका वा हुन नसकेका कामहरूको वस्तुगत समीक्षा गरेर मात्रै अगाडि बढ्न सकिन्छ। कृषिलाई नेपाली अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित गर्नका लागि यस पेसाप्रतिको आम बुझाइ र अवधारणामा व्यापक रूपान्तरण ल्याउन जरुरी छ । त्यसका लागि, राज्यको तहबाट आवश्यक चिन्तन, मनन, गृहकार्य गरी जनचेतनामूलक कार्यक्रम बनाएर त्यसलाई प्रचारप्रसार गर्न जरुरी छ । कृषि क्षेत्रको विकासको कुरा गर्दा तीनवटा पक्षमा ध्यान पुऱ्याउन जरुरी छ। पहिलो, उत्पादनमा वृद्धि, दोस्रो, खपत र तेस्रो, व्यावसायीकरण। यी तीनवटै पक्षलाई प्रवर्धन गर्नका लागि राज्य र कृषकको सहभागितामा सञ्चालन गर्नै पर्ने कुराहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

क) वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि क्षेत्रमा परिचालन गरी हिउँदे र वर्षे धानको उत्पादन बढाउने र चामलको आयात प्रतिस्थापनका साथै चामल निकासी गर्न सक्षम हुन,

ख) गहुँको उत्पादन बढाएर पिठो पिँध्ने मिल र बिस्कुट बनाउने लगायतका कारखाना खडा गर्न सक्षम हुन,

ग) मकैको उत्पादन बढाएर पन्छी (poultry) का लागि दाना उत्पादनमा नेपालकै कच्चा पदार्थ प्रयोग गर्न सक्षम हुन,

घ) कोदो, फापर, तोरी, गेडागुडी लगायत दलहन बालीको उत्पादन बढाएर आत्मनिर्भर हुन,

ङ) उच्च हिमाली क्षेत्रलाई पशुपालन र जडीबुटीको केन्द्र बनाउन । जडीबुटीतर्फ यार्सागुम्बा, पाँचऔले, कुटकी, जटामसी, टिमुर, भ्याकुर, चिराईतो, तेजपात, नागबेली, बोझो, असुरो, सतुवा, अमला, गुर्जो, पिपला, बर्रो, बेल, हर्रो, डालेचुक, लोठसल्ला, सुगन्ध कोकिला, पदमचाल, चुत्रो, दालचिनी, धतुरो र कन्टकारीबाट आर्थिक लाभ लिन सक्षम हुन,

च) आम उपभोक्ताको दैनिक उपभोग्य खाद्यन्न: चामल, दाल, गेडागुडी, पिठो, आटा, मैदा, खाने तेल, हरियो तरकारी, फलफूल, माछामासु, दुध लगायतका दैनिक जीवनसँग सम्बन्धित अत्यावश्यक वस्तुहरू आन्तरिक रूपमा कृषि क्षेत्रबाटै हासिल हुने सुनिश्चितता गर्न,

छ) आलु, प्याज, लसुन लगायतको उत्पादनमा आत्मनिर्भर बन्न,

ज) किवी, एभोकाडो र ड्रागन फ्रुट जस्ता उच्च मूल्यका फलफूलको उत्पादन बढाउन,

झ) चिया, कफी, सनपाट, तोरी, सूर्यमुखी, अलैंची, अदुवा लगायतका नगदे बालीको व्यावसायीकरणबाट गरिबी निवारणमा योगदान पुऱ्याउन,

ञ) भात नै खानु पर्ने बानीलाई क्रमशः विस्थापित गर्दै जाने,

ट) भविष्यमा, विदेशबाट बिउ आयात गर्न नसकिने हुँदा स्वदेशमै बिउको उत्पादन गर्न । यसैका लागि प्रदेशस्तरमा बिउ बैंक र कृषि फार्म स्थापना गर्न,

ठ) किसान निवृत्तिभरण कार्यक्रम लागु गर्न,

ड) नेपाल कृषि अनुसन्धान परिषद्लाई प्रवर्धन गर्न ।

४.१.४ कृषि उत्पादनको प्रवर्धनका लागि सुझावहरू

कृषि आम मानिसको जीवनसँग गाँसिएको छ । विशेष गरी, नेपाल जस्तो भूपरिवेष्टित र भौगोलिक विविधता भएको मुलुकले कृषिमा आत्मनिर्भर हुन नसक्ने हो भने अर्थतन्त्रको जग निर्माण गर्न कठिन हुनेछ । खाद्यान्नमा परनिर्भरताले राष्ट्रिय स्वाभिमान र राष्ट्रिय हितका कतिपय मुद्दाहरूमा सम्झौता गर्नुपर्ने हुन सक्छ । त्यसकारण, "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा समेतलाई ध्यानमा राख्दै अबको कृषि नीति भनेको मुलुकलाई खाद्यान्न उत्पादनमा कसरी आत्मनिर्भर बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित हुनुपर्दछ । कृषि उत्पादनको प्रवर्धनका लागि हामीले अवलम्बन गर्नुपर्ने विषयलाई बुँदागत रूपमा पहिचान गरिएको छ ।

(क) जमिन: खेतीयोग्य जमिनलाई कृषि भूमिमा दर्ता गरी घडेरीका लागि 'प्लटिङ' गर्न पूर्ण रूपमा निषेध गर्नुपर्छ । कसैले पनि जमिन बाँझो राखेमा दण्डित हुने र बाँझो जमिनमा भूमिहिन किसानले उब्जनी गर्न पाउने कानुनी प्रबन्ध गर्नुपर्छ । यसै प्रयोजनका लागि भूमि बैंकको स्थापनामा ढिला गर्नु हुँदैन ।

(ख) सामूहिक खेती: समूहगत रूपमा 'ब्लक' मा खेती गर्न सकेको खण्डमा बिउ-बिजन, मलखाद, किटनाशक औषधी, प्राविधिक र सिँचाइ सुविधा तथा बजार सुनिश्चित गर्न सहज हुन्छ । तसर्थ, सामूहिक खेती र सहकारी खेतीका लागि पहल गर्नुपर्छ । यसका लागि आवश्यक कानुन निर्माण गर्नुपर्दछ ।

(ग) निर्देशित खेती: नेपालको कृषि उत्पादनलाई अर्गानिक उत्पादनमा रूपान्तरण गर्नुपर्छ । 'अर्गानिक' उत्पादनका लागि सरकारले तोकेको खेती गर्नुपर्छ, जसमा बिउ-बिजन, सिँचाइ, मल,

प्राविधिक सहयोग लगायत उत्पादनमा लाग्ने कुल लागतको आधा खर्च सरकारले अनुदान दिनुपर्छ ।

(घ) **'एग्रोभेट'**: प्रत्येक वडामा स्थानीय तहबाट सञ्चालन हुने गरी कम्तीमा एउटा 'एग्रोभेट' पसल स्थापना गर्नुपर्छ। त्यस प्रकारको पसलमा मौसम अनुसारको उन्नत जातको बीउ-बिजन बिक्री गर्ने, प्रत्येक किसानलाई बजारको माग र आवश्यकताका आधारमा कुन समयमा के उत्पादन गर्ने भनी परामर्श दिने र उत्पादनको अभिलेख राख्ने लगायतको काम गर्नुपर्छ। परामर्शका लागि जे.टी. तथा जे.टी.ए.लाई स्थलगत रूपमै परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ। स्थानीय तहबाट सञ्चालन हुने पसलमा सुरुमा बिक्री वितरण गरिने सबै वस्तुमा ५० प्रतिशत छुट दिने व्यवस्था गर्नुपर्दछ। यसरी सञ्चालनमा आउने 'एग्रोभेट सेन्टर' ले कृषि सेवा केन्द्र र पशु सेवाकेन्द्रको भूमिका निर्वाह गर्नुपर्छ।

(ङ) **बीमा**: हाल सङ्घीय सरकारले कृषि र पशु बीमामा ७५ प्रतिशत प्रिमियममा अनुदान दिने व्यवस्था गरेको छ। यसको दायरा फराकिलो बनाई न्यूनतम समर्थन मूल्य प्राप्त नभएमा वा हावा, हुरी लगायतका प्राकृतिक प्रकोपका कारण बाली र पशुको क्षति भएको अवस्थामा पनि बीमाले व्यहोर्ने नीति अख्तियार गर्नुपर्छ।

(च) **सिँचाइ**: २०८० सम्मको तथ्याङ्क हेर्दा करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको छ। यद्यपि करिब एक तिहाइ भूमिमा मात्र वर्षैभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको छ। यसर्थ, अबको पाँच वर्षमा सबै कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने राष्ट्रिय सङ्कल्प गर्नुपर्छ। यस प्रयोजनलाई सार्थक तुल्याउन सिँचाइ विभागलाई कृषि मन्त्रालय मातहत ल्याउनु पर्छ।

(छ) **बजार**: किसानले उत्पादनको उचित मूल्य पाउने व्यवस्थाको सुनिश्चितता गर्नुपर्दछ। त्यसका लागि, कृषि उत्पादनको बिक्री वितरण विशेष इजाजत प्राप्त सहकारी वा उद्योग लगायतले मात्र गर्न पाउने कानुनी व्यवस्था गर्नुपर्छ। यसबाट यस क्षेत्रमा बिचौलियालाई निषेध गर्न सकिनेछ। यसका अतिरिक्त, सार्वजनिक गोदामको प्रबन्ध गरी गोदाममा सङकलन गरेको कृषि उत्पादनको परिमाणको आधारमा बैंकबाट ऋण लिन सकिने प्रबन्ध गर्नुपर्छ।

(ज) **प्राङ्गारिक मल कारखाना**: सङ्घीय सरकार र प्रदेश सरकारको सहकार्यमा सात वटै प्रदेशमा प्राङ्गारिक मल कारखाना स्थापना गर्नुपर्छ। प्राङ्गारिक मल उत्पादन गर्ने कारखानाको स्थापनासँगै रसायनिक मल आयातलाई क्रमशः निषेध गर्नुपर्छ। यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा राज्यका तर्फबट राष्ट्रिय सङ्कल्पको घोषणा गर्नुपर्छ।

(झ) **जैविक विषादी**: रासायनिक विषादीको आयात र प्रयोगमा पनि क्रमशः रोक लगाउनु पर्छ। जैविक विषदीको ज्ञान र त्यसको प्रयोगमा किसानलाई उत्प्रेरित गर्नुपर्छ। जैविक विषादीको उत्पादनमा किसानलाई सुरुमा ९० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गर्नुपर्छ।

कृषि खेती, पशुपालन, बिउ उत्पादन, प्रङ्गारिक मल उत्पादन लगायत उत्पादित कृषि वस्तुको ग्रेडिङ गर्ने, प्रशोधन गर्ने र प्याकेजिङ गर्ने कारखाना स्थापनामा शून्य व्याजदरमा ऋण प्रवाह गरी व्यवसायीलाई आकर्षित गर्नुपर्छ। रासायनिक मलको आयात तथा आपूर्ति प्रणाली सुधार गर्न नितान्त आवश्यक छ। नेपालमा विद्युत्को उत्पादन क्रमिक रूपमा वृद्धि हुँदै गएकाले रासायनिक मल कारखाना स्थापनाका लागि अध्ययन गर्न जरुरी छ। यसले कृषिका निश्चित व्यावसायिक उत्पादन क्षेत्रमा मलको सहज आपूर्ति हुन गई कृषि बालीको उत्पादकत्व तथा उत्पादन बढाउन निकै महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। साथै, भौगोलिक रूपले विविध र सानो उत्पादन क्षेत्र रहेको स्थानमा विशेष तथा niche वस्तु उत्पादन गर्न असल कृषि अभ्यास तथा प्राङ्गारिक कृषि उत्पादन विधिमा जोड दिँदा साना कृषकहरूले लाभ लिन सक्छन्।

अनुत्पादक क्षेत्रको लगानीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने

लगानी गर्दा उत्पादनमूलक क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। आधुनिकीकरण र व्यावसायीकरण सहितको कृषि नेपालको सन्दर्भमा उत्पादनमूलक क्षेत्र हुन सक्दछ। नेपालमा कच्चा पदार्थ पनि उत्पादन नहुने र उत्पादन सम्भाव्यता हामीसँग नभएका क्षेत्रमा गरिएको सिप र प्रविधिको लगानीलाई स्वदेशमै कच्चा पदार्थ उपलब्ध भएको क्षेत्रमा परिचालन गर्नुपर्छ। सम्भावना र जनशक्ति परिचालनका हिसाबले कृषि तथा वन क्षेत्र, वन पैदावार, जडीबुटी, नेपाली कागजको उत्पादन, रेशाजन्य वस्तुको उत्पादन, प्राकृतिक रेसामा आधारित कपडा तथा गलैँचा उद्योग लगायतका क्षेत्रमा लगानी वृद्धि गर्न सकिन्छ। यसका अतिरिक्त, सिमेन्ट उद्योग, नेपालमा सञ्चालित फलाम खानी, पेट्रोलियम पदार्थको अन्वेषण, बहुमूल्य पत्थर उत्खनन्, कोईला र तामा खानी, यूरेनियम र सुन खानीको उत्खनन लगायतका कार्यलाई निरन्तरता र जीवन्तता दिनुपर्छ। यसले समग्र अर्थतन्तमा योगदान गर्नुका साथै रोजगार सिर्जना समेत गर्न निकै ठुलो भूमिका खेल्न सक्छ।

निर्यातमुखी वस्तु उत्पादनमा जोड

नेपालको उच्च व्यापार घाटालाई सन्तुलनमा ल्याउन अब देशले निर्यातमुखी उत्पादनमा जोड दिनुपर्छ। नेपालको सन्दर्भमा निर्यातमूखी उत्पादनको ठुलो सम्भावना कृषि क्षेत्रमै छ। दुई विशाल छिमेकी मुलुकसँग नेपालले औद्योगिक उत्पादनमा प्रतिस्पर्धा गर्न सक्दैन। तथापि, नेपालको विशिष्ट जलवायु तथा भूबनोटका कारण तरकारी तथा आलङ्कारिक बिरुवाको बिउ बेर्ना, जडीबुटी र मसलाजन्य उत्पादन मार्फत वैदेशिक व्यापारमा ठुलै फड्को मार्न सकिन्छ। तथापि, त्यसका लागि, स्पष्ट योजना र लक्ष्यसहित राज्यले कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्दै जनशक्ति व्यवस्थापन भने गर्नै पर्दछ। वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै काम गर्न चाहने उत्साहित युवाहरूलाई अदुवा, अलैँची, मह, जडीबुटी, चिया, कफीको सामूहिक खेतीमा सहभागी गराउनुपर्छ। यसका अतिरिक्त, स्थानीय स्रोत, साधन, सिप र नेपाली कला एवम् संस्कृति झल्किने घरायसी प्रयोग, सजावट तथा

उपहारजन्य सामाग्रीको उत्पादन गर्ने उद्योगलाई प्राथमिकता दिनुपर्छ । साथै, तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक लाभको क्षेत्रमा लगानी केन्द्रित गर्नेलाई पनि प्रोत्साहन गर्नुपर्छ ।

कृषिमा आत्मनिर्भर बन्ने क्षेत्रमा लगानी अभिवृद्धि

जलवायु परिवर्तन, विश्वव्यापीकरण र सेवा क्षेत्रमा बढ्दो आकर्षणले नेपाल दिन प्रतिदिन खाद्यन्नमा परनिर्भर बन्दै गइरहेको छ । यसले निकट भविष्यमै ठुलो खाद्य सङ्कट सिर्जना गर्न सक्दछ । खाद्य सुरक्षा आधुनिक राष्ट्रिय सुरक्षाको एक अंश हो, जुन नागरिकको जीवनसँग जोडिएको छ । यसर्थ, नेपाललाई खाद्यन्नमा आत्मनिर्भर बनाउने क्षेत्रमा राज्यले लागनी वृद्धि गर्न आवश्यक छ । खाद्यन्नमा आत्मनिर्भरताको सवाल लगानी, जनशक्ति, प्रविधि, उत्पादन र उत्पादकत्वसँग जोडिएको हुन्छ । विशेष गरी, धान, मकै, गहुँ, कोदो, फापर, जौ, दलहन बाली, तोरी, भटमास तथा फलफूल र तरकारीजन्य उत्पादनमा कसरी आत्मनिर्भर बन्न सकिन्छ भन्ने विषयलाई राज्यले पहिलो प्राथमिकतामा राख्न जरुरी छ । सम्बद्ध क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न दैनिक हजारौँको सङ्ख्यामा देशबाहिर जाने युवा जनशक्तिलाई कृषि कर्ममा लाग्न उत्प्रेरित गर्न, सिप, प्रविधि र लगानी मार्फत कृषिको आधुनिकीकरण र व्यावसायिकरण गर्न स्पष्ट मार्गचित्र बनाएर अगाडि नबढ्ने हो भने खाद्य असुरक्षा झनै डर लाग्दो अवस्थामा पुग्न सक्दछ । कोभिड-१९ ले सिर्जना गरेको असहजतासँगै हरेक देशले खाद्यान्न निर्यातमा कडाई र भण्डारणमा जोड दिइरहेका छन् । यो प्रवृत्ति आउँदा दिनमा झनै बढ्न सक्छ ।

भूमि बैंकको स्थापना

आर्थिक वर्ष २०७७/७८ को बजेटमा समावेश गरिएको अवधारणाअनुरूप सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको सहलगानीमा ३ सय स्थानीय तहमा भूमि बैंकको स्थापना गरिने उल्लेख गरिएको थियो । यसै प्रयोजनका लागि, भूमि बैंकमा शेयर लगानी गर्न सरकारले रु. ५० करोड बजेट पनि विनियोजन गरेको थियो । त्यसैगरी आ.व. २०७८/७९ को बजेटमा नेपाल सरकार र स्थानीय तहको सहलगानीमा प्रत्येक प्रदेशमा भूमि बैंकका कम्तीमा ५० शाखा स्थापना गरी सञ्चालनमा ल्याउने र उपयोगमा नरहेका व्यक्तिगत, सरकारी, सार्वजनिक तथा नदी उकासको जग्गामा व्यावसायीक खेती र कृषि उपज प्रशोधन गर्न व्यक्ति, समूह वा संस्थालाई भूमि बैंक मार्फत लिजमा उपलब्ध गराउने व्यवस्था गरिएको थियो । भूमि बैंकको यो अवधारणा कार्यान्वयन हुन सक्यो भने कृषि उत्पादनका लागि योग्य जमिन कतै बाँझै बस्ने र कतै कृषि कर्म गर्न चाहनेले जमिन नपाउने समस्याको समाधान हुन सक्दछ । तर, भूमि बैंकको स्थापना तथा भूमि बैंकमा भएको जग्गाको उपयोगबारे स्पष्ट कार्यविधि बनाउनु पर्दछ । अन्यथा, यसमा पनि जग्गा व्यावसायीहरूकै हालीमुहाली हुनसक्छ र वास्तविक कृषि कर्म गर्न चाहने मानिस ठगिन सक्छन् ।

४.२ पर्यटन

४.२.१ वर्तमान अवस्था तथा समस्याहरू

पर्यटकीय दृष्टिकोणले नेपाल विश्वकै आकर्षक गन्तव्यका रूपमा चिरपरिचित मुलुक हो । नेपालको प्राकृतिक छटा, धार्मिक पवित्रता, जलवायु तथा भौगोलिक विविधता अनि अनेकता बिचको एकता र "अतिथि देवो भव:" भन्ने मुल मन्त्रप्रति विश्व नै नतमस्तक छ । पर्यटन विकासको ठुलो सम्भावना बोकेको यस देशमा पर्यटनको माध्यमबाट रोजगारीको सिर्जना मात्रै नभएर अर्थतन्त्रमा पनि ठुलै योगदान पुगेको छ । कोभिड-१९ महामारीको अन्त्यसँगै पर्यटक आवागमनमा वृद्धि हुँदै गएको अवस्था छ । आ.व. २०८१/८२ को सुरुआतको छ महिनामा नेपाल भित्रिएका पर्यटकको सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.५७ प्रतिशतले बढेर ५ लाख ८० हजार पुगेको अवस्था छ (अर्थ मन्त्रालय, २०८१) । विदेशी पर्यटकहरूको नेपाल भ्रमणको सङ्ख्या सन २०२४ भित्र ११ लाख ४७ हजार ५ सय ६७ पुगेको भए तापनि पर्यटक आवागमन कोभिड-१९ अगाडिको अवस्थामा भने पूर्णरूपमा पुगिसकेको देखिँदैन (Ministry of Culture, Tourism, and Civil Aviation, 2024) । चित्र ५ मा विगत १२ वर्षमा नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या र उनीहरूको औसत बसाइको दिनलाई प्रस्तुत गरिएको छ ।

चित्र ५: नेपालमा पर्यटकको आगमनको माध्यम, सङ्ख्या (हजारमा) र औसत बस्ने दिन (सन् २०११ देखि २०१३ सम्म)



चित्र ५ मा देखिएअनुसार सन् २०१५ र सन् २०२० मा क्रमशः महाभुकम्प र कोभिड-१९ महामारीले पर्यटकको सङ्ख्या धेरै घटेको थियो । पर्यटन क्षेत्रमा आएका यी अस्वाभाविक झट्काहरूबाट यस क्षेत्रलाई जोगाउन र पुनःजागरण गर्नका लागि चालिएका कदमहरू पर्याप्त रहेको वा नरहेको पनि विश्लेषण गर्नु जरुरी छ ।

जलवायु परिवर्तन र यसले पर्यटनमा पार्नसक्ने अल्पकालीन तथा दीर्घकालीन असरहरू र पर्यटन क्षेत्रलाई यी असरहरूबाट सुरक्षित राख्ने उपायहरूबारे विस्तृत वहस नभएको देखिन्छ । जलवायु परिवर्तनको असर विशेषगरी हिमाली क्षेत्रमा देखिन थालिसकेको र यसले नेपाली पर्यटन व्यावसायमा महत्त्वपूर्ण योगदान दिने क्षेत्रमध्येको एक पर्वतारोहणमा चुनौती आउनसक्ने देखाएको छ । नेपालमा सन् २००० देखि हालसम्म २० वटा हवाई दुर्घटनामा भएको ठुलो मानवीय क्षतिको इतिहास (Reuters, 2024) र नेपालको हवाई क्षेत्र युरोपियन युनियनको कालो सूचीमा निरन्तर परिरहनु ("European ban...", 2024) पनि पर्यटन क्षेत्रको प्रगतिका लागि बाधक बन्न सक्ने सम्भावना छ । पर्यटन क्षेत्रको विकास बृहत्तर पूर्वाधार विकाससँग पनि जोडिएको हुनाले पूर्वाधार विकासको सुस्त गतिले समेत यसमा असर पार्ने गरेको छ। मुख्य पर्यटकीय गन्तव्यहरूसम्म पुग्ने बाटो र अन्य पूर्वाधारहरूको अभाव तथा कमजोर पूर्वाधारले पर्यटन विकासमा समस्या थपेको अवस्था छ । Shrestha (2020) का अनुसार नेपालको पर्यटन र आतिथ्य क्षेत्रमा मानव संसाधन व्यवस्थापनमा कर्मचारीहरूको कम उत्पादकत्व, मानव संसाधन विकासमा सरोकारवालाहरूको कमजोर प्रयास, कमजोर व्यवस्थापकीय क्षमता, ट्रेड युनियनहरूको हस्तक्षेप, प्रवेशस्तर (entry level) मा कम तलब र कमजोर सूचना आदि चुनौतीहरू छन् । ग्रेट हिमालयन ट्रेल लगायतका पदमार्ग र साहसिक पर्यटनका स्थलहरूको पनि राष्ट्रियस्तरमा प्रवर्धन भएको देखिदैन । विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले जारी गरेको पर्यटक सुरक्षा सूचकाङ्क र पर्यटन विकास सूचकाङ्कमा पनि नेपाल पछाडि नै रहँदै आएको अवस्था छ (World Economic Forum, 2024)। युरोपियन युनियनले नेपालको हवाई क्षेत्रलाई निरन्तर हवाई सुरक्षाको कालो सूचीमा राखिराखेको अवस्थामा हवाई भाडादर भने आकाशिँदो भएकाले पनि पर्यटक आगमन वृद्धिमा चुनौती थपिएको छ (Prasain, 2024) । साथै, पर्यटन नीति २०६५ ले व्यवस्था गरेको होमस्टे प्रवर्धन गर्ने योजनामा आन्तरिक बसाइसराइले विशेषगरी ग्रामीण भेगमा नयाँ चुनौती थपेको देखिन्छ ।

४.२.२ कानुनी तथा नीतिगत/प्रयासहरू

नेपालको संविधानमा नै पर्यटनसम्बन्धी नीति अन्तर्गत "नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवम् प्रचारप्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने" उल्लेख गरिएको छ । संवैधानिक व्यवस्था अन्तर्गत

नै नीतिगत कदम चालिएको पर्यटन क्षेत्रको विकासका लागि अन्य नीतिगत र कानुनी पहलहरू धेरै भएका छन् ।

आ.व. २०८०/८१ मा जारी गरिएको नेपाल सरकारको नीति तथा कार्यक्रममा पर्यापर्यटन प्रवर्धन गर्ने, धार्मिक-साँस्कृतिक परिपथको विकास गर्ने, पर्यटन ऐनमा आवश्यक परिमार्जन गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरूको विकास गर्ने, एक प्रदेश एक सांस्कृतिक ग्रामको विकास गर्ने, नयाँ हिमालहरू आरोहणका लागि खुला गर्ने, पर्वतारोही उद्दारको भरपर्दो व्यवस्था गर्ने, साहसिक र चलचित्र पर्यटनलाई प्रवर्धन गर्ने, संवत् २०८० को दशकलाई नेपाल भ्रमण दशकका रूपमा र सन् २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा मनाउने, हवाई सुरक्षासम्बन्धी मापदण्ड लागु गर्ने, पर्यटकीय पूर्वाधार विकास गर्ने लगायतका नीतिहरू समावेश गरिएको थियो (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८०) । यसका साथै, पर्यटन ऐन २०३५, नेपाल पर्यटन बोर्ड ऐन २०५३, पर्यटन नीति २०६५, हवाई नीति २०६३, राष्ट्रिय संस्कृति नीति २०६७, पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७७, पर्यटन उद्योग सेवाप्रवाह निर्देशिका २०७०, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान कर्मचारी सेवा सर्त नियमावली २०६१, होटल, लज, रेष्टुराँ तथा रिसोर्ट, बार तथा पथ प्रदर्शक नियमावली २०३८ लगायतका दस्तावेजहरू पनि हाल कार्यान्वयनमा रहेका छन् । सोह्रौं योजनाका प्रमुख कार्यक्रमहरूमध्ये पर्यटन प्रवर्धन पनि एक मुख्य कार्यक्रम रहेको छ । यस योजनाको अन्त्य (२०८५/८६) सम्ममा वार्षिक २५ लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको छ (राष्ट्रिय योजना आयोग, २०८१) । साथै, पर्यटकको औसत बसाइ अवधि १३.१ दिनबाट बढाएर १७ दिन पुर्‍याउने र पर्यटकले गर्ने औसत दैनिक खर्च ४०.५ डलरबाट ८५ डलर पुर्‍याउने लक्ष्य लिइएको देखिन्छ । यसका आधारमा कुल ग्राहस्थ उत्पादनमा पर्यटनको योगदान २ प्रतिशतबाट ७ प्रतिशत पुर्‍याउने अपेक्षित लक्ष्य यो योजनाले राखेको देखिन्छ ।

४.२.४ सुधारका लागि सुझावहरू

४.२.४.१ आन्तरिक पर्यटन

नेपालजस्तो सानो देशको पर्यटन विकासको मुख्य आधार आन्तरिक भन्दा पनि वाह्य बजार नै हो । तथापि, २०७६ को उत्तरार्धमा विश्वभरि फैलिएको सङ्क्रामक कोभिड-१९ का कारण वाह्य पर्यटन प्रवर्धनको सम्भावना घटेको र फेरि पनि यस्तै प्राकृतिक विपत्ति आउनसक्ने सम्भावना रहेको अवस्थामा पर्यटन व्यवसाय र त्यससँग आबद्ध मानिसहरूको रोजी-रोटीको सुनिश्चितताका लागि पनि आन्तरिक पर्यटन प्रवर्धनलाई जोड दिन आवश्यक छ । आन्तरिक पर्यटन प्रवर्धनका लागि उपयुक्त ठाउँको पहिचान गर्दै त्यस्तो ठाउँमा आन्तरिक भ्रमणका लागि नेपालीहरूलाई नै प्रोत्साहित गर्नुपर्छ । आन्तरिक पर्यटन प्रवर्धनका लागि देहाय बमोजिमका स्थानहरूलाई गन्तव्यको रूपमा विकास, प्रचारप्रसार र प्रवर्धन गर्नुपर्दछ ।

क) नेपालकै सान र गौरवको रूपमा रहेको विश्वकै सर्वोच्च शिखर (८,८४८.८६ मिटर) सगरमाथालाई आन्तरिक पर्यटकीय स्थलका रूपमा समेत विकास गर्दै त्यस क्षेत्रको भ्रमणमा जान नेपालीलाई नै प्रोत्साहन गर्नुपर्छ ।

ख) एसियाका दीप भनेर चिनिने विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी धार्मिक पर्यटन प्रवर्धनका दृष्टिबाट अत्यन्तै पवित्र ठाउँ हो । बुद्धको क्रिडास्थल, कपिलवस्तु र देवदह, रामग्राम, तिलौराकोट लगायतको बुद्ध 'सर्किट' को भ्रमणले नयाँ पिँढीलाई बुद्धबारे सही ज्ञान दिने भएको हुँदा यस क्षेत्रको भ्रमणमा जान नेपालीलाई नै प्रोत्साहित गर्नुपर्दछ ।

ग) नेपालमा सूर्योदयको मनमोहक दृश्य अवलोकन गर्ने सबैभन्दा उत्तम स्थान पूर्वी नेपालस्थित इलामको श्रीअन्तुको डाँडा हो । सूर्योदयको दृश्यावलोकन गर्न श्रीअन्तुको डाँडाको भ्रमणमा जाँदा इलामको कन्यामस्थित चियाबारीको मनोरम दृश्यले हरेकलाई मन्त्रमुग्ध बनाउँछ । आन्तरिक पर्यटन विकासका लागि यस क्षेत्रको प्रवर्धन गर्नुपर्छ ।

घ) ताप्लेजुङको पाथिभरा पुग्दा मनले जे चितायो त्यही पूरा हुन्छ भन्ने विश्वास गरिन्छ । मनको इच्छा पूरा गर्ने देवीको दर्शन गर्न जाँदा शरद ऋतुमा हिउँले ढपक्क ढाकेको बाटो हुँदै बादलसँग पौँठाजोरी खेल्दै पाथिभराको चुचुरोमा पुग्नुको मज्जा नै बेग्लै छ । त्यस क्षेत्रको भ्रमणमा जाँदा छुटाउनै नहुने स्थानहरूमा बराहक्षेत्र र चतराधाम पर्दछन् । त्यसैगरी, बुढासुब्बा पुगेर दङ्दास पर्न सकिन्छ भने धरान बजार पुगेर बेलायत गएको आभास लिन सकिन्छ । त्यही मेसोमा खोटाङको हलेसी महादेवसम्मको यात्रा पनि तय गर्न सकिन्छ । त्यसकारण, यस क्षेत्रलाई आन्तरिक पर्यटनको गन्तव्यका रूपमा प्रवर्धन गर्न जरुरी छ ।

ङ) जनकपुरधामको धार्मिक र ऐतिहासिक पक्षको जति वर्णन गरे पनि कमै हुन्छ । भगवान राम र सीताको आदर्श दाम्पत्य जीवनबाट प्रेरित हुन र प्राचीन ऐतिहासिक विषयको जानकारी लिन जनकपुर पुग्नै पर्छ । जानकी मन्दिरको भ्रमणसँग जलेश्वरको जङ्गे महादेव, सप्तरीको छिन्नमस्ता भगवतीको मन्दिर तथा बाराको गढीमाईको दर्शनलाई पनि छुटाउनु हुँदैन । त्यस क्षेत्रको भ्रमणमा गएपछि नेपालमा के चाहिँ छैन र ! भन्ने अनुभूति हुन्छ । अत: अब हामीले आन्तरिक धार्मिक पर्यटनको प्रवर्धन गर्नै पर्दछ ।

च) नेपालकै पहिलो औद्योगिक नगरी बिराटनगरको भ्रमणले पनि हामीलाई औद्योगिक तथा आर्थिक विकासको धेरै जानकारी दिने भएको हुँदा यसलाई पनि आन्तरिक पर्यटन गन्तव्यका रूपमा प्रवर्धन गर्नुपर्दछ ।

छ) गोरखा दरबारको भ्रमण र मनकामनाको दर्शनसँगै गोरखाको लिगलिगकोटको भ्रमणलाई पनि जोड्नु पर्छ । लिगलिगकोटबाट देखिने प्रकृतिको मनोरम दृश्य अवलोकन, तथा हाल पालिकाले राखेको निकै अग्लो नेपालको झण्डासहितको फोटो खिच्नुको मज्जा कल्पना गरेको भन्दा पनि बढी हुन्छ । त्यसकारण, यसलाई पनि आन्तरिक पर्यटन प्रवर्धनका लागि नयाँ गन्तव्यको रूपमा विकास गर्न सकिन्छ ।

ज) काठमाडौँ पछिको दोस्रो ठुलो सहर पोखरा धेरै नेपालीहरू पुगेका छौँ र फेवातालमा जलबिहारको आनन्द पनि लिएकै छौँ । तर प्याराग्लाइडिङको अनुभव भने कमैले गर्दछन् । आन्तरिक पर्यटन प्रवर्धनका लागि अबको पोखरा भ्रमणसँग प्याराग्लाइडिङ, कास्कीकै घान्द्रुक, लमजुङको बेसीसहर तथा मध्यमर्स्याङ्दी विद्युत् गृह र मनाङसम्मको यात्रालाई एकीकृत भ्रमण कार्यक्रममा जोड्नु पर्दछ ।

झ) आन्तरिक पर्यटन प्रवर्धनका लागि काठमाडौँ-दोलखा-जिरी-कालिन्चोक भ्रमण कार्यक्रम तय गरौँ । त्यस क्षेत्रको भ्रमाणका लागि सबैलाई प्रोत्साहित गरौँ । दोलखा भीमसेनलाई बेलाबेलामा आउने पसिना आउनको रहस्य बुझ्ने र जिरी पुगेर चिजको स्वाद लिने माध्यम पनि पर्यटन नै हुन सक्दछ । पर्यटनकै माध्यमबाट कालिन्चोक भगवतीको दर्शन गर्न नछुटाऊँ, जसबाट आत्मिक तथा आध्यात्मिक सन्तुष्टि मिल्नेछ ।

ञ) मकवानपुरको पालुङ तथा काठमाडौँको फूलचोकीलाई हिउँसँग दोस्ती गर्ने पर्यटन स्थलका रूपमा विकास गरी त्यस क्षेत्रको भ्रमणका लागि सबैलाई प्रोत्साहित गर्नुपर्दछ ।

ट) एक सिङ्गे गैँडा लगायत विभिन्न जङ्गली जनावरहरूसँगको जम्काभेट र साक्षातकारका लागि चितवनको सौराहा जान सबैलाई प्रोत्साहित गर्नुपर्छ । यसले आन्तरिक पर्यटनको प्रवर्धन हुन्छ ।

ठ) प्यूठानको स्वर्गद्वारी साँच्चिकै स्वर्ग पुऱ्याउने पवित्र र धार्मिक तीर्थस्थल हो । धार्मिक पर्यटन मार्फत आत्मिक शुद्धिका लागि स्वर्गद्वारीको भ्रमण गर्न प्रोत्साहित गर्नुपर्छ । स्वर्गद्वारीको भ्रमणसँगै भैरहवा र बुटवललाई पनि जोड्न सके यूरोपतिरका जस्ता फराकिला सडकको अनुभव गर्न सकिन्छ ।

ड) मुस्ताङको मुक्तिनाथ, कागबेनी, लोमान्थाङ, रसुवाको गोसाईकुण्ड तथा रसुवागढी नाका, गुल्मीको रिडी र रेसुङ्गा, पाल्पाको भैरवनाथ, ऋषिकेश र रानीमहल, साक्षात् भगवानको रूपमा विश्वास गरिने अछामको वैद्यनाथ, तनहुँको देवघाट, नुवाकोटको साततले दरबार र देवीघाटको भ्रमण गर्दा प्राप्त हुने आनन्द र आत्मिक शान्तिको चर्चा गरेर साध्य नै छैन । यस्ता क्षेत्रहरूको भ्रमण गरी आन्तरिक पर्यटनको प्रवर्धन गर्न विशेष कार्यक्रम सहित सबैलाई प्रोत्साहित गर्नुपर्छ ।

ढ) शब्दकोषले समेट्न नसक्ने मनोरम दृश्यावलोकनका लागि खप्तड पुग्नै पर्छ । रारा तालमा समय समयमा पानीको रङ्ग बदलिए जसरी खप्तडको घाँसे फाँटका रङ्ग पनि बदलिन्छन् । बढिमालिका र वाल्मिकी आश्रम त जीवनमा एक पटक पुग्नै पर्ने ठाउँ हुन् । तराईका विराट क्षेत्र, विदेह क्षेत्र, सहलेश क्षेत्र, सिम्रौन क्षेत्र, पर्साको जिराभवानी तथा कर्णालीको चिसापानी क्षेत्र आँखाको नानीसरह छन् । खप्तड मनास्लु, रुरु, रेसुङ्गा, लाङटाङ गौरीशंकर र खोटाङको बराहपोखरी पुग्दा कसको मन खुसीले गदगद नहोला र ! यी क्षेत्रहरूमा आन्तरिक पर्यटन प्रवर्धनको पूर्वाधार तयार गरेर सबैलाई भ्रमणमा जानका लागि प्रोत्साहन गर्नुपर्दछ ।

यति धेरै सम्भावनाहरूका बिच नेपालको आन्तरिक पर्यटनको अवस्था एकदमै कमजोर छ। आन्तरिक पर्यटनको ठुलो हिस्सा भने नेपाल सरकारका कर्मचारीले ओगट्न सक्दछन्। अतः आन्तरिक पर्यटन प्रवर्धनका लागि कर्मचारीलाई वर्षमा १५ दिनको पर्यटन बिदा दिने व्यवस्था गर्नुपर्दछ। यसका साथै, हप्तामा दुई दिन बिदा दिने प्रचलन आरम्भ गर्ने हो भने पनि पर्यटन प्रवर्धन र कार्य सम्पादनका हिसाबले राम्रै हुन्छ। प्रत्येक विद्यालय र कलेजले वर्षमा कम्तीमा पनि ७ दिने आन्तरिक भ्रमण गराउने प्रबन्ध गर्नुपर्दछ।

४.२.४.२ बाह्य पर्यटन

नेपालीको प्रति व्यक्ति आय कम हुनु, मानिसहरूले पर्यटनसम्बन्धी क्रियाकलाप धनी मानिसहरूको खर्च गर्ने क्षेत्रको रूपमा बुझिनु र सरकारले पनि आन्तरिक पर्यटन प्रवर्धनसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा नेपालको आन्तरिक पर्यटनको दायरा विस्तार हुन सकेको छैन। तसर्थ, हाम्रो पर्यटन व्यवसायको ठुलो हिस्सा बाह्य पर्यटनले ओगटेको छ। सन् २०१९ मा महामारीको रूपमा फैलिएको सङ्क्रामक रोग कोभिड-१९ का कारण पर्यटन उद्योग प्रायः धराशायी भएको छ। पर्यटन व्यवसायमा आएको मन्दीले यस क्षेत्रमा आश्रित रहेका मानिसहरूको रोजीरोटी गुमेको छ। यसले नेपालको अर्थतन्त्रमा ठुलो क्षति पुऱ्याएको छ। यस विषम परिस्थितिमा नेपाल सरकार यस क्षेत्रमा आर्थिक पुनरुत्थानका कार्यक्रम ल्याउन प्रतिबद्ध छ। सरकारले एक प्रदेश एक पर्यटकीय गन्तव्यको अवधारणा अघि सारेको छ। यस अवधारणालाई व्यवहारमा उतार्ने हो भने सङ्क्रामक रोग कोभिड-१९ का कारण धराशायी भएको पर्यटन व्यावसायले केही गति लिन सक्ने देखिन्छ। आ.व. २०७७/७८ को बजेटमा नेपालमा पर्यटन विश्वविद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने प्रतिबद्धता जनाइएको भए तापनि यसलाई व्यवहारमा उतार्न समय लाग्ने देखिन्छ। तसर्थ, राज्यले विश्वविद्यालयस्तरको पर्यटन शिक्षाको विकासका लागि नेपालमा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूमा लगानी गर्न ढिलाइ गर्नुहुन्न। पर्यटन शिक्षाको माध्यमबाट यो व्यवसायको व्यावसायीकरणमा ठुलो योगदान पुग्ने छ।

बाह्य पर्यटन प्रवर्धनका सन्दर्भमा २० लाख पर्यटक भित्र्याउने गरी नेपाल सरकारले सन् २०२० लाई "नेपाल भ्रमण वर्ष" घोषणा गरी पर्यटन प्रवर्धनसँग सम्बन्धित विविध गतिविधि सञ्चालन गरिरहेको थियो। तर, दुर्भाग्यवश विश्वव्यापी रूपमा फैलिएको सङ्क्रामक रोग कोभिड–१९ का कारण भ्रमण वर्षले सार्थकता पाउन सकेन र स्थगित गर्नुपर्ने अवस्था सिर्जना भयो। अहिलेसम्म नेपालको सन्दर्भमा पर्यटन व्यावसायको आधार नै बाह्य पर्यटन भएको हुँदा कोरोना कहरले पर्यटन व्यवसायलाई तहसनहस पारेको छ। यसर्थ, आगामी वर्षहरूलाई हामीले बाह्य पर्यटन व्यवसायलाई प्रवर्धन गर्ने सन्दर्भमा पर्यटकका लागि सम्भावित गन्तव्यहरूको पहिचान गर्ने र त्यसलाई पर्यटनमैत्री बनाउन गरिनुपर्ने संरचनागत सुधारका वर्षको रूपमा उपयोग गर्नुपर्दछ। यतातर्फ समयमै ध्यान दिन सकियो भने पर्यटन व्यावसायलाई पुनः सुचारु गर्न सकिन्छ। त्यसका लागि आजैबाट पर्यटकलाई आकर्षित गर्ने कार्यक्रम, गन्तव्य र संरचनागत सुधारमा लाग्नु बुद्धिमानी हुनेछ।

४.३ स्वास्थ्य

४.३.१ वर्तमान अवस्था तथा समस्याहरू

"समृद्ध राष्ट्र र सुखी नेपाली" को परिकल्पनालाई साकार पार्ने सवालमा शिक्षा जत्तिकै स्वास्थ्यको पनि महत्त्व छ । स्वस्थ नागरिक नै समृद्ध राष्ट्र निर्माणका आधारस्तम्भ हुन् । त्यसकारण, स्वास्थ्य क्षेत्रमा आम जनताले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गर्नुपर्छ । आमनागरिकका लागि राज्यको तर्फबाट प्रदान गरिने सेवामध्ये स्वास्थ्य सेवा सबैभन्दा पहिलो प्राथमिकतामा पर्नुपर्छ । तथापि, नेपालमा अझै पनि गुणस्तरीय स्वास्थ्य सेवामा न्यून आय भएका नागरिकको पहुँच स्थापित हुन सकिरहेको छैन । मुलुकभित्रका मध्यम र निम्न वर्गीय परिवारको गुणस्तरीय स्वास्थ्य सेवामा अझै पनि पहुँच स्थापित हुन सकेको छैन । नेपालमा बहुआयामिक गरिबी अन्तर्गतको जनसङ्ख्या २८.६ प्रतिशत (NPC, 2021) र मध्यम वर्गीय परिवारको जनसङ्ख्या करिब २२ प्रतिशत रहेको (World Bank Group, 2016) छ । यस तथ्याङ्कले नेपालमा अझै पनि आधाभन्दा बढी जनसङ्ख्याको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच स्थापित हुन सकेको छैन भन्ने देखाउँछ ।

नेपालको संविधानले सुनिश्चितता गरेको गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाउने हकको कार्यान्वयनका लागि सबै नेपालीलाई स्वास्थ्य बीमा कार्यक्रममा समेट्न हालको कार्यक्रममा समेटिएका सुविधा, सेवा तथा प्रचारप्रसार अपर्याप्त देखिन्छ । यसर्थ, यसलाई बढावा दिनुपर्छ । हामीले स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवन, स्वस्थ उत्पादन तथा उपभोगका लागि सार्थक प्रयास गर्नु जरुरी छ । रोग लागेपछि उपचार गर्ने भन्दा पनि रोग नै लाग्न नदिने विषयलाई उच्च प्राथमिकतामा राख्नुपर्छ ।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत समेटिएका सीमित सुविधा, गुणस्तरीयताको अभाव, सेवाप्रवाह प्रभावकारी हुन नसक्नु, सरकारले प्रचार प्रसारमा पर्याप्त ध्यान नदिनु लगायतका कारणले एकातर्फ स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुन सकिरहेको छैन भने अर्को तर्फ स्वास्थ्य बीमा परित्याग गर्नेको सङ्ख्या पनि बढिरहेको छ (विश्वकर्मा, २०७८) ।

४.३.१.१ कोभिड-१९ ले स्वास्थ्य क्षेत्रमा पारेको प्रभाव

सङ्क्रामक रोग कोभिड-१९ को महामारीले सिर्जना गरेको विश्वव्यापी त्रास अझै सकिएको छैन । नेपालको जनजीवन र अर्थतन्त्र पनि कोभिड-१९ बाट अप्रभावित रहन सकेन । नेपालको कमजोर स्वास्थ्य प्रणालीका बाबजुद कोभिड-१९ को पहिलो लहरको सङ्क्रमणलाई नियन्त्रण तथा रोकथाम गर्न अवलम्बन गरिएको बन्दाबन्दीको कारणले नेपालको अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको भए तापनि मानवीय क्षति भने त्यति धेरै हुन पाएन । तुलनात्मक रूपमा हामी सुरक्षित देखिएका थियौं । यस अवधिमा चिकित्सा क्षेत्र, प्रशानिक क्षेत्र, सुरक्षाकर्मी लगायत अग्रपङ्तिमा खटिएका जनशक्तिले प्रदर्शन गरेको अतुलनीय कामले राष्ट्रकै शिर ठाडो भएको थियो । तथापि, नेपालमा कोरोना

सङ्क्रमणको पहिलो लहर फैलिएको एक वर्षपछि अर्थात् २०७७ को अन्त्यतिरबाट दोस्रो लहरको रूपमा फैलिएको केरोनाको प्रभाव भने व्यापक देखिएको थियो ।

कोभिड-१९ को महामारीसँग जुधेपछि हामीसँग ठुला-ठुला र आवश्यकता पूरा गर्ने सरुवा रोग अस्पतालको अभाव छ भन्ने महसुस भएको छ। आइसोलेसन वार्ड, आई.सी.यु., भेन्टिलेटर, गुणस्तरीय प्रयोगशाला लगायत अन्य मेडिकलजन्य सामाग्रीको अभाव खड्कियो। यी सबै कुराले स्वास्थ्य क्षेत्रलाई कति उच्च प्राथमिकताको दर्जामा राख्नु पर्ने रहेछ भनेर हामी सबैको आँखा राम्ररी खोलिदिएको छ।

कोभिड-१९ को महामारीले सिर्जना गरेको स्वास्थ्य सङ्कटको सामना गर्न स्वास्थ्य क्षेत्रको पूर्वाधार विस्तारमा ठूलै लगानी गर्नुपर्छ भन्ने कुराको बोध भएको छ। यसै कुरालाई मध्यनजर गर्दै सरकारले आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि बजेट वृद्धि गरी रु. ९० अर्ब ६९ करोड पुऱ्याएको थियो (अर्थ मन्त्रालय, २०७७) भने आर्थिक वर्ष २०७८/७९ मा अझै बजेट वृद्धि गरी रु. एक खर्ब २२ अर्ब ७७ करोड पुऱ्याएको थियो (अर्थ मन्त्रालय, २०७८)। यसरी विनियोजित हुने रकमबाट स्वास्थ्य क्षेत्रको पूर्वाधार विस्तारमा ठुलै काम गर्न सकिन्छ। तर, त्यसका लागि राज्यले तदारूकता देखाउन सक्नुपर्दछ।

वास्तवमा स्वास्थ्य र शिक्षा एकै सिक्काका दुई पाटा हुन्, जहाँ एकको अभावमा अर्कोले पूर्णता पाउन सक्दैन। त्यसैकारण, संसारमा स्वास्थ्य र शिक्षाको सवालमा राज्यनै पूर्णरूपमा अग्रसर हुने गर्दछ। अर्थात, आम नागरिकलाई स्वास्थ्य सेवा र शिक्षा निःशुल्क प्रदान गरिन्छ। तथापि, नेपालको सन्दर्भमा भने हामीले अवलम्बन गरेको खुला आर्थिक नीति अन्तर्गत निजी क्षेत्रलाई पनि स्वास्थ्य र शिक्षामा लगानी गर्न पाउने व्यवस्था गरेका छौं। यस व्यवस्थाले सरकार सधै द्विविधामा पर्ने गरेको छ। अब राज्यले यो विषयमा पुनर्विचार गर्न जरुरी छ। स्वास्थ्य र शिक्षामा निजी क्षेत्रको प्रवेशले सिर्जना गरेको अवस्थाको गम्भीर समीक्षा गरी स्वास्थ्य र शिक्षा क्षेत्र सरकारको उच्च प्राथमिकतामा रहने प्रबन्ध गर्नुपर्छ। यस कुरालाई कोभिड-१९ को महामारीले झनै जोड दिन बाध्य बनाएको छ।

४.३.१.२ नेपालमा महिला तथा बालबालिकाको स्वास्थ्य स्थिति

स्वास्थ्य सबैका लागि महत्त्वपूर्ण हुने भए तापनि महिला र बालबालिकाको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ। तथापि, नेपालमा महिलाको स्वास्थ्यमा अझै पनि थुप्रै चुनौतीहरू विद्यमान छन्। पछिल्लो समयमा गर्भवती महिलाको स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेर प्रसूतिको क्रममा हुने गरेको मातृ मृत्युदर कम गर्न सबै अस्पतालमा अनिवार्य रूपमा 'बर्थ सेन्टर' हुनुपर्ने व्यवस्था गरिएको छ। गाउँगाउँमा समेत 'बर्थ सेन्टर' स्थापनाको अभियान नै सञ्चालन गरिएको छ। प्रसूति हुने क्रममा सहयोग गर्न सुडेनी तालिम प्रदान गर्ने नीति लिइएको छ। तथापि, अझै पनि घरमै प्रसूति हुनेको सङ्ख्यामा कमी आएको छैन। नेपाल सरकारको तर्फबाट अस्पतालमा गएर प्रसूति गराउन प्रोत्साहित गर्न सकियोस् भन्ने उद्देश्यले प्रसूति सेवामा यातायात खर्च समेत दिने प्रबन्ध

गरिएको छ । सुरक्षित मातृत्व र महिला अधिकारको सवालमा पनि केही काम भएका छन् । यसका साथै, आमा सुरक्षा कार्यक्रम पनि सञ्चालन गरिएको छ । राज्यको तर्फबाट भएका तमाम प्रयत्नका बाबजुद नेपालमा महिलाको स्वास्थ्यमा आशा गरेअनुसार सुधार हुन सकिरहेको छैन । अझै पनि नेपाली महिलाहरू आङ खस्ने समस्याबाट पीडित छन् भने कतिपय महिलाहरूमा सर्भाइकल र स्तन क्यान्सर जस्ता घातक रोग समेत देखिने गरेको छ ।

त्यसैगरी, नेपालमा बालबालिकाको स्वास्थ्यमा पनि समस्या छन् । अझै पनि शिशु मृत्युदर र बाल मृत्युदर उच्च छ । यसलाई घटाउन राज्यका तर्फबाट "सुनौलो हजार दिन" लगायतका विविध कार्यक्रम मार्फत प्रयासहरू भइरहेका छन् । तथापि, बाल मृत्यदरमा अपेक्षाकृत परिणाम देखिन सकिरहेको छैन । बालबालिकालाई स्वास्थ्यको दृष्टिकोणबाट सुरक्षित राख्न हामीले कम्तीमा पनि ११ प्रकारका खोपको सुनिश्चितता गर्नुपर्छ । मुख्य खोपहरू, बी.सी.जी., डी.पी.टी., हेपाटाइटिस बी., टिटानस, हेमोफिलिस इन्ल्फुएन्जा बी., पोलियो, पी.सी.भी., दादुरा, जापानिज एन्सेल्फाइटिस, आदि रहेका छन् । यस प्रकारका खोप सेवाबाट वर्षेनी करिब ७ लाख बालबालिका लाभान्वित हुनेछन् । बालबालिकाका लागि आवश्यक खोप व्यवस्थापनको सवाल नेपाललाई पूर्ण खोप सेवा पाएको मुलुक घोषणा गर्ने अभिलाषासँगै जोडेर हेनुपर्ने हुन्छ ।

बालबालिकाको स्वास्थ्यमा परिवारको आर्थिक अवस्था पनि जोडिन आइपुग्छ । विशेष गरी विपन्न वर्गका बालबालिकामा कुपोषणको समस्या छ । यो कमजोर आर्थिक अवस्थाले सिर्जना गरेको समस्या हो । यसैबिच, विपन्न वर्गमा रहेको कुपोषणलाई मध्यनजर गर्दै सरकारले कुपोषण नियन्त्रण गर्न मासिक भत्ताको समेत व्यवस्था गरेको छ । त्यसैगरी, विद्यालयमा दिवा खाजाको पनि व्यवस्था गरिएको छ । यसका अतिरिक्त, राज्यले सञ्चालन गरेका सबैका लागि स्वास्थ्य कार्यक्रम, राष्ट्रिय पोलियो कार्यक्रम र आयोडिनको कमी हुन नदिने लगायतका कार्यक्रम प्रशंसायोग्य छन् ।

सरकारका सारा प्रयासका बाबजुद महिला र बालबालिकाको स्वास्थ्यको क्षेत्रमा अझै धेरै सुधार गर्नु पर्ने ठाउँ छन् । वास्तवमा, आमा घरकी चिकित्सक हुन् भने बालबालिका भविष्यका राष्ट्रका कर्णधार हुन् । त्यसकारण, घरकी चिकित्सक महिला र भविष्यका कर्णधार बालबालिकाको स्वास्थ्यमा लगानी गर्नु भनेको मुलुकको जग बलियो बनाउनु हो । राज्यले यही सोचका साथ अघि बढ्नुपर्छ ।

४.३.१.३ नेपालीका रोगहरू

स्वास्थ्य, सरसफाइ, खानपान, दैनिक व्यायाम, निश्चित समय श्रम र विश्राम, मनोरञ्जन लगायतका कुरामा विशेष ध्यान पुऱ्याउन नसक्दा नेपालीमा विभिन्न प्रकारका रोगहरू देखिन थालेका छन् । प्राय गरेर रक्तचाप, मधुमेह, पेट तथा 'ग्याष्ट्रिक' लगायतका रोग आम नेपालीका साझा रोगका रूपमा देखा परेका छन् । त्यसैगरी, क्षयरोग, एच.आई.भी. एड्स, यौन रोग, कुष्ठरोगले पनि सताएकै छ । तथापि, विपन्न वर्गका मानिसले यस प्रकारका रोगको सहज उपचार गर्न सक्ने अवस्था छैन । यसर्थ, नेपाल

सरकारले विपन्न वर्गका नागरिकको उपचारमा सहयोग पुऱ्याउन “विपन्न नागरिक कोष” सञ्चालनमा ल्याएको छ। यस कोष मार्फत आठ प्रकारका जटिल र असाध्य रोगको उपचारका लागि अधिकतम रु. २ लाखसम्म प्रदान गरिन्छ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७५)। यसका अतिरिक्त, तराईका केही भागमा सिकल सेल एनिमियाले जनतालाई दु:ख दिएको छ भने समग्रमा अझै पनि हामीले झाडा पखाला, औलो, कालाजार, हात्तीपाइले लगायतका रोगसँग जुध्नु परिरहेको छ।

विश्वव्यापी रूपमा वा क्षेत्रीय रूपमा देखापरेका महामारीजन्य रोगहरू भाइरल एभियन, इन्फ्लुएन्जा, स्वाइन फ्लु, बर्डफ्लु, डेङ्गु, लगायतका रोग नियन्त्रणमा हामीलाई सफलता हात लागेको छ। तथापि, कोभिड-१९ को महामारीले भने नेपाललाई मात्रै होइन सुविधा सम्पन्न र धनी देशलाई पनि नराम्ररी प्रभावित पारेको छ। कोरोना सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका सन्दर्भमा नेपालको स्वास्थ्य क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्न नसकेको प्रष्टै भएको छ।

४.३.२ कानुनी तथा नीतिगत प्रयासहरू

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ। धारा ३५ को उपधारा (१) मा भनिएको छ- “प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।” त्यसैगरी, धारा ३५ कै उपधारा (२) मा - “प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ” भनिएको छ भने उपधारा (३) मा भनिएको छ- “प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ”। मानिसको स्वास्थ्य दैनिक सरसफाइ र पिउने पानीसँग प्रत्यक्ष रूपमा जोडिएको हुँदा संविधानको धारा ३५ कै उपधारा (४) ले स्वच्छ पिउने पानी र सरसफाइमा पनि हरेक नागरिकको पहुँचको हक हुनेछ भनिएको छ। यसर्थ, स्वस्थ जीवनयापनका लागि गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाउनु हरेक नागरिकको संवैधानिक अधिकार हो, जसले उनीहरूको सिप र दक्षता अभिवृद्धि गर्नुका साथै सुख, समृद्धि तथा भलाइको आधार समेत तयार पार्दछ (विश्वकर्मा, २०७८)। यसै सन्दर्भमा विश्व स्वास्थ्य सङ्गठनले आफ्ना सबै सदस्य राष्ट्रहरूलाई “सबैका लागि स्वास्थ्य सुविधा” (Universal Health Coverage) को अवधारणा अन्तर्गत स्वास्थ्य बीमा कार्यक्रम मार्फत सन् २०३० भित्रमा उपचारका लागि नागरिकले आफ्नै खल्तीबाट गर्ने खर्च घटाउन आह्वान गरेको छ। स्वास्थ्य बीमा कार्यक्रम मार्फत आम नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच स्थापित गर्ने विश्व स्वास्थ्य सङ्गठनको आह्वान किन पनि महत्त्वपूर्ण छ भने यो संयुक्त राष्ट्र सङ्घीय दिगो विकास लक्ष्यको बुँदा नं. ३.८.१ र ३.८.२ सँग सम्बन्धित छ। यसै कुरालाई मध्यनजर गर्दै, नेपाल सरकारले आर्थिक वर्ष २०७२/७३ देखि स्वैच्छिक सहभागितामा आधारित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेको छ। यो कार्यक्रम आर्थिक वर्ष २०७७/७८ सम्म आइपुग्दा ७५ वटा जिल्लामा विस्तार भइसकेको छ (स्वास्थ्य बीमा बोर्ड, २०७८)।

कुनै पनि देशका नागरिक भनेका केवल जनसङ्ख्या मात्रै होइनन्, मुलुकका वास्तविक पुँजी हुन्। देशको जनसङ्ख्याले मानवीय पुँजीको प्रतिनिधित्व गर्दछ। त्यो मानवीय पुँजी स्वस्थ र सक्षम हुन आवश्यक छ। त्यसकारण, स्वस्थ मानवीय पुँजी निर्माणका लागि मुलुकको स्वास्थ्य सेवा गुणस्तरीय हुन आवश्यक छ। किनकि, स्वस्थ नागरिकबाटै आर्थिक समृद्धिको पहल हुने हो। स्वस्थ नागरिकको परिकल्पनालाई साकार बनाउने सवाललाई राज्य सञ्चालकले उच्च प्राथमिकतामा राख्नुपर्दछ। यसर्थ, एउटा दीर्घकालीन गुरूयोजनासहित यस क्षेत्रमा अनुभूति हुनेगरी लगानी गर्नुको विकल्प देखिदैन। यद्यपि, कोभिड-१९ को महामारीका बिचमा पनि स्वास्थ्य क्षेत्रको बजेट कुल बजेटको ७.४५ प्रतिशतमा सीमित रह्यो (अर्थ मन्त्रालय, २०७८)। स्वास्थ्य क्षेत्रको पूर्वाधार विस्तारका लागि आगामी दिनमा कुल बजेटको १० प्रतिशत विनियोजन गर्नुपर्दछ।

४.३.३ सुधारका लागि सुझाव

स्वास्थ्यको क्षेत्रमा भएका कमीकमजोरी र कतिपय विकृतिलाई सुधार गर्दै समग्र स्वास्थ्य क्षेत्रको रूपान्तरण गर्न जरुरी छ। स्वास्थ्य क्षेत्रको सुधार तथा रूपान्तरण गर्दै आम नागरिकको स्वास्थ्यको सुनिश्चितताका लागि राज्य एक हदसम्म कठोर बन्न आवश्यक छ। नागरिकका लागि सुलभ स्वास्थ्य राज्यको संवैधानिक दायित्व पनि हो। अत: विद्यमान संवैधानिक दायित्व पूरा गर्दै स्वास्थ्य क्षेत्रको विकास, विस्तार, सुधार र रूपान्तरणका लागि देहाय बमोजिमका कदमहरू चाल्न आवश्यक छ।

४.३.३.१ स्वास्थ्य सेवा विस्तार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनमा जोड

"स्वस्थ नागरिक, स्वस्थ राष्ट्र" निर्माणका लागि स्वास्थ्य सेवाको विस्तार र जनचेतना अभिवृद्धिको कार्यक्रमलाई सँगसँगै अगाडि बढाउनु पर्दछ। यसका लागि राज्यले देहाय बमोजिमका क्रियाकलापमा जोड दिनुपर्दछ।

क) 'म स्वस्थ, मेरो देश स्वस्थ' भन्ने नाराका साथ सबै नागरिकको नियमित स्वास्थ्य परीक्षणको कार्ययोजना बनाई त्यसलाई उच्च प्राथमिकतामा राख्नुपर्छ। यस प्रयोजनका लागि, स्वास्थ्य सेवालाई चौबीसै घण्टा उपलब्ध हुनेगरी सर्वसुलभ बनाइनु पर्दछ। कुनै पनि नागरिक आर्थिक अभावमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्नबाट वञ्चित हुन नपरोस् भन्ने अभिष्टका साथ राज्य प्रणाली सञ्चालन हुनुपर्छ।

ख) दुर्गम क्षेत्रमा चिकित्सकहरूले टेलिमेडिसिनको माध्यमद्वारा सर्जरी लगायतको सेवा दिने सक्षमता विकास गर्नुपर्छ। यसका अतिरिक्त, आगामी तीन वर्षभित्रमा पालिकाका सबै वडामा कम्तीमा एउटा स्वास्थ्य संस्था स्थापना गर्ने लक्ष्य लिएर अघि बढ्नुपर्छ। स्वस्थ जीवनसँग पोषण पनि जोडिने हुँदा सबै स्थानीय तहमा पोषण कार्यक्रम सञ्चालन गर्नुपर्छ।

ग) नेपाल सरकारले विभिन्न तहका स्वास्थ्य संस्था मार्फत अत्यावश्यकीय ७० प्रकारका औषधीहरू नि:शुल्क रूपमा उपलब्ध गराइरहेको भए तापनि राज्यका निकायहरूको व्यवस्थापकीय कमजोरी

तथा जिम्मेवारी बोधको संस्कार विकास हुन नसकेका कारण निःशुल्क वितरण गरिएका औषधीको सहज उपलब्धताको प्रत्याभूति हुन सकिरहेको छैन । सहज रूपमा आम नागरिकले त्यस प्रकारका औषधी प्राप्त गर्न सक्ने वातावरण निर्माण गरिनुका साथै सूचीकृत औषधीको सङ्ख्यामा पनि वृद्धि गर्नुपर्छ । साथै, मुलुकलाई औषधी उत्पादनमा आत्मनिर्भर तुल्याउनु पर्छ । औषधी उत्पादन गर्ने सबै उद्योगहरूलाई 'असल उत्पादन अभ्यास' (good manufracturing practice) मा लैजानु पर्छ । नेपालमा उपलब्ध बहुमूल्य जडीबुटीलाई औषधी उत्पादनको कच्चा पदार्थका रूपमा उपयोग गर्न सकिने वातावरण निर्माण गर्नुपर्छ ।

घ) ज्येष्ठ नागरिकको उपचारका लागि विशिष्ट सेवासहितको अस्पताल खोल्नुका साथै प्रत्येक अस्पतालमा ज्येष्ठ नागरिक वार्ड स्थापना गर्नुपर्दछ । यसका अतिरिक्त, उपचार पद्धतिलाई जीवनोपयोगी बनाउन आर्युवेदिक, होमियोप्याथिक, युनानी, अकुपञ्चर, आम्ची, प्राकृतिक चिकित्साजस्ता वैकल्पिक उपचार पद्धतिमा पनि जोड दिनै पर्छ ।

ङ) मानिसको स्वास्थ्यमा प्रतिकूल असर पार्ने धुम्रपान, मदिरा सेवन, लागु पदार्थ दुर्व्यसनी, सुर्तीजन्य पदार्थको उपयोगमा राज्यले कडाइ गर्नै पर्ने हुन्छ । टोल टोलमा नागरिक आरोग्यका लागि योग र ध्यानका समुचित कार्यक्रम सञ्चालन गर्नुपर्छ । यस प्रकार, राज्यले आधुनिक तथा प्राकृतिक उपचार पद्धतिका साथै योग तथा ध्यानका माध्यमद्वारा स्वस्थ समाज निर्माणको अभियान चलाउन जरुरी छ ।

च) राज्यले सबै विकल्पहरूको उपयोग गरी स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय तुल्याउने प्रयास गर्नुपर्दछ । दुर्गम क्षेत्रमा घुम्ती अस्पताल सेवा र स्वास्थ्य शिविरको माध्यमद्वारा राज्यले आम मानिसमा स्वास्थ्य सेवा प्रदान गर्छ भन्ने कुराको अनुभूति गराउनुपर्छ । त्यसैगरी, अपाङ्गता भएका व्यक्तिका लागि कृत्रिम अङ्गहरू सर्वसुलभ रूपमा जडान वा प्रत्यारोपण गर्न सकिने प्रविधि भित्र्याउनु पर्छ । कोभिड-१९ लगायत बेलाबेलामा देखापर्ने महामारीजन्य रोग नियन्त्रणका लागि औषधी, उपकरणसहित द्रुत चिकित्सा टोली खटिने वातावरण निर्माण गर्नुपर्छ । यसै प्रयोजनका लागि एयर एम्बुलेन्स लगायतको सुविधा विस्तार गर्नुपर्छ ।

छ) औसत आयुका हिसाबले नेपाल दक्षिण एसियामा माल्दिभ्स, श्रीलङ्का, बङ्गलादेश र भुटानपछि पाँचौं स्थानमा पर्दछ । विश्व बैंकले प्रकाशित गरेको सन् २०२२ को तथ्याङ्क अनुसार नेपालीको औसत आयु ७०.४८ वर्ष रहेको छ (World Development Indicators, 2023) । नेपालीको औसत आयु वृद्धि गर्दै दक्षिण एसियामै पहिलो नम्बरमा स्थापित हुने लक्ष्य राखेर काम गर्नुपर्दछ । यसका लागि, हामीले 'एक गाउँ, एक डाक्टर' को अभियान सञ्चालन गर्न जरुरी छ । किनकि, नागरिकको औसत आयु वृद्धि गर्ने कुरा नागरिकको स्वास्थ्य र स्वस्थ जीवनशैलीसँग सम्बन्धित हुन्छ । साथै, नमूना स्वास्थ्य गाउँको अवधारणा लागु गरी नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्नु पर्दछ ।

ज) आम विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणको प्रबन्ध मिलाउनु पर्छ। त्यसैगरी, प्रत्येक नागरिकले हरेक वर्ष पूर्ण शारीरिक परीक्षण (whole body check-up) गराउने अभियान सञ्चालन गर्नुपर्छ । विपन्न तथा सामाजिक विभेदमा पारिएको वर्ग, सीमान्तकृत वर्ग तथा पिछडिएका जनजाति लक्षित कार्यक्रमका माध्यमबाट सामान्य नागरिकले पनि औषधी उपचारको अभावमा अकालमा ज्यान गुमाउनु पर्ने अवस्थाको अन्त्य गर्नुपर्छ ।

झ) मानव विकास सूचकाङ्कमा पछाडि परेको क्षेत्रमा विशेष स्वास्थ्य सेवा र पोषणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

ञ) फोहोर उत्पादन र त्यसको व्यवस्थापन मानवीय स्वास्थ्यसँग जोडिएको हुन्छ । चिकित्साजन्य फोहोर जनस्वास्थ्य एवम् वातावरणीय दृष्टिकोणले जोखिमयुक्त देखिएकाले त्यसको विसर्जनका लागि प्रत्येक अस्पतालमा आधुनिक चिमनी निर्माण गर्नुपर्छ ।

ट) नयाँ नेपाल, स्वस्थ नेपालका लागि हामीले धेरै गर्न बाँकी छ। नेपालमा अझै पनि एम्बुलेन्समा अक्सिजन, चिकित्सक लगायतको सेवा उपलब्ध हुन सकिरहेको छैन । यसको तत्काल प्रबन्ध हुनुपर्दछ ।

ठ) स्वस्थ समाज निर्माणको सवालसँग प्रजनन स्वास्थ्य जोडिएको हुन्छ । अझै पनि परिवार नियोजनका कार्यक्रम मुलुकभरि पुग्न सकिरहेको छैन । तसर्थ, प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई ग्रामीण तहसम्म व्यापक बनाउँदै स्वास्थ्य सेवाको सर्वसुलभता र स्वास्थ्य शिक्षाको गुणस्तरमा अतिरिक्त जोड दिनुपर्छ ।

ड) नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क पाउने र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित हुनु नपर्ने मौलिक हकको प्रत्याभूति प्रदान गरेको छ । संविधानमै गरिएको स्वास्थ्यसम्बन्धी प्रावधानको हुबहु कार्यान्वयन गर्नुपर्छ। जनस्वास्थ्यसम्बन्धी आधारभूत जानकारी विद्यालयका पाठ्यक्रममा समावेश गरिनुपर्दछ ।

ढ) उपचार पद्धतिलाई सुलभ बनाउन स्वास्थ्य बीमा कार्यक्रमलाई अनिवार्य बनाउँदै यस मार्फत प्रदान गरिने सेवामा व्यापक विस्तार गरिनुपर्छ ।

ण) नेपालमा गुणस्तरीय चिकित्सा शिक्षाको सुनिश्चितता हुने गरी छुट्टै चिकित्सा शिक्षासँग सम्बन्धित विश्वविद्यालय स्थापना गर्नुपर्छ । चिकित्सा शिक्षा तथा औषधोपचार गर्न विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्न सबै अस्पतालको भौतिक सुधार, आवश्यक उपकरण जडान र गुणस्तरीय प्रयोगशाला स्थापना लगायतका कार्यका लागि बजेट अभाव नहुने प्रत्याभूति आगामी बजेटले दिन सक्नुपर्दछ ।

त) आम नेपालीमा देखिएका विभिन्न किसिमका रोगको निवारण र नियन्त्रणका लागि खानपान, बानी-व्यवहार, व्यायाम, योग, ध्यानलगायत शारीरिक तथा मानसिक अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गरिनुपर्दछ। वातावरण संरक्षण तथा पानीको मुहानको सुरक्षा लगायतमा

सरकारले दीर्घकालीन सोचसहितको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ। यसका अतिरिक्त, स्वास्थ्य क्षेत्रको अध्ययन अनुसन्धानमा लगानी वृद्धि गर्नुपर्दछ।

द) दीर्घकालीन रूपमा नेपाललाई औषधी उत्पादनमा आत्मनिर्भर बनाउनु पर्दछ। उक्त प्रयोजनका लागि, नेपालमा उपलब्ध जडीबुटीको व्यावसायिक खेती गर्नुका साथै औषधीको कच्चा पदार्थको उत्पादनमा विशेष ध्यान दिनुपर्दछ। त्यसका लागि आवश्यक जनशक्तिको उत्पादन र उचित लगानीसहित औषधी उत्पादनका लागि आन्तरिक र बाह्य लगानी आकर्षित गर्ने नीति तर्जुमा गरी सार्वजनिक गर्नुपर्छ।

आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा काठमाडौं उपत्यकामा तीन सय शैय्याको सुविधा सम्पन्न छुट्टै सरुवारोग अस्पताल स्थापना गर्ने गरी बजेट विनियोजन गरिएको थियो। यसैगरी, सबै प्रदेश राजधानीमा ५०/५० शैय्याका सात वटा नयाँ सरुवा रोग अस्पताल स्थापनाका लागि पनि बजेटको व्यवस्था गरिएको थियो। यसका अतिरिक्त, बजेटले पालिकास्तरमा ५ देखि १५ शैय्याका २ सय ७२ वटा नयाँ अस्पताल स्थापना गर्ने लक्ष्य राखेको थियो भने आ.व. २०७९/८० सम्ममा ६ सय ५५ वटा स्थानीय तहमा प्राथमिक अस्पताल निर्माण हुने लक्ष्य तय गरिएको थियो। त्यतिमात्रै नभएर आर्थिक वर्ष २०७७/७८ मै काठमाडौं उपत्यका र प्रदेश राजधानीका सरकारी अस्पतालमा दुई सय ५० शैय्या आई.सी.यु. थप गर्ने गरी बजेटको व्यवस्था गरिएको छ (अर्थ मन्त्रालय, २०७७)।

सङ्क्रामक रोग कोभिड-१९ को महामरीले आगामी दिनमा स्वास्थ्य पूर्वाधारमा लगानी बढाउनु पर्छ भन्ने पाठ हामी सबैलाई सिकाएको छ। तसर्थ, राज्य नै अहिले भइरहेका ठुला अस्पतालको स्तरोन्नतिमा जुटेको छ। सरकारी तवरबाटै अस्पताल थप गर्ने प्रयासमा छ। नेपाल सरकारका लागि मुलुकभरका अस्पतालहरूलाई भौतिक पूर्वाधारयुक्त बनाउने यो चुनौती र अवसर दुवै हो। चुनौतीलाई क्षमता विकासका रूपमा ग्रहण गर्दै अवसरलाई उपयोग गर्न सक्नु पर्दछ। स्वास्थ्य क्षेत्रको पूर्वाधार विस्तार तथा गुणस्तरीय स्वास्थ्य सेवाको कुरा गरिरहँदा नेपालमा सरकारी-निजी साझेदारीको सामुदायिक अस्पतालको सम्भावना पनि छ। परिवर्तित सन्दर्भको आवश्यकताअनुरूप सरकारी-निजी साझेदारीको अवधारणा अन्तर्गत स्वास्थ्य क्षेत्रको विस्तारमा सहकारिता कार्यक्रमलाई पनि प्रभावकारी तुल्याउनु पर्छ। अस्पताल स्थापना तथा सञ्चालनको मापदण्ड, निर्देशिका अनुसार प्रभावकारी अनुगमनको प्रणाली विकास गर्नुपर्छ। गुणस्तरीय प्रयोगशालाहरूको सङ्ख्या वृद्धि र जनशक्तिको क्षमता विकासमा ध्यान पुऱ्याउनुपर्छ। आम नागरिकलाई स्वदेशमै विशेषज्ञ चिकित्सकसहितको अत्याधुनिक स्वास्थ्य सेवा प्रदान गर्ने सुनिश्चिता गरिनुपर्दछ। स्वास्थ्य उपचारका लागि ठुलो धनराशी बाहिरिनबाट रोक्ने यो नै उपयुक्त विकल्प हो।

४.४ शिक्षा

हरेक क्षेत्रको प्रगति, उन्नति, सभ्यता, संस्कार, शान्ति, सुव्यवस्था लगायत विकासका विभिन्न आयामको सर्त तथा मुहान शिक्षा हो। शैक्षिक क्षेत्र भनेको राष्ट्रको मेरुदण्ड हो र राष्ट्र निर्माणको आधार पनि

हो । शिक्षाले मानिसलाई साक्षर मात्रै बनाएर हुँदैन, यसले शिक्षित, परोपकारी र विनयी पनि बनाउन सक्नुपर्दछ। ज्ञान, सिप, नैतिकता, कर्तव्यपरायणता तथा राष्ट्रप्रेमसहितको शिक्षाले मानिसलाई वास्तवमै शिक्षित बनाउँछ। त्यसैका लागि शिक्षामा समयानुकुल परिमार्जन हुनुपर्दछ। जबसम्म राज्यले, समाजले र व्यक्तिले शिक्षाको महत्त्व बुझ्न सक्दैनन् तबसम्म त्यो मुलुकको समृद्धि सम्भव छैन । शिक्षाको कति महत्त्व छ भन्ने कुरालाई बुझ्न चिनियाँ दार्शनिकको भनाइ पढ्नै पर्ने हुन्छ । चिनियाँ दार्शनिक कन्फ्युशियसले भनेका छन्- "यदि तपाइँको योजना एक वर्षका लागि हो भने धान रोप्नुस्, यदि तपाइँको योजना १० वर्षका लागि हो भने रुख रोप्नुस्, यदि तपाइँको योजना एक सय वर्षका लागि हो भने बालबालिकालाई शिक्षित बनाउनुस्" (Clinton Foundation, 2013) ।

शिक्षाको यति धेरै महत्त्व हुँदाहुँदै पनि हामीले शिक्षा क्षेत्रलाई सुधार गर्नेतर्फ खासै कदम चालेका छैनौं । नेपालको शिक्षा क्षेत्रमा मात्रात्मक र गुणात्मक हिसाबले युगान्तकारी रूपान्तरणको खाँचो छ । व्यावसायिक शिक्षामा जोड, गरिखाने जीवनोपयोगी शिक्षामा लगानी वृद्धि गर्नुका साथै हरेक विद्यार्थीमा सिप र कौशलता बढाउने प्राविधिक ज्ञान दिने शिक्षा प्रणालीको विकास गर्न जरुरी छ। शिक्षाका लागि विदेशिने प्रवृत्तिमा रोक लगाउनुका साथै शिक्षामा राजनैतिक हस्तक्षेपको अन्त्य गर्न जरुरी छ । त्यसकारण, शिक्षा क्षेत्रको रूपान्तरण र विकासका लागि देहाय बमोजिमका क्षेत्रमा हस्तक्षेपकारी नीतिसहित अगाडि बढ्न आवश्यक छ ।

४.४.१ वर्तमान अवस्था तथा समस्याहरू

कुनै पनि देशको शैक्षिक अवस्थालाई प्रतिनिधित्व गर्ने धेरै कुराहरूमध्ये भर्ना दर, निश्चित तहसम्मको पढाइ पूरा गर्ने विद्यार्थीको प्रतिशत तथा शिक्षाको गुणस्तर पनि पर्दछन्। नेपालको विद्यार्थी भर्ना दरलाई आधार मान्ने हो भने शैक्षिक क्षेत्रको एक प्रकारको तस्बिर देखिन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशित गरेको २०७४ को प्रतिवेदन अनुसार आधारभूत तह (कक्षा १-५ सम्म) को खुद भर्ना दर ९७.२ प्रतिशत, आधारभूत तह (कक्षा १-८ सम्म) को खुद भर्ना दर ८७.४ प्रतिशत, माध्यमिक तह (कक्षा ९-१० सम्म) को खुद भर्ना दर ६५.९ प्रतिशत रहेको छ भने माध्यमिक तह (कक्षा ११-१२ सम्म) को खुद भर्ना दर २२ प्रतिशत रहेको छ। त्यसैगरी, आधारभूत तह (कक्षा १-५ सम्म) को पढाइ पूरा गर्ने विद्यार्थीको सङ्ख्या ८१.३ प्रतिशत, आधारभूत तह (कक्षा ६-८ सम्म) को पढाइ पूरा गर्ने विद्यार्थीको सङ्ख्या ७०.२ प्रतिशत रहेको देखिन्छ । समग्रमा, विक्रम सम्वत् २०७४ मा कक्षा १ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या ७३ लाख ९१ हजार पाँच सय २४ रहेको देखिन्छ (Ministry of Education, Science and Technology [MOEST], 2017) ।

त्यसैगरी, कम्प्युटरको सुविधा उपलब्ध भएका सामुदायिक विद्यालयको सङ्ख्या ९ हजार ३ सय ६६ वटा, प्राविधिक शिक्षा पुगेको स्थानीय तहको सङ्ख्या ५.४१ प्रतिशत, हातधुने पानीसहितको शौचालय भएका विद्यालयको सङ्ख्या १७ हजार ८० वटा रहेको देखिन्छ। नेपालबाट वर्षेनी उच्च शिक्षाका लागि हजारौं विद्यार्थी बाहिरिने गरेका छन् । उदाहरणको लागि, २०७३ माघ १ गतेदेखि २०७४ फागुन ३०

गतेसम्मको अवधिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विश्वभरका विभिन्न देशमा अध्ययनका लागि जाने विद्यार्थीका लागि ६७ हजार २ सय २६ वटा No Objection Letter जारी गरेको देखिन्छ (MOEST, 2017) ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशित गरेको २०७४ को प्रतिवेदन अनुसार नेपालमा ३५ हजार ६ सय १ वटा सरकारी र सामुदायिक विद्यालय रहेका छन् । यसमा निजी क्षेत्रबाट सञ्चालित स्कुलको सङ्ख्यालाई समावेश गरिएको छैन । नेपालमा विश्वविद्यालयको सङ्ख्या १५ रहेको छ भने तिनै विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त आङ्गीक क्याम्पस तथा कलेजको सङ्ख्या १ हजार ४ सय ७ रहेको छ (MOEST, 2017) ।

कोभिड-१९ को महामारीले नेपालको शिक्षा क्षेत्रलाई नराम्ररी प्रभावित गरेको छ । भविष्यका कर्णधार भनेकै आजका विद्यार्थीहरू हुन्, जसको पठनपाठन र सिकाइ नियमित हुन जरुरी छ । तथापि, कोरोना सङ्क्रमणका कारण भविष्यको कर्णधार भनेर चिनिने करिब ८० देखि ९० लाखको सङ्ख्यामा रहेका विद्यार्थीहरू विद्यालय, कलेज तथा विश्वविद्यालय जान नपाएर घरमै बन्दाबन्दीमा परेका छन् । बालसुलभता र किशोरावस्थाको चञ्चल स्वभाव, जिज्ञासु सिर्जनशीलता र स्फूर्ति घरको कोठा र आँगनमै सीमित हुन पुगेका छन् । यसर्थ, आम विद्यार्थीसँग स्वअध्ययन गर्ने, शिक्षकहरूको पहलमा 'अनलाइन' को माध्यमबाट हुने कक्षामा सहभागी हुने, टेलिभिजनबाट प्रसारण हुने दूरशिक्षा कार्यक्रम हेर्ने र सुन्ने तथा सूचना, सञ्चार प्रविधिको क्षेत्रमा भइरहेको नवीनतम परिवर्तनबाट नयाँनयाँ कुरा सिक्ने कार्यमा आफूलाई अभ्यस्त पार्नुको अर्को विकल्प छैन ।

कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको क्रममा विद्यालय तथा विश्वविद्यालयमा भौतिक रूपमै उपस्थित भएर पठनपाठन गर्ने गराउने अवस्था नहुँदा पठनपाठनको पद्धतिलाई समयानुकूल परिमार्जन गर्दै प्रविधिमा आधारित पठनपाठनलाई प्रवर्धन गरिएको थियो । कोरोनाको प्रभाव तथा भविष्यमा समेत आउन सक्ने यस्तै परिस्थितिलाई ध्यानमा राखेर 'अनलाइन' कक्षाको प्रबन्ध, दूरशिक्षा सिकाइ, विद्युतीय पुस्तकालय, आदि जस्ता आधुनिक प्रविधिमैत्री शिक्षा प्रणालीमा रूपान्तरित हुन ढिला गर्न हुन्न भन्ने कुरालाई हेक्कामा राख्न जरुरी छ ।

४.४.२ कानुनी तथा नीतिगत प्रयास

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी मौलिक हकको व्यवस्था छ । धारा ३१ को उपधारा १ मा भनिएको छ- "प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।" त्यसैगरी, धारा ३१ को उपधारा २ मा भनिएको छ- "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।" यसैगरी, संविधानको धारा ३१ को उपधारा ३ मा अपाङ्गता भएका, आर्थिक रूपले विपन्न वर्गले कानुन बमोजिम निःशुल्क रूपमा उच्च शिक्षा पाउने हकको सुनिश्चितता गरेको छ भने उपधारा ४ मा दृष्टिविहीन, सुस्त श्रवण क्षमता

भएका र बोल्न नसक्नेलाई पनि कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हकको व्यवस्था गरिएको छ। यसका अतिरिक्त, संविधानको धारा ३१ कै उपधारा ५ मा आम नेपाली नागरिकलाई मातृभाषामा शिक्षा पाउने हकको पनि प्रत्याभूति गरिएको छ।

यसर्थ, नेपालको संवैधानिक प्रावधान बमोजिम नेपालमा १२ कक्षासम्मको पढाइ नि:शुल्क हुनुपर्छ। सरकारी र सामुदायिक विद्यालयले लिने गरेको शुल्क पनि नियन्त्रण गर्नुका साथै 'बोर्डिङ स्कुल' लाई तत्कालै व्यक्तिमा नाफा वितरण नगर्ने गरी 'ट्रष्ट' मा वा अन्य विकल्पमा रूपान्तरित गर्नुपर्छ। आधार भूत तहको शिक्षा अनिवार्य पनि भएकाले आफ्ना छोराछोरीलाई विद्यालय नपठाउने अभिभावक दण्डित हुने कानुन बनाउनु पर्दछ। साथै, आर्थिक रूपमा विपन्न विद्यार्थीको सम्पूर्ण पढाइ लगायतको जिम्मेवारी सरकरको हुने कानुनी प्रबन्ध गर्नुपर्छ।

शिक्षा क्षेत्रमा हामीले कुल बजेटको कम्तीमा पनि १७ प्रतिशत र राजस्वको २० प्रतिशतमा घटी नहुने गरी विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरेका छौँ (अनलाइन खबर, २०७५)। तर, पछिल्लो पाँच वर्षको अवधिमा शिक्षा क्षेत्रका लागि छुट्याइएको बजेटको आँकडा हेर्ने हो भने आर्थिक वर्ष २०७५/७६ पछि बजेट वृद्धि हुन सकिरहेको छैन। आर्थिक वर्ष २०७७/७८ मा कुल बजेटको करिब १२ प्रतिशत पुऱ्याइए तापनि आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बजेटमा पुन: करिब ११ प्रतिशतमा झारिएको छ (तालिका ९)। आगामी दिनमा शिक्षा क्षेत्रको बजेट कुल बजेटको १७ प्रतिशतसम्म पुऱ्याई मानव विकास सूचकाङ्कमा पछाडि परेका समुदाय र क्षेत्रका विशेषगरी बादी, हलिया, गन्धर्व, चेपाङ, राउटे, मुसहर, डोम, चमार लगायतका वर्ग तथा समुदायलाई लक्षित गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्छ।

तालिका ९: पछिल्लो पाँच वर्षको अवधिमा शिक्षा क्षेत्रका लागि विनियोजित बजेटको विवरण (ने.रु. करोडमा)

आर्थिक वर्ष	कुल बजेट	शिक्षामा विनियोजन गरिएको बजेट	शिक्षामा विनियोजित बजेट प्रतिशतमा
२०७४/७५	१,२७,८९९	६,६१२	५.१२
२०७५/७६	१,३१,५१६	१३,४५०	१०.२२
२०७६/७७	१,५३,२९६	१६,३७६	१०.६८
२०७७/७८	१,४७,४६४	१७,१७१	११.६४
२०७८/७९	१,६४,७५०	१८,००४	१०.९२
२०७९/८०	१,७९,३८३	१९,६९२	१०.९७

स्रोत: बजेट वक्तव्य, २०७४/७५ देखि २०७९/८० (अर्थमन्त्रालय, २०८१)

विभिन्न आर्थिक वर्षको बजेटमा आधारभूत शिक्षामा सबैको पहुँच स्थापना गर्ने कुरालाई सुनिश्चित गरिएको छ (अर्थमन्त्रालय, २०८१) । देशभरि कक्षा ५ सम्म पढ्ने विद्यार्थीहरूलाई दिवा खाजा कार्यक्रम र सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क 'सेनेटरी प्याड' प्रदान गर्ने व्यवस्था वार्षिक बजेटहरूमा गरेको पाइन्छ । यसैगरी, प्रस्तावित नेपाल विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने लगायतका कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ ।

४.४.३ सुधारका लागि सुझाव

४.४.३.१ विपन्न वर्ग लक्षित शैक्षिक कार्यक्रममा जोड दिनुपर्ने

शिक्षा प्राप्त गर्न पाउनु आम नागरिकको नैसर्गिक अधिकार हो भने आफ्ना नागरिकलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु राज्यको संवैधानिक दायित्व हो । विकासका सबै आयामको मापन गर्ने आधार भनेको शिक्षा हो । मानव विकास सूचकाङ्क मापन गर्ने एक आधार पनि शिक्षा नै हो । मानव विकास सूचकाङ्कमा पछाडि परेका समुदाय र क्षेत्रलाई अगाडि बढाउनका लागि त्यस्तो समुदाय र क्षेत्रमा शिक्षाको ज्योति पुऱ्याउने दायित्व राज्यको हो । शिक्षाको ज्योतिबाट अलग रहेका बादी, हलिया, गन्धर्व, चेपाङ, राउटे, मुसहर, डोम, चमार लगायतका विपन्न र पिछडिएको वर्गका कुनै पनि नागरिक शिक्षा प्राप्त गर्ने हकबाट बञ्चित हुनुहुँदैन । उनीहरूलाई शैक्षिक कार्यक्रममा समेट्ने दायित्व राज्यको हो । किनकि, शिक्षाले मानिसलाई विनयी, चेतनशील, क्षमतावान र प्रतिस्पर्धी बनाउँछ ।

शैक्षिक रूपमा पछाडि परेको वर्गलाई अगाडि बढाउने काम राज्यको हो । त्यसकारण, शैक्षिक रूपमा पछाडि परेका बादी, हलिया, गन्धर्व, चेपाङ, राउटे, मुसहर, डोम, चमार लगायतका विपन्न वर्ग र क्षेत्रबाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीलाई उच्च शिक्षाको अवसर सुनिश्चित गर्नुपर्छ । साथै, ती समुदायका मेधावी विद्यार्थीले डाक्टर, इन्जिनियर लगायतको विषयमा अध्ययन गर्न चाहेमा राज्यले पूर्ण छात्रवृत्ति उपलब्ध गराउनु पर्दछ । यसका अतिरिक्त, अति सीमान्तकृत वर्गका विद्यार्थीहरूलाई विद्यालय छनौटको अधिकारसमेत दिई गुणस्तरीय शिक्षा हासिल गर्ने अवसर दिनुपर्छ ।

त्यसैगरी, शारीरिक रूपमा अपाङ्गता भएका, कान नसुन्ने, बोल्न नसक्ने, लगायतका विद्यार्थीका लागि विशेष शिक्षामा स्रोतको अभाव हुन दिनु हुँदैन । नेपाली साङ्केतिक भाषाको विकास र स्तरोन्नतिमा पनि राज्यले लगानी गर्नुपर्छ । जेहेन्दार तथा आर्थिक रूपमा विपन्न वर्गभित्र पर्ने विद्यार्थीलाई समुचित छात्रवृत्ति प्रदान गर्नुपर्छ । साथै, दुर्गम क्षेत्रका र अपाङ्गता भएका विद्यार्थीका लागि अनिवार्य रूपमा आवासीय विद्यालयको अवधारणा लागु गर्नुपर्छ, जसले त्यस्ता विद्यार्थीलाई पठनपाठनमा प्रोत्साहित गरोस् ।

नेपालको तराई क्षेत्रमा जातीय विभेदको चरम रूप छ । त्यतिमात्रै होइन, जातीय विभेदमा परेका समुदायको शैक्षिक स्थिति पनि माथि उठ्न सकेको छैन । त्यसकारण, तराईका दलित, मुस्लिम,

पिछडावर्ग, लोपोन्मुख समुदायका, विद्यार्थीहरूलाई विद्यालय जान र पढ्न प्रोत्साहित गर्ने नीति राज्यको प्राथमिकतामा हुनुपर्दछ । यसका अतिरिक्त, शिक्षामा समानताको सिद्धान्तलाई व्यवहारमा उतार्न मदरसा, गुरुकुल, गुम्बा शिक्षालाई मूलधारमा ल्याउनुको विकल्प छैन ।

४.४.३.२ आदर्श विद्यालयको अवधारणा

शिक्षा केवल साक्षर बनाउने होइन शिक्षित बनाउने हुनुपर्दछ । अर्थात, शिक्षा गुणस्तरीय, सिपमूलक र आयमूलक पनि हुनुपर्दछ । यर्थाथमा, शिक्षा जीवनोपयोगी हुनुपर्छ । शिक्षालयहरू बेरोजगारको प्रमाणपत्र जारी गर्ने संस्थाको रूपमा मात्रै विकास हुनु हुँदैन । गुणस्तरीय शिक्षाको कुरा गरिरहँदा विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने पाठ्यपुस्तक, शिक्षक, शिक्षण सामाग्री, प्रयोगशाला, खेल मैदान, भौतिक पूर्वाधार, खानेपानी, शौचालय, विद्यालय परिसरको वातावरण, बाल बगैंचा, बाल उद्यान, फर्निचर, कम्प्युटर ल्याबलगायत प्राविधिक पक्षको व्यवस्थापन सबैभन्दा महत्त्वपूर्ण हुन आउँछ । त्यसैगरी, विद्यालयको पाठ्यक्रम/पाठ्यपुस्तक गुणस्तरीय एवम् पुस्तक आकर्षक हुनुपर्छ । विशेषगरी, आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीका लागि उनीहरूलाई किताबका पाना पल्टाउने र पढ्ने अभ्यासको विकास गर्नका लागि सचित्र एवम् रङ्गीन पाठ्यपुस्तक मुद्रित गर्नुपर्छ । हाम्रो ध्येय, केटाकेटीलाई विद्यालय जान उत्प्रेरित गर्ने, विद्यालयमा टिकाउने र सिकाउने मै केन्द्रित हुनुपर्दछ । यसर्थ, बालबालिकाले अध्ययन गर्ने सबै विद्यालयहरू बालमैत्री र बालकालिकालाई आकर्षित गर्ने हुनुपर्दछ । आम विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न सम्भव भएसम्मका सबै उपायको उपयोग गर्नुपर्छ । त्यसका लागि, साना बालबालिकालाई दिवा खाजाले र किशोरी छात्राहरूलाई निःशुल्क वितरण गरिने 'सेनेटरी प्याड' ले पनि विद्यालय नियमित जाने वातावरण निर्माण गर्नुपर्दछ ।

चाहे त्यो बालबालिका पढ्ने विद्यालयहरू होऊन् वा माध्यमिक विद्यालय, क्याम्पस वा विश्वविद्यालय नै किन नहोउन्, त्यस्ता शैक्षिक संस्थाको आसपासमा मदिरा पसल, चलचित्र भवन, व्यापारिक विज्ञापन प्रकाशन-प्रसारण गर्ने 'डिजिटल बोर्ड', ठुलो राजमार्ग, प्रदूषण सिर्जना गर्ने कारखाना, फोहोर विसर्जन गर्ने 'ल्याण्डफिल्ड' लगायतका संरचना हुनु हुँदैन ।

नेपालको शैक्षिक क्षेत्रको प्रवर्धन गर्नका लागि सरकारले समय समयमा विभिन्न प्रकारका कार्यक्रम तथा योजना सार्वजनिक गर्ने गरेको छ । उदाहरणका लागि, सबैका लागि शिक्षा भन्ने नाराको सार्वजनिकीकरण, विद्यालय केन्द्रित पुस्तकालयको स्थापना, सूचना प्रविधिमा आधारित कम्प्युटर ल्याबको स्थापना, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन, शिक्षकको दरबन्दी मिलान, थप विद्यालय स्थापना तथा आवश्यकताको आधारमा विद्यालय गाभ्ने योजना, आदि । समय, सन्दर्भ र मागका हिसाबले यसरी भइरहेका सबै काम टालटुले प्रकारको बोध हुन्छ । किनकि, परिवर्तित सन्दर्भमा शिक्षा क्षेत्रले आमूल परिवर्तनको अपेक्षा गरेको छ । राज्यले यो परिवर्तित परिवेश र सन्दर्भको मागलाई मनन गर्दै शिक्षा क्षेत्रमा मात्रात्मक र गुणात्मक सुधारका लागि तदनुरूपका काम गर्न जरुरी छ ।

४.४.३.३ उच्च शिक्षाको गुणस्तर सुधारको सवाल

उच्च शिक्षाको गुणस्तर खस्किँदै गइरहेको छ । उच्च शिक्षाले विद्यार्थीलाई भविष्यमा के गर्ने भनेर मार्गदर्शन गर्न नसक्दा शैक्षिक बेरोजगारको सङ्ख्यामा वृद्धि हुँदै गइरहेको छ । अहिलेको शिक्षाले नागरिकमा उत्साह, ज्ञान, सिप र क्षमता विकास गर्न सकिरहेको छैन । त्यसकारण, अहिले उच्च शिक्षाको गुणस्तर सुधारको विषय सबैका लागि अहम् महत्त्वको सवाल बनेको छ । उच्च शिक्षा सुधारका लागि राज्यका तर्फबाट पहल गर्न ढिला भइसकेको छ, जसका कारण वर्षेनी उच्च शिक्षाका लागि ठुलो धनराशी बाहिरिने गरेको छ ।

उच्च शिक्षाको गुणस्तर सुधारकै सन्दर्भमा हामीले विश्वविद्यालय स्थापनाका लागि छाता ऐन जारी गर्ने भनी गरेको प्रतिबद्धता लामो समयदेखि पूरा हुन सकेको छैन । खुला विश्वविद्यालयको अवधारणालाई पनि अपेक्षित रूपमा फराकिलो गर्न सकिएको छैन । प्रौद्योगिक विश्वविद्यालय, आयुर्वेद विश्वविद्यालय र चिकित्सा क्षेत्र आदिमा छुट्टाछुट्टै विश्वविद्यालय स्थापना गर्ने जस्ता विषयहरू बहसमा आएका छन् । त्यसैगरी, विज्ञान तथा प्रविधिको क्षेत्रमा नयाँ विश्वविद्यालय स्थापनाको सिलसिलामा छौँ भने 'लिवरल आर्टस्' अन्तर्गत विश्वविद्यालय स्थापनाको पहल पनि भइरहेको छ ।

उल्लिखित सन्दर्भमा, विश्वविद्यालय स्थापना गर्नुपूर्व त्यसको औचित्य र लगानीको मोडल एकिन गर्न सक्नुपर्छ । यसका लागि, राज्यले स्पष्ट मार्गचित्र बनाउन नसक्दा उच्च शिक्षा सदैव आलोचनाको तारो भइरहेको छ । विश्वविद्यालयहरू लहडको भरमा स्थापना गर्नु हुँदैन । विश्वविद्यालयहरू भविष्यमा जनताले तिरेको करमा मात्र भर पर्ने र राज्यका लागि आर्थिक बोझ हुनु हुँदैन । विश्वविद्यालयहरूले सञ्चालन खर्च आफै जुटाउन सक्ने हुनुपर्दछ । अनुसन्धानका लागि राज्यले पर्याप्त आर्थिक सहयोग गर्न सक्नु पर्दछ भने विश्वविद्यालयहरूबाट दीक्षित जनशक्तिले आफै स्वरोजगार सिर्जना गर्ने उद्यमी हुनु पर्ने भएकाले गरीखाने शिक्षामा जोड दिनुपर्दछ । तर पनि हामी विश्वविद्यालयस्तरको शैक्षिक सुधारको कार्यक्रममा नीतिगत रूपमा प्रष्ट हुन भने सकिरहेका छैनौँ । उदाहरणका लागि, पूर्वाञ्चल विश्वविद्यालयले दार्चुला जिल्लाको क्याम्पसलाई सम्बन्धन दिनुले विश्वविद्यालय स्थापनाको उद्देश्य पूर्ति भएको पाइँदैन । उच्च शिक्षाको क्षेत्रमा भइरहेका सबै पक्षको विश्लेषण गर्दा नेपालमा प्रादेशिकसहित जति सङ्ख्यामा विश्वविद्यालय स्थापना भए तापनि गुणस्तरको प्रत्याभूति दिन सक्नुपर्दछ, जसले उच्च शिक्षाका लागि विदेशिने प्रवृत्तिलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याओस् ।

४.४.३.४ शैक्षिक सुधारका लागि भावी रणनीति

विज्ञान, प्रविधि र विश्वव्यापीकरणले पारेको प्रभाव वा परिवर्तन तथा प्रकृति र मानवद्वारा सिर्जित परिस्थितिसापेक्ष शैक्षिक सुधार अबको शैक्षिक रणनीति हुनुपर्दछ । सन् २०२० को सुरुमै देखापरेको सङ्क्रामक रोग कोभिड-१९ ले विश्वसामु दिएको सन्देशस्वरूप अबको शिक्षण प्रणालीलाई विद्युतीय प्रविधिसँग जोड्नै पर्दछ । प्राविधिक धारमा प्रयोगात्मक शिक्षाबाहेक अन्य शिक्षण धारमा कक्षा कोठाको अध्ययन अध्यापनको अतिरिक्त, अनलाइन शिक्षण विधि, टेलिभिजन, रेडियो र एफएमबाट प्रसारण

गरिने दूरशिक्षा लगायत जूम, स्काइप, भाइवर लगायतका सामाजिक सञ्जालको माध्यमबाट घरमै रहेर पनि शिक्षक र विद्यार्थीलाई जोड्ने तथा पठनपाठनका क्रियाकलापलाई निरन्तरता दिन सकिने गरी शिक्षण विधिलाई प्रविभिमैत्री बनाउन राज्यले लगानी गर्नुपर्छ ।

संविधानले सुनिश्चितता गरेको शिक्षासम्बन्धी मौलिक हकको अक्षरशः कार्यान्वयनका लागि शिक्षा क्षेत्रको व्यापक पुनर्संरचना गरिनुपर्दछ । यो पुनर्संरचना अन्तर्गत, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूलाई निश्चित क्षतिपूर्ति दिएर सामुदायिक विद्यालयमा समाहित गर्ने वा ट्रष्टबाट सञ्चालन गर्ने वा समुदायले नै सञ्चालन गर्ने वा स्थानीय सरकारद्वारा सञ्चालन गर्ने लगायतका विधि र प्रक्रियामा जानै पर्दछ । एउटै देशका नागरिकले वर्गीय आधारमा यो र त्यो शिक्षा ग्रहण गर्ने द्वैध प्रणालीको अन्त्य गर्नुपर्दछ। यी सबै प्रक्रिया अपनाउँदा शिक्षक र विद्यार्थी वर्गलाई प्रतिकूल असर नपर्ने गरी विद्यालय सञ्चालनको व्यवस्थापन गरिनुपर्दछ। विद्यालय सञ्चालनको कार्यविधि संविधान अनुकूल हुने गरी निर्धारण गरिनुपर्दछ ।

विश्वव्यापीकरण र बजारीकरणको उदयसँगै रोजगारीका हरेक क्षेत्र प्रतिस्पर्धाको क्षेत्रमा रूपान्तरण भएका छन् । हामीले आफ्ना नागरिकलाई समयसापेक्ष प्रतिस्पर्धी बनाउन सकेनौं भने हाम्रो जनशक्ति अन्तर्राष्ट्रिय बजारमा मात्रै होइन कि आन्तरिक बजारमै बिक्न नसक्ने हुन्छन् । त्यसकारण, अबको शिक्षालाई श्रम बजारको आवश्यकतासँग जोडेर लैजानु पर्छ। प्रत्येक विद्यालयले प्रदान गर्ने शिक्षालाई प्राविधिसँग जोड्न आवश्यक पर्ने पूर्वाधारको विकास गर्नुपर्छ । विद्यार्थीहरूमा व्यवहारिक क्षमता र कौशलको विकास गर्न इन्टर्नशीप कार्यक्रममा आबद्ध गराउँदै लैजानु पर्दछ। परिवर्तित सन्दर्भसँग मेल खानेगरी "राष्ट्रिय विकास सेवा" कार्यक्रमको माध्यमद्वारा विद्यार्थीहरूलाई मुलुकको वर्तमान अवस्था, चुनौती र सम्भावनासँग साक्षात्कार गराउनुपर्छ । औपचारिक शिक्षा पूरा गरेको दिनबाट हरेक विद्यार्थीलाई आफूमा निहित ज्ञान, सिप र क्षमताको आधारमा स्वरोजगारमा संलग्न हुनसक्ने नागरिक बनाउने शिक्षा नीतिमा जोड दिनुपर्छ ।

उल्लिखित प्रयोजनका लागि, नेपालको शैक्षिक पाठ्यक्रममा आमूल परिवर्तनको खाँचो छ । शिक्षा पलायनवादी होइन राष्ट्र निर्माण गर्ने नागरिक उत्पादन गर्ने हुनुपर्दछ। यसर्थ, आम नेपालीलाई दिइने शिक्षामा जागिर खाने, छिट्टै धनी बन्न विदेश पलायन हुने तथा बाह्य रोजगारीमा जाने नभई मुलुकभित्रै उपलब्ध अवसरलाई छोप्न सक्ने गरी चिन्तन र क्षमताको विकास गर्न सक्ने विषयवस्तु शैक्षिक पाठ्यसामाग्रीमा समावेश गर्नुपर्छ। यसका साथै, शैक्षिक क्षेत्रमा लगानी गर्न चाहनेका लागि सरकारले निश्चित क्षेत्र तथा पठनपाठनको तह तोकी लगानी आह्वान गर्ने र निश्चित क्षेत्रमा लगानी निरुत्साहित गर्ने नीति लिनुपर्छ। यसका साथै, उच्च शिक्षाको गुणस्तर सुधारमा विशेष महत्त्व दिनुपर्छ। निश्चित मापदण्ड पूरा गरेपछि जुनसुकै विधामा पनि विश्वविद्यालय स्थापना गर्न दिने गरी छाता कानुन जारी गर्नुपर्छ । विश्वविद्यालयको नियुक्ति लगायतमा भइरहेको राजनैतिक भागवण्डाको अन्त्य गर्दै विश्वविद्यालयहरू स्वतन्त्र ढङ्गले सञ्चालन हुनसक्ने कानुनी प्रबन्ध गरिनुपर्छ ।

त्यसैगरी, सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गर्नुपर्छ । शिक्षालाई प्रविधिसँग जोड्न तथा प्रविधिमा विद्यार्थीहरूको पहुँच स्थापित गर्न प्रत्येक विद्यालयमा इन्टरनेटको सुविधा र कम्प्युटर ल्याबको व्यवस्था गरिनुपर्दछ । स्थानीय सरकार, शिक्षा क्षेत्रका उच्च पदाधिकारी र अभिभावकहरूले शैक्षिक गुणस्तर सुधारका लागि मन, वचन र कर्मले आ-आफ्नो जिम्मेवारीमा खरो उत्रिन सक्नुपर्दछ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा व्यापक सुधारका लागि साधन, स्रोत र जनशक्तिको अभाव हुन दिनु हुँदैन । कानुनमै आवश्यक प्रबन्ध गरेर सामुदायिक विद्यालय र निजी विद्यालयका विद्यार्थीहरू बिचको खाडललाई चिर्नै पर्छ । एउटै मुलुकमा दुई किसिमको शिक्षा प्रणालीको अन्त्य गर्नुपर्दछ ।

यसैबिच, नेपाल सरकारले पन्ध्रौँ योजना मार्फत १५ वर्ष माथिको साक्षरता दर ९५ प्रतिशत र युवा साक्षरता दर ९९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको थियो (राष्ट्रिय योजना आयोग, २०७६) । नेपालको साक्षरता वृद्धि गर्ने सरकारको यस योजनालाई सफल बनाउन “एक विद्यार्थी, एक सारक्षता” अभियान सञ्चालन गरी निरक्षरता उन्मूलन कार्यक्रममा हुने गरेको खर्च सिधै माध्यमिक तहका विद्यार्थीले छात्रवृत्तिसरह पाउने व्यवस्था गर्नुपर्छ । यसबाट साक्षरताको अभियान सफल हुनुका साथै विद्यार्थीलाई ‘पकेट’ खर्चको जोहो पनि हुनेछ ।

त्यसैगरी, प्रतिभावान विद्यार्थीलाई अध्ययन र अनुसन्धानमा सघाउने विशेष प्रबन्ध गर्नुपर्छ । यसबाट मुलुकभित्रै वैज्ञानिक र अनुसन्धाता उत्पादनको वातावरण सिर्जना गर्न सहयोग पुग्ने देखिन्छ । साथै, विभिन्न बाध्यतामा परी बिचमै पढाइ छोड्न बाध्य भएका विद्यार्थीहरूलाई पनि सिप विकासको तालिम दिनुपर्छ । त्यस्ता विद्यार्थीहरूलाई दिइने सिप विकासको तालिमलाई श्रम बजारको आवश्यकतासँग जोडेर लैजानु पर्छ ।

त्यसैगरी, शिक्षण संस्थामा जाने अनुदानमा पूर्ण पारदर्शिताको नीति अवलम्बन गरिनुपर्छ । अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी हुनुपर्छ । विश्वविद्यालय अनुदान आयोगले पनि निश्चित मापदण्ड बनाएर मुलुकको वर्तमान आवश्यकता पूरा गर्नेस्तरको अध्ययन अनुसन्धानमा लगानी गर्नुपर्छ । योग्यतालाई छनौटको आधार बनाउनुपर्दछ । विश्वविद्यालयजस्तो विद्वत् निकाय र त्यसमा कार्यरत व्यक्तिले गर्ने हरेक कार्य विद्वत् नै हुनुपर्दछ । शिक्षा नै हरेक व्यक्ति तथा देशको उन्नतिको मुहान भएको हुँदा शिक्षाकै माध्यमबाट उच्च मनोबलयुक्त, संस्कारयुक्त र प्रतिभावान नागरिक पैदा गरी “समृद्ध नेपाल, सुखी नेपाली”को सपना साकार गर्ने कार्यमा इँटा थप्ने काम गर्नुपर्छ ।

४.५ सामाजिक सुरक्षा

सामाजिक सुरक्षाको सवाल लोककल्याणकारी राज्यको अवधारणाभित्र पर्दछ । विश्वव्यापी रूपमा ज्येष्ठ नागरिकलाई राज्यले सामाजिक सुरक्षा अन्तर्गत मासिक नगद भत्ता दिने प्रचलन रहेको छ । यस प्रकारको भत्ता सम्बन्धित मुलुकले सामाजिक सुरक्षाको सवालमा अपनाएको नीति, ज्येष्ठ नागरिकप्रतिको

दृष्टिकोण र मुलुकको वित्तीय अवस्थाको आधारमा घटिबढी हुने गर्दछ । विकसित मुलुकमा राज्यद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता लगभग जीवन धान्न पुग्ने बराबरको भएको पाइन्छ । उदाहरणका लागि, सन् २०२२ को तथ्याङ्क हेर्दा इटालीमा कुल गार्हस्थ उत्पादनको १३.५ प्रतिशत र फ्रान्समा १४.९९ प्रतिशत रकम सामाजिक सुरक्षा भत्तामा विनियोजन गर्ने गरेको पाइन्छ (Organization for Economic Cooperation and Development, 2023) । नेपालको सन्दर्भमा आर्थिक वर्ष २०७८/७९ को बजेटमा सबै प्रकारका सामाजिक सुरक्षा भत्तामा ३३ प्रतिशतले वृद्धि गरिएको थियो, जसका लागि कुल बजेटको करिब ६ प्रतिशत रकम विनियोजन गरेको पाइन्छ (अर्थ मन्त्रालय, २०७९) ।

४.५.१ वर्तमान अवस्था तथा समस्याहरू

नेपालमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न थालिएको त्यति लामो समय भएको छैन । वि.सं. २०५१ मा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको पालामा अर्थमन्त्री भरतमोहन अधिकारीद्वारा आर्थिक वर्ष २०५१/५२ का लागि संसदमा पेस गरिएको बजेटमा ७५ वर्षभन्दा माथिको उमेरका ज्येष्ठ नागरिकहरूका लागि मासिक एकसय रूपैयाँको भत्ताको व्यवस्थासहित नेपालमा पहिलो पटक सामाजिक सुरक्षा भत्ताको अवधारणा ल्याइएको हो । यो नेपालका लागि ऐतिहासिक कदम थियो । त्यसपछिका सबै सरकारहरूले ज्येष्ठ नागरिक तथा अन्य लक्षित वर्गलाई दिइने सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिँदै आएका छन् । साथै, समय-समयमा भत्ताको रकम पनि वृद्धि गर्दै आएका छन् । सामजिक सुरक्षा भत्ताका सवालमा जनआन्दोल-२ पछि थुप्रै सकारात्मक प्रयासहरू भएका छन् । आर्थिक वर्ष २०६४/६५ को बजेटमा ७५ वर्ष माथिका निवृत्तिभरण पाइरहेका कर्मचारीलाई औषधी उपचार सहयोग स्वरूप निवृत्तिभरणमा १० प्रतिशत थप हुने प्रबन्ध गरियो । साथै, नेपाल सरकारले सबै जिल्लामा ज्येष्ठ नागरिक उपचार कार्यक्रम पनि लागु गरेको छ ।

त्यसैगरी, आर्थिक वर्ष २०६५/६६ को बजेटमा ज्येष्ठ नागरिक भत्तामा व्यापक परिवर्तन गरियो । जसअनुसार साविकमा ७५ वर्ष पुगेपछि पाउने मासिक भत्ताको उमेर घटाई ७० वर्ष कायम गरियो भने मासिक रु. २ सयको भत्तालाई मासिक रु. ५ सय कायम गरियो । यसका अतिरिक्त, दलित, एकल महिला र कर्णाली अञ्चलका नागरिकलाई ६० वर्ष पूरा भएपछि मासिक रु. ५ सय भत्ता दिने प्रबन्ध गरियो ।

आर्थिक वर्ष २०६६/६७ को बजेट मार्फत तत्काल नेपालमा कायम रहेका पाँच विकास क्षेत्रमा ज्येष्ठ नागरिक आरोग्य आश्रम र केन्द्रमा पुष्पलाल सर्जक आश्रम स्थापनाको कार्य थालनी गरिएको थियो । यसरी पाँच विकास क्षेत्रमा ज्येष्ठ नागरिक ग्राम निर्माण गर्ने प्रतिबद्धता आर्थिक वर्ष २०७०/७१ को बजेटमा पनि गरिएको थियो । साथै, सो बर्षको बजेटमा सार्वजनिक-निजी साझेदारीमा ज्येष्ठ नागरिक ग्राम निर्माण गर्ने घोषणा पनि गरिएको थियो । हाल ज्येष्ठ नागरिकको मासिक भत्ता बैंकबाट उपलब्ध गराउन थालिएको छ । आर्थिक वर्ष २०६७/६८ को बजेटमा ज्येष्ठ नागरिक भत्तामा क्रमशः बैंकिङ प्रणालीबाट उपलब्ध गराउने घोषणा गरिएअनुरूप यो काम अघि बढेको हो । आर्थिक वर्ष २०६८/६९

को बजेटमा ज्येष्ठ नागरिकलाई वृद्ध अवस्थामा गाँस, बास र कपासको व्यवस्था गर्दै जाने नीति अवलम्बन गरिने घोषणा भएको थियो। आर्थिक वर्ष २०७१/७२ को बजेटमा ज्येष्ठ नागरिकमा निहित ज्ञान, सिप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न र ज्येष्ठ नागरिकको एक्लोपनलाई सरल र रमणीय बनाउन दिवा सेवा केन्द्र तथा ज्येष्ठ नागरिक क्लबहरूको स्थापना गर्ने घोषणा गरिएको थियो।

आर्थिक वर्ष २०७२/७३ को बजेट मार्फत ज्येष्ठ नागरिकको मासिक रु. ५ सय भत्तामा औषधोपचार बापत ५ सय थप गरी मासिक भत्ता रु. १ हजार पुऱ्याइयो। साथै, सोही वर्षको बजेटबाट सामाजिक सुरक्षाका कार्यक्रमहरूमा दोहोरापना नहुने व्यवस्था गर्ने तथा यस्तो सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीबाट वितरण गर्ने कार्यलाई देशव्यापी बनाइने घोषणा गरिएको थियो। आर्थिक वर्ष २०७५/७६ को बजेटबाट ज्येष्ठ नागरिकका लागि रु. एक लाखको बीमा गर्ने कार्यक्रमको आरम्भ गरिएको थियो। यसैबिच, ज्येष्ठ नागरिकको मासिक भत्ता रु. २ हजार पुऱ्याइयो। आर्थिक वर्ष २०७६/७७ को बजेट मार्फत ज्येष्ठ नागरिकलाई प्रदान गरिने मासिक भत्ता रु. ३ हजार पुऱ्याइयो। साथै, सोही बजेटमा ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सिप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गर्न तीनै तहका सरकारहरूले ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र स्थापनामा जोड दिने प्रतिबद्धता पनि व्यक्त गरेका थिए। आर्थिक वर्ष २०७७/७८ को बजेटमा अल्जाइमर रोग लगायत उमेरजन्य रोगबाट प्रभावित ज्येष्ठ नागरिकको निःशुल्क उपचारको व्यवस्था गर्ने घोषणा गरिएको छ। सत्ता सञ्चालन गरिरहेको दलको चुनावी घोषणापत्र र राजनीकि प्रतिबद्धता समेतलाई ध्यानमा राख्दै आर्थिक वर्ष २०७८/७९ को बजेट मार्फत ज्येष्ठ नागरिकलाई प्रदान गरिँदै आएको भत्तामा पुनः वृद्धि गरी मासिक रु. ४ हजार पुऱ्याइएको थियो।

४.५.२ सुधारका लागि सुझाव

सामाजिक सुरक्षा भत्ता अन्तर्गत वि.सं. २०५१ सालबाट ज्येष्ठ नागरिकलाई मासिक रु. १ सयका दरले प्रदान गर्न थालिएको भत्तालाई देशको आर्थिक अवस्था र समय अनुसार वृद्धि गरी हाल मासिक रु. ४ हजार पुऱ्याइएको छ, जुन खुसीको विषय हो। तथापि, यो अपर्याप्त छ र अवैज्ञानिक पनि छ। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई वैज्ञानिक बनाउन आवश्यक छ। त्यसका लागि ज्येष्ठ नागरिकहरूको देहाय अनुसार उमेरको वर्गीकरण गरी त्यसैका आधारमा मासिक भत्ता वृद्धि गर्न र अन्य सुविधा प्रदान गर्न सुझाईएको छ।

क) वर्तमान सरकारको चुनावी घोषणापत्र र राजनैतिक प्रतिबद्धता अनुसार ज्येष्ठ नागरिक भत्ता वृद्धि गरी मासिक रु. ५ हजार पुऱ्याउने।

ख) ज्येष्ठ नागरिकको उमेर समूहको वर्गीकरण अन्तर्गत ७० वर्षदेखि ७९ वर्ष समूहका करिब १० लाख ज्येष्ठ नागरिकलाई मासिक भत्ता रु. ५ हजार उपलब्ध गराउने।

ग) ८० वर्षदेखि ८९ वर्ष समूहका ज्येष्ठ नागरिकहरूलाई मासिक भत्ता रु. १० हजार उपलब्ध गराउने। २०६८ सालको जनगणना अनुसार यो समूहमा एक लाख ८१ हजार तीन सय १४ जना ज्येष्ठ नागरिक रहेका छन्।

घ) ९० वर्षदेखि ९९ वर्ष समूहका ज्येष्ठ नागरिकहरूलाई मासिक भत्ता रु. २५ हजार उपलब्ध गराउने । राष्ट्रिय जनगणना, २०६८ को तथ्याङ्क अनुसार यो समूहमा २६ हजार ७ सय २९ जना ज्येष्ठ नागरिकको सङ्ख्या रहेको देखाएको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०६८) ।

ङ) १०० वर्ष र सो भन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकहरूलाई मासिक भत्ता रु. ५० हजार उपलब्ध गराउने । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यो समूहमा ३ हजार ५ सय ६६ जना ज्येष्ठ नागरिक रहेको देखिएको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०६८) ।

च) यसका अतिरिक्त, विद्यालय र कलेजको पाठ्यसामाग्रीमा ज्येष्ठ नागरिकलाई सम्मान गर्ने लगायतका विषय समावेश गर्नुपर्छ । छोराछारीको मासिक कमाइको आवश्यकता अनुसार आमा बुबाले १० देखि २५ प्रतिशत पाउने कानुन निर्माण गर्नुपर्छ ।

छ) ज्येष्ठ नागरिकको सम्पत्तिमा उहाँहरूकै आफूखुसी गर्न दिनुपर्छ । ज्येष्ठ नागरिकसम्बन्धी तत्कालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तय गर्नुपर्छ । मूलतः ज्येष्ठ नागरिकसम्बन्धी स्रोत केन्द्रको स्थापना र 'प्रोफाइल' तयार गरी उनीहरूमा निहित ज्ञान, सिप र अनुभवलाई राष्ट्र निर्माणमा उपयोग गर्नुपर्छ ।

ज) केन्द्रीय र प्रदेशस्तरीय अस्पतालमा ज्येष्ठ नागरिकको उपचारका लागि विशेषज्ञ चिकित्सकसहितको उपकरण, वार्ड र शैय्याको व्यवस्था गर्नुपर्छ । एक सय शैय्याभन्दा माथिका सबै अस्पातलमा कम्तीमा पनि पाँच वटा शैय्या सहितको "ज्येष्ठ नागरिक" (जेरियार्टिक) वार्डको स्थापना गर्नुपर्छ ।

झ) ज्येष्ठ नागरिकको हालको रु. १ लाखको बीमालाई क्रमशः रु. १ लाख र रु. १० लाख पुऱ्याउनु पर्छ । नेपाल सरकारबाट आर्थिक रूपमा विपन्न, बेवारिसे तथा विविध कारणले घरबारविहीन भएकाहरूका लागि वृद्धाश्रमको व्यवस्था गर्नुपर्छ । आम ज्येष्ठ नागरिकको भेटघाट, अनुभवको आदानप्रदान, मनोरञ्जन लगायतका क्रियाकलापका लागि ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्नुपर्छ ।

ञ) कुनै पनि ज्येष्ठ नागरिकले व्यवसाय वा स्वरोजगार गर्ने इच्छा देखाएमा रु. ५ लाखसम्मको सरल ब्याजदरको ऋण दिने गरी ज्येष्ठ नागरिक 'च्यालेन्ज फण्ड' स्थापना गर्नुपर्छ ।

ट) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको कुल वार्षिक बजेटको ५ प्रतिशत रकम ज्येष्ठ नागरिकको हितका लागि विनियोजन गनुपर्दछ ।

ठ) मुख्यतः नेपाल सरकारले "कोही भोकै पर्दैन, भोकले कोही मर्दैन" भन्ने प्रतिबद्धता व्यक्त गरेको छ । साथै, ज्येष्ठ नगरिकको गाँस, बास र कपासको उपलब्धतामा प्रतिबद्धता जनाएको छ । सरकारको प्रतिबद्धता अनुसारको सेवाको आवश्यकता बोध गर्ने ज्येष्ठ नागरिकहरूलाई ससम्मान तत्तत् सेवा उपलब्ध गराउनुपर्दछ ।

ड) राज्यले ज्येष्ठ नागरिकको सम्मान स्वरूप “ज्येष्ठ नागरिक राहत कार्यक्रम” घोषणा गर्नुपर्छ । जसअन्तर्गत, अहिले मासिक ३ हजार पाइरहेका सबै ज्येष्ठ नागरिकलाई एक महिनाको भत्ता बराबरको रकम नेपालीहरूको महान पर्व दशैंअघि पाउने गरी बोनस दिने व्यवस्था गर्नुपर्छ । कानुनले ६० वर्ष माथिकालाई ज्येष्ठ नागरिक माने पनि मासिक भत्ता भने ७० वर्ष माथिकालाई मात्र दिने गरिएको छ । यो नीति कानुनी दृष्टिकोणबाट त्रुटिपूर्ण छ, यसमा पुनरावलोकन जरुरी छ । तत्कालका लागि भने कानुनी रूपमा ज्येष्ठ नागरिकको वर्गमा परेर पनि ज्येष्ठ नागरिक भत्ता नपाउनेका लागि राज्यले हाल मुलुकभित्र रहेका १ सय १५ वटा वृद्धाश्रममा बसिरहेका करिब २ हजार ज्येष्ठ नागरिकलाई मासिक रु. ५ हजारका दरले ३ महिनाको एकमुष्ठ रु. १५ हजार उपलब्ध गराउनुपर्ने भनी राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घले सरकारसँग गरेको अनुरोधको पनि राज्यले सुनुवाइ गर्नुपर्दछ ।

४.६ सार्वजनिक सेवा/सेवाप्रवाह

४.६.१ वर्तमान अवस्था तथा समस्याहरू

सेवा क्षेत्र चुस्त बन्न सकेन भने त्यसले पूर्वाधार निर्माण, सुशासन, शिक्षा, स्वास्थ्य लगायतका सबै क्षेत्रमा नकारात्मक असर पार्दछ । नेपालको सेवा क्षेत्र अझैसम्म पनि सेवाग्राहीमैत्री बन्न सकेको देखिन्न । यस क्षेत्रमा प्रशस्तै सुधार गर्नुपर्ने छ । संविधानले सुनिश्चितता गरेको सुविधा, हक तथा अधिकारको उपभोग गर्न पनि भनसुन गर्नुपर्ने, ढिलासुस्ति हुने, लक्षित वर्गले सेवा नै नपाउने, अवस्था विद्यमान छ । सार्वजनिक सेवाप्रवाहमा हुनुपर्ने मितव्ययीता, पारदर्शीता र जबाफदेहीता सेवा क्षेत्रको अर्को महत्त्वपूर्ण सवाल हो । सरकारी मात्रै होइन निजी क्षेत्रले पनि यस विषयलाई जनअपेक्षा अनुसार सेवामा मात्रात्मक र गुणात्मक सुधार गर्न आवश्यक छ । स्वयम राज्य र निजी क्षेत्रले सार्वजनिक सेवाप्रवाहका केही क्षेत्रमा आम सेवाग्राहीहरूले प्रत्यक्ष अनुभव गर्न सक्ने गरी सुधारात्मक कार्यक्रम ल्याउन जरुरी छ, जसलाई देहाय बमोजिम पहिचान गरिएको छ ।

सार्वजनिक सेवालाई प्रविधिमैत्री, सेवाग्राहीमैत्री र सहज बनाउन सरकारले विभिन्न समयमा सेवाप्रवाहको तौरतरीकालाई समयानुकूल सुधार र परिष्कृत गर्दै आएको छ । सार्वजनिक सेवाप्रवाहका सन्दर्भमा विद्यमान ढिलासुस्ती र भ्रष्टाचारजन्य क्रियाकलापलाई निस्तेज पार्नकै लागि “म भ्रष्ट्राचार गर्दिनँ, म भ्रष्ट्राचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु” भन्ने सरकारी कर्मचारीको तर्फबाट गरिने प्रतिबद्धतालाई सरकारले नाराको रूपमा अघि सारेको छ । यसको कार्यान्वयनमा सरकार प्रतिबद्ध हुनुपर्छ ।

साथै, सरकारी काम कारवाहीलाई प्रविधिमैत्री तुल्याउन पनि सरकार प्रतिबद्ध रहेको छ । उक्त प्रतिबद्धतालाई व्यवहारमा उतार्नु आजको सबैभन्दा ठुलो चुनौती हो । त्यसका लागि राज्यले नीतिगत सुधार गर्दै धेरै मेहनत गर्नुपर्ने देखिन्छ । सार्वजनिक सेवाप्रवाहमा गुणस्तर र गति दुवै जोड्न आवश्यक छ ।

राज्यले सार्वजनिक सेवाप्रवाह कसरी गरिरहेको छ भन्ने कुराले आम नागरिक र राज्यबिचको सम्बन्धलाई उजागर गर्दछ । राज्यका तर्फबाट प्रदान गरिने सार्वजनिक सेवाप्रवाहका सन्दर्भमा सबै सरकारी कार्यालयमा नागरिक वडापत्र प्रष्टसँग देखिने र बुझिने भाषामा टाँस गरी सेवाप्रवाह गरिएको छ । सुशासन ऐन २०६४ ले सेवाप्रवाहमा थुप्रै प्रबन्ध गरेको छ । थुप्रै क्षेत्रगत कानुनमा सेवाप्रवाहको तौरतरिका समेत उल्लेख गरिएको छ । नेपाल सरकार चुस्त, दुरूस्त र प्रभावकारी सेवाप्रवाहका लागि प्रतिबद्ध छ । साथै, सार्वजनिक सेवाप्रवाहलाई समयानुकूल परिष्कृत गर्दै लगिएको छ ।

४.६.२ सुधारका लागि सुझाव

सार्वजनिक सेवाप्रवाहमा सुधार ल्याउने विभिन्न माध्यम, विधि तथा उपायहरू हुन सक्छन् । त्यस प्रकारका विभिन्न विधिहरूमध्ये कार्यसम्पादन मूल्याङ्कन सम्झौता एक हुन सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै सरकारले जिम्मेवार अधिकारीहरूसँग कार्यसम्पादन सम्झौता गर्ने प्रणालीको विकास गरेको छ । हाल आरम्भ गरिएको कार्यसम्पादन करारले गुणस्तरीय सेवा प्राप्तिको सुनिश्चितता प्रदान गर्न सक्छ । सुशासन ऐनको प्रभावकारी कार्यान्वयनका लागि सुशासन आयोग गठन गर्नुपर्छ । प्रशासनिक सास्ती निवारणका लागि प्रशासकीय अदालत गठन गर्नुपर्छ । यस अदालतले कुनै पनि कार्यालयका विरुद्ध परेको उजुरी उपर तत्काल सुनुवाइ गरी सम्बन्धित सेवा उपलब्ध गराउने समयसीमा नै तोकी निर्देशनात्मक आदेश दिन सक्नेछ । नेपालको प्रशासन संयन्त्रलाई समयानुकूल परिमार्जन र परिष्कृत गरी आधुनिक प्रविधि अनुकूल हुने गरी विद्युतीय सञ्जालमा आबद्ध गर्नुपर्छ ।

सक्नेले नसक्नेलाई सघाउने संस्कृतिले व्यवसायमैत्री वातावरणको सिर्जना गर्छ । यसले एकातर्फ विभिन्न रोजगारीको सिर्जना गर्छ भने अर्कोतर्फ साना तथा मझौला उद्योगहरूको स्थायित्वलाई टेवा पुऱ्याउँछ । अर्थतन्त्रको मेरुदण्ड पुँजी हो भने पुँजीलाई चलायमान बनाउने आधार भनेको चाहिँ व्यवसाय नै हो र व्यावसायीहरूको हातेमालोमै व्यवसाय टिकेको हुन्छ । नेपालमा तुलनात्मक रूपमा सक्षम निकायले कमजोर निकाय वा व्यवसायलाई सघाउने संस्कृतिको विकास भइसकेको छैन । मुलुकको अर्थतन्त्रको दिगो विकासका लागि अब सक्नेले नसक्नेलाई सघाउने संस्कृतिको विकास गर्नुपर्छ ।

यसै सन्दर्भमा, अहिले सरकारको ढुकुटी तुलनात्मक रूपमा बलियो छ । बैंकहरू पनि सक्षम अवस्थामा छन् । बीमा क्षेत्र, जलविद्युत् क्षेत्र, दूरसञ्चार क्षेत्र तथा पेट्रोलियम पदार्थको कारोबार गर्ने निकायहरू खासै खस्किएका छैनन् । यस्ता सबल निकायहरूले अन्य दुर्बल निजी क्षेत्रलाई दिन सक्ने सुविधामा कन्जुस्याइँ गर्नु हुँदैन । सरकारले स्वास्थ्य 'प्रोट्रोकल' लाई पालना गरी सम्भव भएसम्म पुँजीगत खर्च गर्न आक्रामक रूपमा अघि बढ्नुपर्छ, जसले ढुकुटीमा थुप्रिएको रकम जनताको हितमा, जनताकै हातमा पुग्नेछ । तीनै तहका सरकारले सहयोग र समन्वयको विषयलाई उच्च प्राथमिकतामा राखेर काम जर्न जरुरी छ ।

खण्ड पाँच

निष्कर्ष तथा सिफारिसहरू

५.१ निष्कर्ष

यो सोचपत्र, विशेष गरी सडक, कृषि, पर्यटन, जलविद्युत्, सामाजिक सुरक्षा तथा सार्वजनिक सेवाप्रवाह लगायत नेपाली अर्थतन्त्रको मौजुदा अवस्था र सम्बद्ध विषयवस्तुमा केन्द्रित भएर तयार गरिएको छ। नेपाली अर्थतन्त्रमा पछिल्ला वर्षहरूमा कुल गार्हस्थ उत्पादनमा योगदान गर्ने क्षेत्रहरूको भूमिकामा संरचनात्मक परिवर्तन आएको छ। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदानमा बढोत्तरी भएको छ। यस स्थितिमा औद्योगिक क्षेत्र र वन क्षेत्रको योगदान वृद्धि गर्ने प्रयास गर्नुको अतिरिक्त कृषि क्षेत्रमा न्यूनतम सहभागितामा आधिकतम उत्पादन गर्ने रणनीति अख्तियार गर्नुपर्छ।

औद्योगिकरणबाट नै विकास निर्माणसहित मुलुकको समग्र विकासमा योगदान पुऱ्याउन सकिन्छ। यसका लागि, स्वदेशी औद्योगिक उत्पादनलाई अभिवृद्धि गर्दै वैदेशिक व्यापारको सुधारका लागि निकासी बढाउने र आयात प्रतिस्थापन गर्ने मार्गचित्र तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्छ। निकासी वृद्धिका लागि नेपालको आफ्नै पहिचान दिने सीमित वस्तुमा विशेष अनुदानको व्यवस्था गर्नुपर्दछ। आयात प्रतिस्थापनका लागि रक्सी, चुरोट, श्रृङ्गारका सामान लगायत फजुल वस्तुको आयातलाई नियन्त्रण र नियमन गर्न कठोर नीति अख्तियार गर्नुपर्दछ। यसका साथै, आन्तरिक र बाह्य लगानी आकर्षण गर्ने गरी औद्योगिक व्यवसाय ऐनमा संशोधन गर्नुपर्छ।

वि.सं. २०४८ सालदेखि आरम्भ गरिएको आर्थिक उदारीकरण र खुला अर्थनीतिले निजी क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्ड तथा संवाहकको स्थानमा पुऱ्याएको छ। त्यसैले, आफ्नो बढ्दो भूमिकालाई मध्यनजर गर्दै निजी क्षेत्रले आचारसंहिताको पालना गर्दै जिम्मेवार ढङ्गले प्रस्तुत हुनु पर्दछ। पछिल्ला वर्षहरूमा सहकारी क्षेत्रमा देखिएका सङ्कट, विशेषगरी सुशासनको पक्ष तथा नियामक संयन्त्रको अभाव र अकर्मण्यतालाई मध्यनजर गर्दा नेपालको सहकारी क्षेत्रमा ठुलै हस्तक्षेपसहितको नयाँ मार्गदर्शन अवलम्बन गरी यस क्षेत्रलाई निश्चित दिशातर्फ डोऱ्याउनु पर्ने देखिन्छ। त्यसैले, अर्थतन्त्रको निर्माणमा सरकारी क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रको भूमिकालाई पुनर्परिभाषित गर्नुपर्दछ।

वि.सं. २०७६ को उत्तरार्धमा विश्वव्यापी रूपमा देखापरेको कोभिड-१९ महामारीका कारण विभिन्न आयोजनाका प्रक्षेपित लक्ष्य हासिल हुन नसकेको अवस्था छ। अतः राष्ट्रिय योजना आयोगद्वारा जारी गरिएको पन्ध्रौं पञ्चवर्षीय योजनाले अवलम्बन गरेका दूरगामी महत्त्वका परियोजनाहरूको कार्यप्रगति र कार्यशैलीलाई कोभिड-१९ को प्रभावका आधारमा मूल्याङ्कन गरी सोह्रौं योजनाका अपेक्षित लक्ष्यहरू

प्राप्त हुन् भन्ने सुनिश्चित गर्नका लागि आवश्यक नीतिगत पहल र कार्यदक्षता अभिवृद्धि गर्नुका साथै पन्ध्रौं योजना कार्यान्वयनमा भएका कमजोरीहरू नदोहोरिने गरी व्यवस्थापन गरिनुपर्दछ ।

समाजवाद उन्मुख भनिएको मौजुदा अर्थतन्त्रमा आर्थिक विकासमा फड्को मार्नका लागि राज्य बलियो रूपमा प्रस्तुत हुन आवश्यक हुन्छ । त्यसैले, दिगो आर्थिक विकासको पहलमा अन्तर्राष्ट्रिय प्रतिबद्धता समेतलाई मध्यनजर गरी कार्यान्वयनस्तरमा सरकार खरो रूपमा उत्रिनु पर्छ ताकि त्यसले नतिजा दिन सकोस् ।

वित्तीय व्यवस्थापन मानिसको दैनिक जीवनसँग जोडिने भएको हुँदा वित्तीय विषयको पढाइ माध्यमिक तहको पाठ्यक्रमबाटै समेटिनु आवश्यक छ । संविधानले प्रत्येक नागरिकलाई राज्यको तर्फबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हकको सुनिश्चितता गरेको छ, जुन कुरा स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट मात्रै सम्भव छ । त्यसैले, सबै नेपालीलाई बीमाको सेवाभित्र समेट्न जनचेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्नुका साथै माध्यमिक तहको पाठ्यक्रममा समेत यो विषय समावेश गरिनुपर्दछ । आर्थिक उदारीकरणको नीतिअनुरूप नै धितोपत्र बजारको विकासका लागि निजी क्षेत्रबाट 'स्टक मार्केट' सञ्चालन गर्न पाउने कानुनी व्यवस्था गर्नुपर्छ । यसले शेयर बजारको दायरालाई फराकिलो, प्रतिस्पर्धी र सेवामुलक बनाउँछ ।

विभिन्न कोषमा जम्मा भएको रकमलाई बढीभन्दा बढी उत्पादनमूलक बनाउन कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष लगायतका कोषको परिचालनमा ती निकायहरूलाई स्वायत्तता प्रदान गर्नुपर्छ । यसका साथै, वित्तीय प्रणालीको विकासमा एक बैंक अर्को बैंकमा गाभिने रणनीतिलाई निरन्तरता दिँदै सबै नेपालीको आर्थिक कारोबार बैंकिङ प्रणालीबाटै हुने सुनिश्चित गर्नुपर्छ ।

कृषिमा आधुनिकीकरण मार्फत मुलुकलाई स्वदेशी उत्पादनमा आत्मनिर्भर बनाउनका लागि यस क्षेत्रको विकासलाई प्रवर्धन गर्ने सन्दर्भमा जमिनमाथि किसानको स्वामित्व, सामूहिक खेती एवम् निर्देशित खेती, वडास्तरमा पालिकाद्वारा एग्रोभेट सञ्चालन, अनिवार्य बीमा र सिँचाइ सेवा, बजारको प्रबन्ध, प्राङ्गारिक मल कारखाना र जैविक विषादीको उत्पादन र प्रयोगमा जोड दिनुपर्छ । त्यसैगरी, जलविद्युत् क्षेत्रको विकासका लागि आमजनतामा विद्युत्को व्यापक प्रयोग गर्न प्रविधिमा लगानी गर्नुपर्छ । विनाकुनै मापदण्ड, जथाभावी सडक निर्माणका कार्यलाई तीव्रता दिँदा वातावरणको क्षयीकरणमा पनि तीव्रता आएको हुँदा सडक क्षेत्रतर्फ निश्चित मापदण्डको अनुसरण नगरी नयाँ सडक निर्माणमा पूर्णत : निषेध गर्नुपर्छ । ठुला परियोजनामा नीतिगत स्पष्टता र प्रतिबद्धताको खाँचो छ । राष्ट्रिय गौरवका आयोजना वा रूपान्तरणकारी परियोजना वा अति उच्च प्राथमिकताप्राप्त आयोजनाको नामाकरण गरी द्विविधा सिर्जना गर्नुको सट्टा केही 'मेगा प्रोजेक्ट' घोषणा गरी त्यसलाई समयमै सम्पन्न गर्न मुलुकको स्रोत साधन खर्चिनु उपयुक्त हुन्छ । आधुनिक र सभ्य समाज निर्माणका लागि तोकिएका स्थानमा मात्रै आवास रहने गरी बस्ती विकास योजनालाई कठोरताका साथ कार्यान्वयनमा ल्याउनुपर्छ । सामाजिक

सुरक्षा कार्यक्रमतर्फ विनियोजित बजेटको दायरालाई अझै फराकिलो र व्यापक बनाउन यसलाई तत्कालै पाँच प्रतिशतमा उकाल्नु पर्छ । साथै, सार्वजनिक प्रशासन र सेवाप्रवाहमा सुधार ल्याउन अधिकार सम्पन्न सुशासन आयोग गठन गरी तत्काल सक्रिय बनाउनुपर्छ ।

कोभिड-१९ महामारीका कारण अर्थतन्त्रमा परेको असरलाई न्यूनीकरण गर्न निजी क्षेत्रसँग समन्वय गरी आर्थिक पुनरुत्थान, रोजगारी, नागरिक राहत, आर्थिक प्याकेजजस्ता कार्यक्रमको घोषणाका साथै कृषि उत्पादनमा आत्मनिर्भरता, वन र खनिज क्षेत्रको उपयोग, नेपाली वस्तुको उत्पादन र निकासी, औद्योगिक वस्तुमा आत्मनिर्भरता तथा खुला सीमानाहरूलाई आर्थिक रूपमा नियमन गर्ने विधिमा जानुपर्छ । विकासका परियोजनाहरूलाई तोकिएको समयमै सम्पन्न गर्नका लागि पुँजीगत बजेट खर्चमा बढोत्तरी आवश्यक छ । त्यसका लागि, मन्त्री, सचिव, विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएका कार्यसम्पादन करार बमोजिम खर्च गर्न सक्नेलाई पुरस्कृत र खर्च गर्न नसक्नेलाई दण्डित गर्ने परिपाटीको विकास गर्नुपर्दछ । शिक्षा मानवीय चेतनाको आधार भएको र शिक्षाले नै सभ्य समाज निर्माणको आधार तयार गर्ने भएको हुँदा शिक्षाको विकासका लागि कम्तीमा पनि नेपालको संविधानले व्यवस्था गरेको शिक्षासम्बन्धी मौलिक हकको अक्षरशः पालना र कार्यान्वयन गर्नुपर्दछ । यसका साथै, सङ्घीयतालाई संस्थागत विकास गर्ने सन्दर्भमा आर्थिक विकासका लागि तीन तहको सरकारको भूमिकालाई सङ्घीयताको मर्म बमोजिम सन्तुलित र एक अर्कालाई सघाउने हुनुपर्छ ।

५.२ नीतिगत सिफारिसहरू

उपरोक्त विषयवस्तु तथा त्यसमा समावेश गरिएका तथ्य, वर्तमान अभ्यास तथा अनुभवका आधारमा सम्बद्ध क्षेत्र र विषयमा सुधार तथा स्तरवृद्धिका लागि बुँदागत रूपमा देहाय बमोजिम नीति सिफारिस तथा सुझाव पेस गरिएको छ ।

५.२.१ पूर्वाधार निर्माण

क) मुलुकको अर्थतन्त्र निर्माणमा पूर्वाधार निर्माण क्षेत्रको ठूलो भूमिका हुने भएको हुँदा सडक, जलविद्युत्, सार्वजनिक भवनको निर्माण लगायतका कामलाई तोकिएको समय र लागतमै सम्पन्न हुने वातावरणको सुनिश्चितता गर्न परियोजना निर्माणको चरणमा कसैले पनि व्यवधान वा अवरोध सिर्जना गर्न नसक्ने नीतिगत व्यवस्था गर्नुपर्ने । अन्तरनिकाय समन्वय नहुँदा पूर्वाधार निर्माणका कार्यमा दोहोरो काम भइरहेको अवस्था छ, जस्तै सडक कालोपत्रे गरिसकेपछि विद्युत्, खानेपानी वा ढल निकासका लागि पटक पटक बाटो खन्ने गरेको देखिन्छ । यसले अनावश्यक खर्च र झन्झट पैदा गर्ने र पूर्वाधार निर्माणको कार्यलाई सुस्त बनाउने भएकाले पूर्वाधार निर्माणमा हरेक सम्बन्धित निकायले समन्वय गर्न र एकै क्षेत्रमा पर्ने विभिन्न पूर्वाधार निर्माणका लागि एकैचोटी बजेट व्यवस्थापन गर्न पर्ने ।

ख) विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले मानवीय तथा आर्थिक गतिविधिमा ल्याएको सङ्कुचनका कारण पन्ध्रौं योजनाले निर्धारण गरेका रूपान्तरणकारी परियोजना (game changer project) र राष्ट्रिय गौरवका आयोजनाहरू तथा प्राथमिकता प्राप्त आयोजनाहरू तोकिएकै समयमा सम्पन्न गर्न नसकिएको हुँदा यी तीनै वटा परियोजनालाई एउटै डालोमा राखी काम सम्पन्न हुने समय, लागत र प्रतिफलको बारेमा पुनरावलोकन गरी सोही अनुसारको कार्ययोजना बनाएर अघि बढ्नुपर्ने । साथै, सोह्रौं योजनाको सफलताका लागि आवश्यक नीतिगत पहल गर्नुपर्ने ।

ग) कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, जलविद्युत् विकास कोषजस्ता निकायले राष्ट्रिय गौरवका परियोजना तथा रूपान्तरणकारी परियोजनामा लगानी गर्ने वातावरण बनाउनुका साथै अन्तर्राष्ट्रियस्तरमा पनि लगानी र निक्षेप गर्नसक्ने सुरक्षा कवचसहितको कानुन बनाउनुपर्ने ।

घ) करोडौं खर्च गरेर विस्तृत परियोजना प्रतिवेदन तयार गरी सञ्चालन भइरहेका वा सञ्चालनको चरणमा रहेका कतिपय रूपान्तरणकारी परियोजना र राष्ट्रिय गौरवका आयोजना तथा उच्च प्राथमिकताका आयोजनाहरू पनि सरकार परिवर्तनसँगै परियोजना सञ्चालनको प्राथमिकता परिर्वतन हुने संस्कार विकास भइरहेको हुँदा त्यसबाट राष्ट्रलाई पुग्ने ठुलो क्षति न्यूनीकरण गर्न तथा पूर्वाधार निर्माणमा हुने ढिलाइको अन्त्य गर्न नीतिगत व्यवस्था गर्नुपर्दछ । त्यसका लागि, त्यसप्रकारका परियोजनाको पहिचान तथा सञ्चालनको सन्दर्भमा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको बिचमा न्यूनतम सहमति गरेर अगाडि बढ्न कार्यविधि बनाएर लागु गर्नुपर्ने ।

ङ) काठमाडौंको तीनकुने-कोटेश्वर-जडीबुटी खण्डमा ‘अण्डरपास’ वा ‘फ्लाइओभर’ निर्माण गर्ने परिचर्चा चलिरहेको हुँदा हचुवाको भरमा त्यस्ता संरचना निर्माण गर्दा त्यसले अकल्पनीय दुर्घटना निम्त्याउन सक्ने भएको हँदा त्यहाँको भौगर्भिक अवस्थाको अध्ययन गर्न तथा त्यसको नजिकै रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई असर गर्छ वा गर्दैन भन्ने सन्दर्भमा पनि पूर्वअध्ययन गर्न विज्ञ सम्मिलित कार्यदल बनाई तत्काल अध्ययन सुरु गर्नुपर्ने ।

च) रूपान्तरणकारी परियोजना र राष्ट्रिय गौरवका आयोजना तथा उच्च प्राथमिकताका आयोजनाहरूको पहिचान तथा सञ्चालनको प्रक्रियामा आर्थिक पारदर्शीता र जबाफदेहिता पहिलो सर्त हुनुपर्छ भने यस्ता प्राथमिकता प्राप्त गौरवका आयोजनाहरूको काम समयमा नसकिने तथा लागत वृद्धि हुने हालको परिपाटीको अन्त्य गर्ने-

   अ) आयोजनाहरूको पहिचान तथा कार्यान्वयन गर्दा आवश्यकता, सामर्थ्य र स्रोतको सुनिश्चितताको आधारमा पहिले सुरु भएका आयोजनाहरू सम्पन्न नभएसम्म लहड तथा राजनीतिक लाभका लागि नयाँ परियोजाहरूलाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा घोषणा गर्ने कार्यलाई बन्द गर्ने,

आ) परियोजनाका आयोजना प्रमुख तथा लेखा प्रमुखको छिटो छिटो सरुवा गर्ने परिपाटीको अन्त्य गर्ने र उनीहरूले पूर्ण अवधि काम गर्न पाउने वातावरणको सिर्जना गर्दै कार्यसम्पादन र वृत्ति विकासलाई आबद्ध गर्ने र काम नगर्ने आयोजना प्रमुख तथा लेखा प्रमुखलाई सोझै कारबाही गर्ने सक्ने नीतिगत व्यवस्था गर्ने। परियोजनाको छिटो र गुणस्तरयुक्त सम्पन्नताका लागि आवश्यक परेको खण्डमा परियोजना प्रमुख र लेखा प्रमुखलाई निर्णय गर्ने विशेषाधिकार सहित जिम्मेवारी दिने ।

इ) तोकिएको समय तथा निर्धारित गुणस्तरको निर्माण कार्य समयमा सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कार्यवाहीको दायारामा ल्याउन राजनैतिक संरक्षण नगर्ने, प्राकृतिक विपद्को बाहेक अन्य कारण देखाई आयोजनाको म्याद नथप्ने नीति लिने र क्षतिपूर्ति भराउने र कालो सूचीमा राख्ने वर्तमान व्यवस्थालाई कडाइका साथ लागु गर्ने, एक पटक मौका दिएपछि पनि तोकिएको गुणस्तर तथा समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीको अनुमतिपत्र स्वतः खारेज हुने र भविष्यमा पनि निर्माण कार्यका लागि अनुमतिपत्र प्राप्त गर्न नसक्ने कानुनी व्यवस्था गर्ने,

ई) अनुगमन नगर्ने र परीक्षण नगरी वा तोकिएको गुणस्तरको निर्माण भए नभएको एकिन नगरी परियोजनाको निर्माण कार्य गुणस्तरको छ भनी स्वीकृत गर्ने निजी तथा सरकारी दुवै इन्जिनियरहरूबाट क्षतिपूर्ति भराउन सक्ने र उनीहरूको लाइसेन्स स्वतः खारेज हुने, साथै सरकारी इन्जिनियरको हकमा पदबाट स्वतः बर्खास्त हुने कानुनी व्यवस्था गर्ने ।

५.२.२ कृषि तथा सहकारी

क) नेपालको अर्थतन्त्र निर्माणका लागि कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको हिस्सा वृद्धि गर्नुको विकल्प नभएको हुँदा कृषि पेसामा संलग्न जनसङ्ख्याको हिस्सा घटाउँदै उत्पादकत्वमा गुणात्मक वृद्धि गर्न आवश्यक नीति तर्जुमा गरी तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने ।

ख) सहकारीलाई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका क्षेत्रमा परिचालन गरी मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउँदै कृषिजन्य उत्पादन निर्यात गर्नसक्ने मुलुकको रूपमा स्थापित हुने वातावरणको निर्माण गर्न तदनुरूपको नीति निर्माणका लागि अध्ययन अनुसन्धान गर्नुपर्ने ।

ग) खाद्यन्न सुरक्षा राष्ट्रिय हित र राष्ट्रिय सुरक्षाको एक सर्तको रूपमा रहेको हुँदा राज्यले स्पष्ट योजना र लक्ष्यका साथ कृषिजन्य उत्पादन र उत्पादकत्व वृद्धिमा लगानी गर्नुपर्छ । त्यसका लागि, उपयुक्त लगानीका क्षेत्र, लगानीको ढाँचा, बजारको माग तथा बजारको पहिचान गर्न विज्ञ सम्मिलित एक अध्ययन टोली गठन गरी अध्ययन अनुसन्धान तत्काल अगाडि बढाउनुपर्ने ।

घ) कृषि बिउमा परनिर्भरताले भविष्यमा चरम खाद्य सङ्कट सिर्जना गर्न सक्ने भएको हुँदा हामीले रैथाने बालीको संरक्षण गर्दै स्वदेशमै बिउ बिजन उत्पादनमा लगानी गर्नुपर्छ । यसका लागि,

रैथाने बालीको संरक्षण तथा बिउ उत्पादन, भण्डारण र वितरणका लागि बीउ बैंक, कृषि फार्म लगायतको स्थापना तथा सञ्चालनका लागि स्पष्ट कार्ययोजनासहित तत्काल कार्य सुरु गर्ने ।

ङ) हिमाली क्षेत्रका ऐतिहासिक र पर्यटकीय स्थलको बस्तीबाहेक छरिएर रहेको बस्ती निश्चित ठाउँमा स्थानान्तरण गरी त्यस्ता स्थानमा खुला चरन क्षेत्र, जडीबुटी उत्पादनको केन्द्रको रूपमा विकास गर्नुपर्ने ।

च) सहकारीलाई कृषि उत्पादन र उत्पदकत्वसँग जोड्ने कुरा खाद्य सुरक्षा र रोजगारी सिर्जनासँग पनि सम्बन्धित भएको हुँदा आवश्यक कार्यविधिको निर्माण गरी सहजीकरण र बजार व्यवस्थापन लगायतका कामका लागि ७ सय ५३ वटै स्थानीय तहले समन्वय गर्ने गरी तत्काल कार्य अगाडि बढाउनुपर्ने ।

छ) सहकारी संस्थाहरूले प्रदान गर्ने सेवाको गुणस्तर वृद्धि गर्न तथा सहकारीको योगदानलाई अझै प्रभावकारी बनाउन सहकारी संस्था 'मर्जर' (merger) को प्रक्रियालाई प्रोत्साहित गर्नुपर्ने ।

ज) अव्यवस्थित सहरीकरण तथा बढ्दो जग्गा 'प्लटिङ' का कारण कृषियोग्य भूमि घट्दै गइरहेको हुँदा कृषियोग्य भूमिलाई अन्य प्रयोजनमा प्रयोग गर्न नपाउने नीति बनाउनुपर्ने ।

झ) कृषि कर्मको प्रवर्धन तथा सम्मानका लागि वास्तविक किसानको पहिचान गरी कृषिमा निवृत्तिभरणको व्यवस्था लागु गर्नुपर्ने ।

ञ) बालीनालीका लागि आवश्यक हुने समयमा नै वर्षेनी मलखादको अभाव हुने अवस्था रहेकाले रासायनिक तथा उच्च गुणस्तरको प्राङ्गारिक मलखाद उत्पादन गर्ने कारखानाहरू देशभित्रै स्थापना गर्नका लागि सार्वजनिक र निजी क्षेत्रको समन्वय स्थापित गर्नुपर्ने ।

५.२.३ भूमि व्यवस्थापन

क) उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यन्नमा आत्मनिर्भर बन्नका लागि कृषियोग्य जमिनलाई 'प्लटिङ' गरी आवास, व्यवसायिक भवन, उद्योगगृह निर्माण गर्ने बढ्दो प्रवृत्तिमा अविलम्ब रोक लगाउन आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने ।

ख) जमिनलाई प्रयोजनका आधारमा वर्गीकरण गर्ने अभ्यासको थालनी भइसकेको हुँदा प्रत्येक पालिका र जिल्लाका निश्चित स्थानमा मात्रै बस्तीयोग्य जमिनको घोषणा गरी सबैले घरघडेरीका लागि निश्चित मूल्यमा निश्चित आकारको जमिन पाउने गरी 'ल्याण्ड पुलिङ' को आवश्यक प्रबन्ध गर्नुपर्ने ।

ग) प्रत्येक पालिकाहरूले जमिनको जथाभावी प्रयोगमा रोक लगाउने व्यवस्था गर्नुका साथै व्यवस्थित रूपमा आधुनिक बस्ती विकासका योजना लागु गर्नुपर्ने ।

घ) बस्ती विकास कुनै हचुवाको भरमा नभई, योजनाबद्ध, सुरक्षित, व्यवस्थित, किफायती र वातावाणमैत्री आवास प्रणाली स्थापना गर्न बस्ती विकासको काम सरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा गर्नुपर्ने ।

ङ) सार्वजनिक-निजी साझेदारीमा मध्यपहाडी लोकमार्गका विभिन्न ३० स्थानमा आधुनिक र व्यवस्थित बस्ती विकासको प्रबल सम्भावना भएको हुँदा यसतर्फ ध्यान दिनुपर्ने ।

च) आर्थिक वर्ष २०७७/७८ को बजेटले सङ्घीय र प्रादेशिक सरकार तथा स्थानीय तहको सहलगानीमा भूमि बैंक स्थापना गर्ने र आ.व. २०७८/७९ मा प्रत्येक प्रदेशमा भूमि बैंकको कम्तीमा ५० वटा शाखा स्थापना गर्ने अवधारणा ल्याएको सन्दर्भमा उक्त बैंकमा पनि जग्गा व्यावसायीहरूको हालीमुहाली हुने सम्भावना रहेको हुँदा त्यसलाई रोक्नका लागि भूमि बैंक गठनदेखि सञ्चालन र भूमि बैंकमा भएको जग्गा उपभोगसम्बन्धी स्पष्ट कार्यविधि बनाएर नियमन गर्नुपर्ने ।

५.२.४ उद्योग

क) उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनले ठुलो रोजगारी समेत सिर्जना गर्ने भएको हुँदा मुलुकमा उपलब्ध कच्चा पदार्थ, प्रविधि, सिप तथा जनशक्तिमा आधारित उद्योग सञ्चालनका क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रमा राज्यले आवश्यक लगानी वृद्धि गर्नुपर्ने ।

ख) बढ्दो व्यापार घाटालाई कम गर्ने एउटै उपाय भनेको निर्यात प्रवर्धन भएको हुँदा नेपालीपन देखिने वनस्पती घ्यू, तोरीको तेल, तयारी पोसाक, गलैंचा तथा जडीबुटीजन्य वस्तुको उत्पादन तथा निकासीमा राज्यले विशेष छुट दिनुका साथै कानुनी सहजीकरणको व्यवस्था गर्नुपर्ने ।

ग) रक्सीजन्य मादक पदार्थको आयातमा ठुलो धनराशी बाहिरिने गरेको छ । रक्सीजन्य मादक पदार्थ उत्पादन, वितरण तथा गुणस्तर निर्धारणको सवालमा निश्चित मापदण्ड बनाएर घरेलु उत्पादनलाई प्रवर्धन गर्दै आयात निरुत्साहित गर्न कडा नीति अवलम्बन गर्नुपर्ने ।

घ) म्याग्नेसाइट, सुन, तामा, युरेनियम, प्राकृतिक ग्यास, औषधी, सिमेण्ट, चिनी, फलामे डण्डी, काष्ठ लगायतका उत्पादनमा नेपाल आत्मनिर्भर मात्रै होइन निर्यातकर्ता नै बन्न सक्ने सम्भावना भएको हुँदा त्यस्ता पदार्थको खानी पहिचान गर्ने, पहिचान भएकाको उत्खनन गर्ने तथा प्रशोधन गर्ने उद्योगको स्थापना र सञ्चालनमा राज्यले सहजीकरण गर्ने नीति बनाउनुका साथै त्यसलाई अक्षरसः कार्यान्वयनको चरणमा लैजानुपर्ने ।

ङ) रोजगारीका लागि स्वदेशमै व्यवसाय सञ्चालनका प्रशस्तै अवसरहरू छन् । जाम, जेली, मार्मलेडदेखि मिथिला आर्टस् सम्मका घरेलु तथा साना उद्योग सञ्चालनबाट बढ्दो श्रमशक्तिलाई स्वदेशमा रोजगार उपलब्ध गराउन सकिने भएको हुँदा त्यस्ता व्यवसाय सञ्चालन गर्न लाग्ने सुरुआती पुँजी तथा बजारको व्यवस्था राज्यले गरिदिनुपर्ने ।

च) स्वदेशी उद्योगको प्रवर्धन, रोजगारीको सिर्जना तथा अर्थतन्त्र निर्माण गर्ने सन्दर्भमा विद्यार्थी, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय र राजनीतिक नेतृत्व लगायतको पोसाकका लागि स्वदेशी उत्पादनलाई अनिवार्य बनाउन नीतिगत व्यवस्था गर्नुपर्ने ।

छ) स्पष्ट कार्ययोजना सहित उद्यम गर्न चाहनेलाई राज्यले बीउ पुँजी उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।

ज) व्यवसायमैत्री वातावरण बनाई लगानी आकर्षित गर्न निजी क्षेत्रसँगको छलफल र सहकार्यमा औद्योगिक व्यवसाय ऐन संशोधन गर्नुपर्ने ।

झ) जीर्ण अवस्थामा रहेका उद्योगहरूलाई पुन:सञ्चालन गर्न सकिने भए गर्ने र नसकिने भए त्यहाँ भएका पूर्वाधारहरू जस्तै भवन, मेशिनरी आदिको समुचित उपयोग गर्नुपर्ने ।

५.२.५ पर्यटन

क) आन्तरिक पर्यटन पनि राजस्व सङ्कलनको महत्त्वपूर्ण आधार बन्न सक्छ । त्यसका लागि, आन्तरिक पर्यटन प्रवर्धनका लागि नेपालभित्र रहेको विभिन्न क्षेत्रको पहिचान गरी तत्तत् क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्ने र त्यस्ता क्षेत्रमा पर्यटकलाई आकर्षित गर्न भ्रमणका विभिन्न 'प्याकेज' बनाई कार्यान्वयनमा ल्याउनुपर्ने ।

५.२.६ उर्जा

क) निकट भविष्यमा मागभन्दा बढी विद्युत् उत्पादन हुने भएको हुँदा विद्युत् खपतको मात्रा बढाउनका लागि प्रविधिलाई मानवीय जीवनसँग जोड्न आवश्यक पर्ने घरायसी प्रयोगमा आउने उपकरणको उत्पादन तथा बजारीकरण गर्नुका साथै त्यस्ता उपकरण प्रयोगसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

ख) ऊर्जा क्षेत्रमा लगानी गर्नेहरूका लागि विभिन्न किसिमका सहुलियत तथा छुटको व्यवस्था गरिएको छ । यसप्रकारका सहुलियत र सुविधा प्रदान गर्ने निकाय विद्युत् विकास विभागलाई लगानीकर्ता मैत्री बनाउनुका साथै उद्योग विभागमा लागु गरिएको एकद्वार नीति ऊर्जा उत्पादनको क्षेत्रमा पनि लागु गर्नुपर्ने ।

ग) वि.सं. २०७७ असार मसान्तसम्मको तथ्याङ्क अनुसार करिब ५ सयदेखि ७ सय वटा कम्पनीले २० देखि २५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने गरी इजाजत प्राप्त गरे तापनि सोका लागि लगानी जुटाउन सकिरहेका छैनन् । त्यसकारण, जबसम्म कुनै पनि कम्पनीले लगानी सुनिश्चितताको आधार प्रस्तुत गर्दैन तबसम्म विद्युत् उत्पादनको इजाजत नदिने नीतिगत व्यवस्था गरी कडाइका साथ लागु गर्नुपर्ने ।

घ) बढ्दो पेट्रोलियम पदार्थको आयातलाई न्यूनीकरण गर्ने एकमात्र उपाय भनेको विद्युतीय ऊर्जाको उपयोग नै भएको हुँदा भान्छादेखि यातायात र होटेलदेखि उद्योगसम्ममा विद्युतीय उपकरण तथा विद्युत्को उपयोगलाई प्रवर्धन गर्न सहुलियतका कार्यक्रमसहितको नीति अवलम्बन गर्नुपर्ने ।

ङ) हाल 'पाइपलाइन' मा रहेका, विद्युत् उत्पादनको इजाजत लिएर लगानी जुटाउन नसकेका परियोजनालाई राज्यले हस्तक्षेप गरी लगानी जुटाउनुका साथै द्रुत गतिमा आयोजना सम्पन्न गर्न विज्ञ सम्मिलित एक अध्ययन टोली गठन गर्नुपर्ने ।

५.२.७ वित्तीय क्षेत्र

क) आर्थिक क्षेत्र सुधारका लागि मौद्रिक नीति, बीमा नीति र शेयर बजार सञ्चालनसम्बन्धी नीतिमा व्यापक सुधार गरी निश्चित व्यापारी वर्ग वा समुदायले मात्र लाभान्वित हुने परिपाटीको अन्त्य गर्न विज्ञ सम्मिलित अध्ययन टोली गठन गर्ने र सो टोली मार्फत प्राप्त सुझाव सल्लाहमा नीतिगत सुधार गर्ने ।

ख) वाणिज्य बैंकहरूको सङ्ख्या धैरे भएको तर यी बैंकहरूको सेवाप्रवाह तथा आम मानिसको पहुँचमा गुणात्मक वृद्धि हुन नसकेको हुँदा बैंक 'मर्जर' को प्रक्रियालाई प्रोत्साहन गर्नुपर्ने । यसले बैंक सञ्चालन लागत घट्ने भएकाले सेवाको पहुँच तथा गुणस्तर दुवैको सुधार गर्न सहयोग गर्दछ ।

ग) बैंकिङ क्षेत्रमा वित्तीय अनुशासन कायम राख्न नेपाल राष्ट्र बैंकलाई अझै स्वायत्तता प्रदान गर्दै विशेष गरी वाणिज्य बैंकहरूको नाफा निक्षेपकर्तासम्म पुर्‍याउने वातावरणको निर्माण गर्नुपर्ने ।

५.२.८ सार्वजनिक सेवाप्रवाह

क) सङ्घीय संरचना अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहबिच संविधानमै काम तथा अधिकारको बाँडफाँट गरिएको हुँदा कार्यसम्पादनका सिलसिलामा दोहोरोपन हुन नदिन समन्वय र सहकार्यका लागि कार्यविधि बनाएर लागु गर्ने ।

ख) "आफ्नो गाउँ आफै बनाऔँ" अन्तर्गत कामका लागि खाद्यान्न कार्यक्रम, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, साना किसान लघु वित्त संस्था मार्फत रोजगारी दिने कार्यक्रमहरू कार्यान्वयनलाई नयाँ ढङ्गबाट सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यसका लागि, सबै ७ सय ५३ वटा स्थानीय तह मार्फत लक्षित वर्गको अभिलेखीकरण तयार गरी सोही वर्गले मात्रै उक्त कार्यक्रममा सहभागी हुने नीतिगत सुनिश्चितता गर्दै सम्बद्ध वर्ग तथा समुदायलाई त्यस्ता कार्यक्रमबाट हुने अल्पकालीन र दीर्घकालीन फाइदाको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

ग) बीमा समितिलाई थप स्वायत्तता प्रदान गर्दै बीमा प्रदायक संस्थाको 'मर्जर' प्रक्रियालाई प्रोत्साहित गर्ने नीति अवलम्बन गर्नुपर्ने ।

घ) निश्चित कार्यविधि निर्माण गरी धितोपत्र बजारमा निजी क्षेत्रलाई समेत प्रवेश गराई धितोपत्र बजारलाई पारदर्शी, विश्वासिलो र प्रतिस्पर्धी बनाउनुपर्ने ।

ङ) कर्मचारी सञ्चय कोषलाई थप स्वायत्तता प्रदान गर्दै कोषको रकमलाई पूर्वाधार निर्माणका ठुला परियोजनामा लगानी गर्नुपर्ने ।

च) प्रविधिको विकाससँगै कारोबारमा कागजी नोटको प्रयोगलाई कम गर्दै वित्तीय अपचलन न्यूनीकरण गर्नुपर्ने भएको हुँदा हरेक नेपालीले बैंक खाता अनिवार्य खोल्नुपर्ने बाध्यकारी नियम बनाउँदै बैंकिङ प्रणाली मार्फत कारोबार गर्न प्रोत्साहित गर्नुपर्ने ।

छ) सार्वजनिक सेवाप्रवाहलाई सेवाग्राहीमैत्री बनाउन नागरिक वडापत्रका साथमा सेवाप्रवाहको तालिका पनि टाँस गर्नुपर्ने ।

५.२.९ सामाजिक सुरक्षा

क) आर्थिक रूपमा विपन्न जनताको संविधान प्रदत्त आवासको हकको सुरक्षा गर्दै त्यसको प्रत्याभूति दिलाउन जनता आवास कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

ख) ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा जीवन प्रत्याशा (life expectancy) मा आधारित बनाउनुपर्ने ।

ग) विद्यालय तथा कलेजका पाठ्यक्रममा ज्येष्ठ नागरिकलाई सम्मान गर्ने संस्कारको विकास गर्ने र राष्ट्रिय भावना तथा नैतिक आचरण अभिवृद्धि गर्ने पाठ्यसामाग्री समावेश गर्नुपर्ने ।

घ) ज्येष्ठ नागरिकसम्बन्धी केन्द्र स्थापना गरी निजहरूमा भएको ज्ञान, सिप तथा अनुभवलाई पुस्तान्तरण गर्ने व्यवस्था गर्ने ।

५.२.१० शिक्षा

क) संवैधानिक प्रावधान बमोजिम १२ कक्षासम्मको पढाइ नि:शुल्क गर्नुपर्ने । आधारभूत तहको शिक्षा अनिवार्य पनि भएकाले आफ्ना छोराछोरीलाई विद्यालय नपठाउने अभिभावक दण्डित हुने कानुन बनाउनुका साथै आर्थिक रूपमा विपन्न विद्यार्थीको सम्पूर्ण पढाइ लगायतको जिम्मेवारी सरकारको हुने कानुनी प्रबन्ध गर्नुपर्ने ।

ख) शिक्षा क्षेत्रको पुनर्संरचना र रूपान्तरण राज्यको मुख्य मुद्दा बन्नुपर्छ । पुनर्संरचना र रूपान्तरण अन्तर्गत निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूलाई निश्चित क्षतिपूर्ति दिएर सामुदायिक विद्यालयमा समाहित गर्ने वा ट्रष्टबाट सञ्चालन गर्ने वा समुदायले नै सञ्चालन गर्ने वा स्थानीय सरकारद्वारा सञ्चालन गर्ने लगायतका विधि र प्रक्रियामा जानै पर्दछ । एउटै देशका नागरिकले वर्गीय आधारमा यो र त्यो शिक्षा ग्रहण गर्ने द्वैध प्रणालीको अन्त्य गर्नुपर्ने । यी सबै प्रक्रिया अपनाउँदा शिक्षक र विद्यार्थी वर्गलाई प्रतिकूल असर नपर्ने गरी विद्यालय सञ्चालनको व्यवस्थापन गर्नुपर्ने ।

ग) स्नातक तह पूरा गरेका विद्यार्थीमा व्यावहारिक क्षमता विकास गर्ने तथा समाजलाई बुझ्ने बनाउने दायित्व राज्यकै भएको हुँदा परिवर्तित सन्दर्भसँग मेल खानेगरी "राष्ट्रिय विकास सेवा" कार्यक्रमको माध्यमद्वारा विद्यार्थीहरूलाई मुलुकको वर्तमान अवस्था, चुनौती र सम्भावनासँग साक्षात्कार गराउनु अनिवार्य भएको हुँदा सोही प्रयोजनका लागि मुलुकका विभिन्न ठाउँमा आवश्यकताको आधारमा स्वयम्सेवकको रूपमा निश्चित अवधिका लागि खटाउने गरी नीति बनाएर तत्काल लागु गर्नुपर्ने ।

घ) नेपालमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्किँदै गइरहेको हुँदा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गरी विद्यालयको शैक्षिक गुणस्तर सुधारमा पुऱ्याएको योगदानको आधारमा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्नुपर्ने ।

ङ) हरेक नागरिकमा न्यूनतम वित्तीय ज्ञान आवश्यक पर्ने भएको हुँदा माध्यमिक तहको पाठ्यक्रममा वित्तीय साक्षरता तथा वित्तीय अपराधसम्बन्धी पाठ्यसामाग्री समावेश गरी लागु गर्नुपर्ने ।

च) शिक्षाको गुणस्तर वृद्धि तथा शिक्षामा सबैको पहुँच स्थापित गर्न शिक्षा क्षेत्रको बजेट वृद्धि गरी कुल बजेटको १७ प्रतिशत पुऱ्याउनुपर्ने ।

५.२.११ स्वास्थ्य

क) हामीले अवलम्बन गरेको खुला आर्थिक नीति अन्तर्गत निजी क्षेत्रलाई पनि स्वास्थ्य र शिक्षामा लगानी गर्न पाउने व्यवस्था गरिएको छ । यस व्यवस्थाले सरकार सधैं द्विविधामा पर्ने गरेको छ । अब राज्यले यो विषयमा पुनर्विचार गर्न जरुरी छ । कोभिड-१९ को महामारीको समयमा निजी स्वास्थ्य संस्थाहरूको भूमिकासमेतको आधारमा स्वास्थ्य र शिक्षामा निजी क्षेत्रको प्रवेशले सिर्जना गरेको अवस्थाको गम्भीर समीक्षा गर्न एक उच्चस्तरीय अध्ययन टोली निर्माण गर्नुपर्ने ।

ख) आधारभूत स्वास्थ्यको ज्ञान स्वस्थ जीवनका लागि सबैभन्दा महत्त्वपूर्ण भएको हुँदा आधारभूत स्वास्थ्यको विषयवस्तु विद्यालयको पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने ।

ग) मेडिकल शिक्षाको नाममा न्यूनतम पूर्वाधारको व्यवस्था नगरी कागजी प्रक्रियाका आधारमा निजी अस्पताल, मेडिकल कलेज, नर्सिङ कलेज खोल्ने प्रवृत्ति बढिरहेको हुँदा त्यसका लागि निश्चित मापदण्ड बनाएर त्यसको पूर्ण पालनालाई कडाइ गर्नुपर्ने ।

५.३ नीति अनुसन्धान प्रतिष्ठानले खेल्नुपर्ने भूमिकासम्बन्धी सुझाव

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको विद्वत् निकाय भएको हुँदा अध्ययन तथा अनुसन्धानका माध्यमबाट नेपाल सरकारलाई समयसापेक्ष सुझाव तथा नीति सिफारिस गर्नु यसको मुख्य दायित्व हो । त्यसकारण, आगामी दिनमा यस संस्थाले खेल्नुपर्ने भूमिका लगायतको सवालमा देहाय बमोजिम सुझाव पेस गरिएको छ ।

क) नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारका लागि अध्ययन र अनुसन्धान गर्ने विज्ञ सम्मिलित निकाय (Think Tank) हो । यसर्थ, यस संस्थाले वैज्ञानिकहरूले प्रयोगशालामा पटक-पटक परीक्षण गरी कुनै कुराको नतिजा सार्वजनिक गरेजस्तै विज्ञहरूबाट प्राप्त सुझावहरूउपर विषयविज्ञसँग थप बहस गरी तथ्यमा आधारित सुझाव तथा नीति सिफारिस कार्यान्वयनका लागि सरकारसमक्ष पेस गर्नु उपयुक्त हुनेछ ।

ख) मुलुकको प्रशासनिक क्षेत्रको सुधार र आर्थिक विकासका विषयमा संसारमै सम्भवत: धेरै अध्ययन तथा अनुसन्धान भई सुझावहरू प्राप्त भएका छन् । तर, सम्भवत: अनुभूति हुने गरी सुधारको सिफारिस कार्यान्वयन गर्न नसकिनेमध्येको क्षेत्र पनि प्रशासनिक र आर्थिक क्षेत्रनै हुनुपर्छ । के कारणले सुझावहरू कार्यान्वयन हुदैनन् भन्ने प्रश्नको उत्तर धैरै हुन सक्छन् । तर, एउटा महत्त्वपूर्ण कारण चाहिँ अपनत्व नै हो । तसर्थ, प्रतिष्ठानले विज्ञहरूबाट प्राप्त सुझाव उपर कार्यान्वयन गर्ने निकायकै पदाधिकारीहरूको बिचमा व्यापक छलफल चलाउनु वाञ्छनीय हुनेछ । उदाहरणका लागि, वि.सं. २०१३ मा तत्कालीन प्रधानमन्त्री टङ्क प्रसाद आचार्यको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने पदाधिकारीहरूकै सहभागितामा निर्मित भई कार्यान्वयन समेत गरिएको थियो ।

ग) सामान्यत: सार्वजनिक क्षेत्र सुधारका सुझावहरू तीन श्रेणीका प्राप्त हुने गरेका छन् । पहिलो, विज्ञको विज्ञता अनुसारको सुझाव; दोस्रो, सरकारले अपेक्षा गरेको सुझाव, तेस्रो, वास्तवमै मुलुक सुधारका लागि आवश्यक सुझाव । धेरै हदसम्म यस प्रतिवेदनका सुझावहरू पहिलो श्रेणी अन्तर्गत तयार भएका छन् । अपनत्वका लागि यसलाई कार्यान्वयन गर्ने निकायकै पदाधिकारीहरूको बिचमा घनीभूत छलफल चलाई सुझाव तयार गर्दा यो प्रतिवेदन दोस्रो श्रेणी अन्तर्गत रूपान्तरित हुनेछ । यदि यसलाई तेस्रो श्रेणीको प्रतिवेदनमा रूपान्तरण गर्ने हो भने प्रतिष्ठानले विज्ञ, सरोकारवाला लगायतको सुझाव सङ्कलन गरी प्राप्त सुझावलाई प्रतिष्ठानको तर्फबाट विश्लेषण गरी समेट्दै प्रतिष्ठानले आफ्नो गुणस्तर कायम राख्न सक्नु पर्दछ ।

घ) प्रतिष्ठानको घोषित कार्यक्षेत्रमध्येको एक स्वयम प्रधानमन्त्रीको प्रत्यक्ष निर्देशनमा रहेर काम गर्ने र अध्ययन प्रतिवेदनहरू प्रधानमन्त्रीलाई नै हस्तान्तरण गर्ने हो । यसर्थ, विज्ञको सुझाव प्रतिवेदन बुझाउने समारोहमा विज्ञ, सरोकारवालाहरू, कार्यान्वयन गर्ने पदाधिकारीहरूको बिचमा प्रतिष्ठानका आफ्ना मान्यताहरू प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरी बहस पैरवीसहित निचोड प्रधानमन्त्रीबाट कार्यान्वयनको प्रतिबद्धता हासिल गर्नसके त्यो सर्वाधिक ठुलो उपलब्धि हुनेछ ।

ङ) नेपालमा आवधिक योजना निर्माणको जिम्मेवारी राष्ट्रिय योजना आयोगले पाएको छ । त्यसैगरी, कार्यविभाजन नियमावली बमोजिम आ-आफ्नो क्षेत्रमा परेका कामको व्यवस्थित कार्यान्वयनका लागि सबै मन्त्रालयहरूबाट कार्ययोजना तयार हुने गरेको छ । यी दुई प्रकारका निकायबाट सम्पादन हुने काममा सहयोगी र परिवर्तन उन्मुख सोचको हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने गरी प्रतिष्ठानले सशक्त भूमिका खेल्नु श्रेयस्यकर हुनेछ ।

सन्दर्भग्रन्थ सूची

Clinton Foundation. (2013). Planning for one hundred years: Planting trees and educating children in Haiti. https://stories.clintonfoundation.org/planning-for-one-hundred-years-planting-trees-and-educating-children-in-haiti-736d80dedc0e

Department of Electricity Development. (n.d.). Survey License : Hydro (Less than 1MW) http://www.doed.gov.np/license/4

European ban on Nepali airlines stays as aviation safety question unaddressed. (2024, December 16). *The Kathmandu Post*. https://kathmandupost.co/money/2024/12/16/european-ban-on-nepali-airlines-stays-as-aviation-safety-question-unaddressed

Federation of Nepalese Chamber of Commerce and Industries. (2023). State of private sector in Nepal: Contribution and constraints. https://fncci.org/uploads/publication/file/Report_StatePSNepal_20230519064735.pdf

International Labor Organization. (2019). Labor force survey 2017. https://webapps.ilo.org/surveyLib/index.php/catalog/6848

International Labor Organization. (2020). Covid 19 labor market impact in Nepal. https://www.ilo.org/resource/brief/covid-19-labour-market-impact-nepal

International Labor Organization. (2021). ILO monitor: COVID-19 and the world of work (7th ed.). https://www.ilo.org/wcmsp5/groups/public/@dgreports/@dcomm/documents/briefingnote/wcms_767028.pdf

Ministry of Agriculture and Livestock Development. (2023). Statistical information on Nepalese agriculture 2078/79. https://moald.gov.np/content/39/statistical-information-on-nepalese-agriculture-2077-78--2020-21-/

Ministry of Culture, Tourism, and Civil Aviation. (2024). Nepal tourism statistics 2023. https://www.tourism.gov.np/files/1/Nepal%20Tourism%20Statistic_2023%20final.pdf

Ministry of Education, Science and Technology. (2017). Education in figures 2017 (At a glance). Government of Nepal.

Nepal Rastra Bank. (2021). Financial access in Nepal (Exploring the features of deposit accounts of A, B, C Class BFIs). https://www.nrb.org.np/contents/uploads/2021/08/Financial-Access-Report-2078.pdf

National Planning Commission. (2021). Multidimensional poverty index: Analysis towards actions. https://npc.gov.np/content/4490/4490-multidimensional-poverty-index/

Organization for Economic Cooperation and Development. (2023). Social security contribution.https://www.oecd.org/en/data/indicators/social-security-contributions.html

Pew Research Center. (2019, April 3). Remittance flows worldwide in 2017. https://www.pewresearch.org/global/feature/remittance-flows-by-country/

Prasain, S. (2019, July 28). Alarm bells are ringing as agro imports bill reaches Rs. 220 billion. *The Kathmandu Post*. https://kathmandupost.com/money/2019/07/28/alarm-bells-are-ringing-as-agro-imports-bill-reaches-rs220-billion

Prasain, S. (2020, July 27). Nepal's overall imports have gone down but agriculture import continues to expand, hitting record Rs 250 billion. *The Kathmandu Post*. https://kathmandupost.com/national/2020/07/27/nepal-s-overall-imports-have-gone-down-but-agriculture-import-continue-to-expand-hitting-record-rs-250-billion

Prasain, S. (2024, October 29). Kathmandu airport's reduced hours send airfares into orbit. *The Kathmandu Post*. https://kathmandupost.com/money/2024/10/29/kathmandu-airport-s-reduced-hours-send-airfares-into-orbit

Reuters. (2024, July 24). Mountainous Nepal's sad history of air crashes. https://www.reuters.com/world/asia-pacific/mountainous-nepals-sad-history-air-crashes-2024-07-24/

Santos, T. D. (1970, May (2027, Jestha)). The structure of dependence. *The American Economic Review, 60*(2). http://digamo.free.fr/dosantos70.pdf

Shrestha, S. K. (2020). Human resource management challenges in the hospitality industry: Insights from Nepal. *Nepalese Journal of Hospitality & Tourism Management, Vol I, No. 1*, 28-34. https://nepjol.info/index.php/njhtm/article/view/44401

World Development Indicators. (2023). World Bank. https://databank.worldbank.org/source/world-development-indicators

World Economic Forum. (2024). *Travel & tourism development index.* https://www.weforum.org/publications/travel-tourism-development-index-2024/

Water and Energy Commission Secretariat. (2011). Water resources of Nepal in the context of climate change. (R. S. Aryal, & G. Rajkarnikar, Eds.). Government of Nepal.

World Integrated Trade Solution. (2021). Nepal trade balance, exports and imports by country and region 2021. https://wits.worldbank.org/CountryProfile/en/Country/NPL/Year/2021/TradeFlow/EXPIMP

World Bank Group. (2016). Moving up the ladder: Poverty reduction and social mobility in Nepal. World Bank. http://hdl.handle.net/10986/25173

WorldData. (2023). Energy Consumption in Nepal. https://www.worlddata.info/asia/nepal/energy-consumption.php

अनलाइन खबर । (२०७५) । शिक्षा बजेट बढाउन अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिबद्धता । काठमाडौँ । https://www.onlinekhabar.com/2018/02/658006

अर्थ मन्त्रालय । (२०७८) । बजेट वक्तव्य २०७७/७८ । नेपाल सरकार । https://mof.gov.np/content/170/budget-statement-2077-78/

अर्थ मन्त्रालय । (२०७९) । बजेट वक्तव्य २०७८/७९ । नेपाल सरकार । https://mof.gov.np/content/169/budget-statement-2078-79/

अर्थ मन्त्रालय । (२०८१) । बजेट वक्तव्य । नेपाल सरकार । https://mof.gov.np/category/budget-speech/?page=1

अर्थ मन्त्रालय । (२०८०) । आर्थिक सर्वेक्षण २०७९/८० । नेपाल सरकार । https://mof.gov.np/content/95/economic-survey-2069-60/

कृषि विकास मन्त्रालय । (२०७३) । कृषि विकास रणनीति २०१५-२०३५, भाग १ । नेपाल सरकार । https://moald.gov.np/content/6/agricultural-development-strategy-2015-2035/

नेपाल राष्ट्र बैंक । (२०८०) । वार्षिक प्रतिवेदन २०७९/८० । https://www.nrb.org.np/category/annual-reports/?department=red

नेपालप्रेस । (२०८०, भदौ १) । विद्युत् प्राधिकरणको उत्पादन क्षमता २६ सय ८४ मेगावाट पुग्यो । https://www.nepalpress.com/2023/08/18/363679/

न्यौपाने, हरि शर्मा र उप्रेती, विष्णुराज । (सम्पादन) । (२०७८) । नेपालको आर्थिक विकास नीतिका सन्दर्भमा विभिन्न मुलुकका आर्थिक नीति तथा आवधिक योजनाका अनुभव र बजेट तर्जुमा प्रक्रियाको सिंहावलोकन । नीति अनुसन्धान प्रतिष्ठान । https://kms.pri.gov.np/dams/pages/view.php?ref=11080&k=f1b8b9f175

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । (२०८०) । नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१ । https://tinyurl.com/5n6p52tv

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय । (२०७९) । वार्षिक प्रगति प्रतिवेदन २०७८/७९ । https://molcpa.gov.np/content/67/annual-progress-putika-208-4/

राष्ट्रिय तथ्याङ्क कार्यालय । (२०६८) । राष्ट्रिय कृषि गणना । https://nsonepal.gov.np/content/7485/7485-national-sample-census-of-agri/

राष्ट्रिय तथ्याङ्क कार्यालय । (२०७८) । राष्ट्रिय कृषि गणना । https://agricensusnepal.gov.np/upload_file/files/post/1694250757_1312300734_National%20Sample%20Census%20of%20Agriculture%202021_22%20(National%20Report).indd.pdf

राष्ट्रिय योजना आयोग । (२०७६) । पन्ध्रौं योजना । https://npc.gov.np/content/4550/4550-15th-plan-fy-207677-208081/

राष्ट्रिय योजना आयोग । (२०८१) । सोह्रौं योजना । https://npc.gov.np/content/6461/sixteen-plan--fy-fy-fy-fythting-2081-81-8285-85-86-/

वाणिज्य तथा आपूर्ति मन्त्रालय । (२०६९) । विश्व व्यापार संगठन र नेपाल । https://nepalindata.com/media/resources/bulkuploaded/Bishwa_Byapar_Sangathan_Nepal_2069_nep_may_17.pdf

विश्वकर्मा, झम कुमार । (२०७८) । नेपालमा सामाजिक स्वास्थ्य बीमा परित्यागसँग सम्बन्धित कारणहरू । नीति अनुसन्धान प्रतिष्ठान । https://kms.pri.gov.np/dams/pages/view.php?ref=9905&k=ec11341a00

सडक विभाग । (२०७८) । राष्ट्रिय राजमार्ग तथ्याङ्क २०७७/७८ । https://dor.gov.np/home/page/yearly-progress-reports-fy-2077-78

सडक विभाग । (२०८०) । वार्षिक प्रगति प्रतिवेदन २०७९/८० । https://dor.gov.np/home/page/yearly-progress-report-fy-2079-80

स्थानीय पूर्वाधार विभाग । (२०८०) । प्रगति विवरण । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय । https://mohp.gov.np/program/medical-treatment-of-deprived-citizens/np

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय । (२०७५) । विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७५ । https://mofaga.gov.np/detail/1441

स्वास्थ्य बीमा बोर्ड । (२०७८) । स्वास्थ्य बीमा लागु भएका जिल्लाहरूको विवरण । नेपाल सरकार । https://hib.gov.np/en/detail/b-le-ll

नीति अनुसन्धान प्रतिष्ठान

POLICY RESEARCH INSTITUTE

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार लगायत विभिन्न क्षेत्रका विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न गठन गरिएको विशिष्ट प्रकृतिको विज्ञ संस्था हो ।

नीतिसम्बन्धी अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो । यसले विश्वविद्यालय र अनुसन्धान गर्ने संघ-संस्था लगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू नेपाल सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्दछ । गुणस्तरीयता, वस्तुपरकता, सत्यनिष्ठा, विविधता, पारदर्शिता, जबाफदेहिता र सहभागिता प्रतिष्ठानका मूल मान्यताहरू हुन् ।

ज्ञान व्यवस्थापन नीति अनुसन्धान प्रतिष्ठानको एक महत्त्वपूर्ण पक्ष रहँदै आएको छ, जस अन्तर्गत नीति अनुसन्धानसम्बन्धी विषयमा छलफल तथा सिकाइको आदानप्रदान गर्ने संयन्त्र - सार्वजनिक नीति संवाद - सञ्चालन हुँदै आएको छ । नीति निर्माणका सन्दर्भमा तीन किसिमका ज्ञान - क) अनुसन्धान र विश्लेषण मार्फत प्राप्त वैज्ञानिक ज्ञान, ख) निजामती सेवाको अनुभवबाट प्राप्त प्रशासनिक ज्ञान र ग) आम नागरिकका अनुभव र सञ्चारमाध्यम लगायत सामाजिक तथा राजनीतिक प्रक्रियाबाट प्राप्त सामुदायिक ज्ञान - आवश्यक हुन्छ भन्ने विश्वासमा आधारित भई प्रतिष्ठानले नीति अनुसन्धान गर्दै आएको छ ।

9 789937 991117